annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११४, पृष्ठ ८ | काठमाडौं, शनिबार ६ भदौ २०८३ | श्रावण शुक्लपक्ष दशमी नेपाल संवत् ११४६ | SATURDAY, AUGUST 22, 2026 | मूल्य : रु. १०

## दुर्गालाई किन बारम्बार दु:ख ?



सधैं सडक, सभा र सार्वजनिक गतिविधिमा देखिने दुर्गा प्रसाईं अहिले आफ्नै घरभित्र सीमित छन् । घरबाहिर प्रहरीको पहरा छ । पक्राउ र खानतलासीको भयबीच उनको दैनिकी चलिरहेको छ ।

पटक पटक जेल लगिएका प्रसाईं पछिल्लो समय भने आफ्नै भक्तपुरस्थित निवासमा प्रहरी घेरा र नजरबन्दमा छन् । भदौ १ गतेदेखि उनको घरको गेटमा चौबिसैघण्टा प्रहरी तैनाथ गरिएको छ ।

क्यान्सरजस्तो गम्भीर स्वास्थ्य अवस्था र बारम्बारको प्रहरी हिरासत तथा घर खानतलासीका बाबजुद पनि पछि नहट्ने हठी स्वभावका कारण उनी सार्वजनिक बहसमै सीमित हुन पुगेका छन् ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## बल्झिरहने बञ्चरेडाँडा

### ललितपुरका मेयर महर्जनले भने- हु द हेल, यस्तो पनि हुन्छ ?



**किरण अधिकारी** | *काठमाडौं*

सञ्चारमन्त्री विक्रम तिमिल्सेनाले बञ्चरेडाँडा फोहोर व्यवस्थापनबारे शुक्रबार मन्त्रालयमा बैठक बोलाएका थिए। उपत्यकाका स्थानीय तहका मेयरहरूसहित सत्तासीन रास्वपा सांसद आशिका तामाङ बैठकमा उपस्थित थिइन्। बञ्चरेडाँडा क्षेत्र तामाङको निर्वाचन क्षेत्र धादिङ- १ अन्तर्गत पर्छ। बैठकको प्रारम्भमै निकै आक्रोशित मुद्रामा प्रस्तुत भएकी तामाङ र मेयरहरूबीच चर्काचर्की पर्‍यो। उपत्यकाका सबै स्थानीय तहका मेयर बैठकमा उपस्थित नभएको भन्दै उनी एक्कासि आक्रोशित रूपमा प्रस्तुत भइन्।

ललितपुर महानगरका मेयर चिरीबाबु महर्जनले सम्झाउन खोज्दा उल्टै सांसद तामाङ थप आक्रोशित बनिन्। बैठक छोडेर हिँडिन्। सांसद तामाङ कराउन थालेपछि मेयर महर्जनले भने, 'त्यत्तिकै बेस्सरी कराएर हुन्छ ? मेयर साबलाई कराएर हुन्छ ?' सांसद तामाङ थप आक्रोशित बनिन्- 'आउनुपर्‍यो नि।' मेयर महर्जनले जवाफ दिए- 'आउँदै हुनुहुन्छ।' सांसद तामाङ रिसले झन् आगो भइन्। 'बञ्चरेडाँडाका मान्छे होइनन् ?' ठूल्ठूलो स्वरमा चिच्याउँदै सांसद तामाङले भनिन्- 'भोलिदेखि बञ्चरेडाँडामा फोहोर फाल्न दिन्नँ।'

झोला बोकेर फत्फताउँदै सांसद तामाङ बैठकबाट बाहिरिइन्। उनको हर्कतका कारण बैठकको माहोल नै बिग्रियो। उपत्यकाको फोहोर व्यवस्थापनबारेको बैठकको वातावरण तनावपूर्ण बन्यो। सांसद तामाङलाई शान्त भएर बैठकमा बस्न सञ्चारमन्त्री तिमिल्सेनालगायतका सहभागीहरूले आग्रह गरे पनि उनी कसैको कुरा सुन्न तयार भइनन्। झोला बोकेर बाहिरिइन्। संसद् बैठकमा समेत आक्रोशित मुद्रामा देखिने गरेकी सांसद तामाङको व्यवहारप्रति सर्वत्र आलोचना भइरहेको छ।

सांसद तामाङ रन्थनिँदै बैठक छोडेकोमा मेयरहरूले सञ्चारमन्त्री तिमिल्सेनासँग चित्त दुखाएका थिए। 'म ललितपुरको मेयर र उपत्यका मेयर फोरमको अध्यक्ष भएका नाताले र हाम्रो पनि ठूलो टाउको दुखाइ फोहोर व्यवस्थापन भएकाले यसको समाधानका लागि चारवटा मिटिङ क्यान्सिल गरेर आउँदै छु,' मेयर महर्जनले भने, 'अनि, उहाँ माननीयले हामीलाई गाली गर्न पाइन्छ ? हु द हेल, यस्तो पनि हुन्छ ? यस्तो हुँदैन।'

राज्यसत्तामा आफ्नो लामो अनुभव भएको उल्लेख गर्दै मेयर महर्जनले भने, 'तपाईंहरूको पाँच वर्षको अनुभव, मेरो १० वर्षको अनुभव। उहाँ (सांसद तामाङ) ले जे बोल्नुभयो, त्यसलाई माफी। तर एउटा कुरा मैले मन्त्रीज्यूलाई भन्न चाहें, यो बैठक तपाईंको सभापतित्वमा हुँदैछ। के हाम्रो मानमर्दन गरिपाऊँ भनेर आएका हौं ? प्लिज स्टप इट।' यस्तो बैठक मर्यादित र संयमित हुनुपर्ने उनले बताए। 'यस्तो बैठकमा सभापतित्व गर्नेले कन्ट्रोल गर्ने हिम्मत गर्नुपर्छ,' उनले भने, 'अर्को पटक बैठक हुँदा बैठक चाहिँ कन्ट्रोल गर्नुहोस् मन्त्रीज्यू।' सांसद तामाङको व्यवहार र कार्यशैलीप्रति काठमाडौं महानगरकी कार्यवाहक मेयर सुनिता डंगोलले पनि असन्तुष्टि जनाइन्। 'बैठकमा आफ्नो भनाइ राख्ने र अर्को वक्ताले आफूले जस्तो बोलेन भने चित्त बुझेन भनेर 'डिसरेस्पेक्ट' गर्न पाइँदैन,' डंगोलले भनिन्, 'समस्याको समाधान खोज्नेतिर लाग्नुपर्छ। रिसाउने, चर्केर जाने, जथाभाबी बोल्ने गर्न पाइँदैन।'

बैठकमा ललितपुरका मेयर महर्जनले 'माफी' दिएको भनेर भाषण गरेको भन्दै सांसद तामाङले सामाजिक सञ्जालमा आक्रोश पोखेकी छिन्। 'मेयर चिरीबाबुज्यूले मलाई 'माफ' दिए रे! मैले तपाईंसँग माफी मागेकै छैन,' तामाङले सामाजिक सञ्जालमा लेखेकी छिन्- 'आफ्नो ठाउँ सफा चिटिक्क पार्ने, फोहोर जति धादिङमा लगेर खन्याउने! अनि तपाईंसँग माफी मैले लिनुपर्ने ? लाज, सरम भन्ने शब्द पनि होला नि! बरु तपाईंहरूले यत्रो वर्षसम्म त्यहाँका जनतामाथि गर्नुभएको स्वच्छ सास फेर्ने अधिकार हनन् गर्नुभएकोमा 'माफी' माग्नुहोस्!'

» बाँकी पृष्ठ ६

### भित्री पृष्ठ



फूलको आँखामा सिंगो संसार - पृष्ठ ३



जसलाई मैले पछ्याएँ ! - पृष्ठ ४



रामकोटमा भेटिएका सीताहरू - पृष्ठ ५

## बार-बेन्च टकरावबीच सम्पत्ति आयोगको मुद्दा

**शिवप्रसाद ढुंगाना** | *काठमाडौं*

सरकारका निर्णयमाथि कानुनी परीक्षण गर्दै आएको सर्वोच्च अदालतमा महत्त्वपूर्ण कार्यक्रमसँग जोडिएको मुद्दा प्रशासनिक टिप्पणीका आधारमा संवैधानिक इजलासमा सारिएपछि न्यायिक प्रक्रियामाथि प्रश्न उठेको छ।



**डा. मनोजकुमार शर्मा**
प्रधानन्यायाधीश



**विजयप्रसाद मिश्र**
बार अध्यक्ष

सरकारद्वारा गठित सम्पत्ति जाँचबुझ आयोगविरुद्ध परेका रिटलाई संयुक्त इजलासले पूर्ण इजलासमा पठाइसकेको थियो। तर, त्यहाँ सुनुवाइ हुनुअघि नै प्रशासनिक टिप्पणीमार्फत संवैधानिक इजलासमा सारिएपछि नेपाल बार एसोसिएसनले कडा आपत्ति जनाएको छ। बारले यो प्रक्रियालाई 'नियन्त्रित न्यायपालिकाको खतरा' का रूपमा औंल्याएको छ।

गत असार २६ गते न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले आयोगका काम रोक्न अन्तरिम आदेश दिँदै गम्भीर संवैधानिक प्रश्न रहेको भन्दै मुद्दा पूर्ण इजलासमा पठाएको थियो। तर, साउन २० गते सर्वोच्च प्रशासनको टिप्पणीका आधारमा प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले ६ वटा रिट संवैधानिक इजलासमा पठाउने निर्णय गरे।

नेपाल बार एसोसिएसनका महासचिव वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले सरकारद्वारा गठित सम्पत्ति जाँचबुझ आयोगविरुद्ध परेका रिट टिप्पणी आदेशका आधारमा संवैधानिक इजलासमा सारिएको सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताए। उनका अनुसार खुला इजलाससमक्ष विचाराधीन मुद्दा पेसीका दिन बहस र छलफलबाट कुन इजलासमा पठाउने वा नपठाउने भन्ने विषय टुंगो लगाउने परम्परा र अभ्यास रहँदै आएको छ।

विवाद अधिकारको प्रयोगमा भन्दा त्यो अधिकार कुन प्रक्रियाबाट प्रयोग गरियो भन्नेमा छ। पूर्ण इजलासमा पठाइसकेको मुद्दा सुनुवाइअघि नै प्रशासनिक टिप्पणीमार्फत अर्को इजलासमा सारिनुलाई कानुनविद्हरूले अस्वाभाविक मानेका छन्।

**सरकारका निर्णयमा न्यायिक ब्रेक**

आयोगको मुद्दामा उठेको प्रश्नलाई सरकारका निर्णयमाथि अदालतले गरेको निरन्तरको न्यायिक परीक्षणसँग जोडेर पनि हेरिएको छ। निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन खारेजी, सुकुम्बासी विस्थापन, निजी मिडियालाई विज्ञापन नदिने निर्णय, र नेपाल वायुसेवा निगमको सञ्चालक समिति नियुक्तिजस्ता निर्णयलाई अदालतले रोकेको छ।

संवैधानिक कानुनका विज्ञ वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईका अनुसार अदालतले सरकारको नियत परीक्षण गर्नेभन्दा पनि विधि, कानुन र प्रक्रिया परीक्षण गर्ने हो।

» बाँकी पृष्ठ ६

## बालेन समूहका लागि पद 'होल्ड', लामिछानेको वर्चस्व

### रास्वपा मनोनयन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समितिमा थप पदाधिकारी तथा सदस्य मनोनयन गर्दा प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'लाई तत्काल समेटेको छैन। शुक्रबारको केन्द्रीय समिति बैठकले ६ जना पदाधिकारी मनोनयन गरे पनि उनीहरू सबै सभापति रवि लामिछाने समूहका छन्। वरिष्ठ नेता एवं प्रधानमन्त्री शाह समूहका लागि एक उपसभापति, एक महामन्त्रीसहित पाँच पदाधिकारीको स्थान भने 'होल्ड'मा राखिएको छ। शाह समूहमा कसलाई कुन जिम्मेवारी दिने भन्ने विषयमा सहमति जुट्न नसक्दा पदाधिकारी विस्तार अझै अधुरो रहेको छ।

गत फागुन २१ को निर्वाचनमा समायोजन भएर रास्वपामा आएको शाह समूहबाट हालसम्म उनीसहित दुई जनामात्रै पदाधिकारी छन्। निर्वाचित पदाधिकारीमा सहमहामन्त्रीमा असीम शाह बालेन समूहका हुन्। अघिल्लो बैठकले शाहलाई वरिष्ठ उपाध्यक्षमा मनोनीत गरेको थियो। सभापतिसहित १९ सदस्यीय पदाधिकारीमा हाल दुई जनामात्रै शाह समूहका छन्। शुक्रबारको केन्द्रीय समितिको बैठकले पुरुषोत्तम यादवलाई सहमहामन्त्रीमा चयन गरेको छ। उनी जेन–जी आन्दोलनबाट उदाएका हुन्। गत भदौ २३ र २४ गतेको आन्दोलनका लागि जिल्ला प्रशासन कार्यालयसँग अनुमति माग्नेमध्येका एक जेन–जी अगुवा हुन्, यादव। आन्दोलनपछि रास्वपामा लागेका यादव गत फागुन २१ को निर्वाचनमा समानुपातिकबाट सांसद बनेका हुन्।



**पुरुषोत्तम यादव**
सहमहामन्त्री



**डा. मनोहर प्रधान**
कोषाध्यक्ष



**सुधन गुरुङ**
केन्द्रीय सदस्य



**सुनील लम्साल**
केन्द्रीय सदस्य



**प्रतिभा रावल**
केन्द्रीय सदस्य



**भूपदेव शाह**
केन्द्रीय सदस्य



**प्रमोद न्यौपाने**
संगठन विभाग प्रमुख



**जगदीश खरेल**
प्रवक्ता

प्रवक्तामा जगदीश खरेल मनोनीत भएका छन्। पूर्वसञ्चारमन्त्री खरेल ललितपुर-२ बाट निर्वाचित सांसद हुन्। खरेल सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा सञ्चारमन्त्री थिए। कोषाध्यक्षमा डा. मनोहर प्रधान मनोनीत भएका छन्। कोषाध्यक्ष मनोनीत भएका प्रधान पेसाले चिकित्सक हुन्। उनी रास्वपाको समानुपातिक सूचीमा पनि थिए। चितवनका प्रधान रास्वपा स्थापनाकालदेखि नै पार्टी निर्माणमा सक्रिय रहँदै आएका छन्।

त्यस्तै, सहप्रवक्तामा दाङका सुरेन्द्र चौधरी र नमिता यादवलाई मनोनयन गरिएको छ। सहकोषाध्यक्षमा बसुमाया तामाङलाई मनोनीत गरिएको छ। वरिष्ठ नेता १, उपसभापति १, महामन्त्री १, प्रवक्ता १, सहप्रवक्ता ३, कोषाध्यक्ष १ र सहकोषाध्यक्ष २ गरी १२ जना पदाधिकारी मनोनीत गर्ने व्यवस्था छ। सभापति १, उपसभापति २, महामन्त्री १, सहमहामन्त्री ३ गरी ७ जना पदाधिकारी महाधिवेशनबाट निर्वाचित भइसकेका छन्।

» बाँकी पृष्ठ ६

# प्रहरी घेरामा खुम्चिएको दुर्गाको दैनिकी

**दिनेश गौतम** | *काठमाडौं*



सखारै घरबाट निस्कने दुर्गाप्रसाद प्रसाईंको दैनिकी फेरिएको छ। कहिले चाँगुनारायण, कहिले डोलेश्वर त कहिले सूर्यविनायक आसपासमा पैदल हिँडिरहेका भेटिने उनी अचेल नजरबन्दमा छन्। यसको कारण हो- 'सुरक्षा'।

दिउँसो मिटिङ भन्दै व्यक्तिगत सुरक्षाकर्मीसाथ बाहिर निस्कने प्रसाईं आफ्नै घरको घेराभित्र छन्। घरको गेटमा नेपाल प्रहरी तैनाथ छन्। घरवरिपरि पनि प्रहरीको चौबिसैघण्टा निगरानी रहेको उनको सचिवालयको दाबी छ। 'भदौ १ गतेदेखि घरको गेटमा प्रहरी तैनाथ छन्,' प्रसाईंको सचिवालयमा कार्यरत सन्दीप धिमाल भन्छन्, 'घरवरिपरि चौबिसैघण्टा प्रहरी घुमेको घुम्यै हुन्छन्। यस्तो परिस्थितिमा दुर्गा सर कसरी बाहिर निस्कनु?'

प्रसाईं मेडिकल व्यवसायी हुन्। उनी राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालका संयोजक पनि हुन्। जिब्रोको क्यान्सरसँग जुधिरहेका उनी नियमित औषधि सेवन गर्छन्। नजिकबाट चिन्नेहरू उनलाई हठी स्वभावका व्यक्ति भएको बताउँछन्। उनी स्वयं पनि आफूलाई दबाब र प्रतिकूल परिस्थितिमा पछि नहट्ने व्यक्तिका रूपमा प्रस्तुत गर्छन्।

### खानतलासी र पक्राउ भएको भयै

प्रसाईंका लागि प्रहरी निगरानी, घर खानतलासी र पटक-पटकको हिरासतको अनुभव नयाँ होइन। २०६२ मा भक्तपुरमा घर बनाएयता प्रसाईंको निवासमा पटक-पटक खानतलासी भएको छ। उनी पक्राउ पर्ने शृंखला पनि चलिरहेको छ। बिहीबार दिउँसो करिब ३ बजेदेखि साँझ ८ बजेसम्म उनको घरमा प्रहरीले खानतलासी गरेको सचिवालयका धिमाल बताउँछन्। 'पाँच-छ घण्टा जति के पो गर्ने हुन् भन्ने भयो। आतंकित भइयो', उनी भन्छन्।

धिमालका अनुसार प्रहरी घर खानतलासी गर्न आउँदा प्रसाईं स्वयं वा सचिवालयका सदस्यले भक्तपुरका प्रमुख जिल्ला अधिकारी र प्रहरी अधिकृतसँग घटनाबारे सोधपुछ गर्ने गरेका छन्। तर, उनीहरूले प्राय: एउटै जवाफ पाउने गरेका छन्, 'दुर्गाजी, घरबाट बाहिर ननिस्कनुस्। पछि आफैं बुझिहाल्नुहुन्छ।'

त्यसपछि प्रसाईं र उनका सचिवालयका सदस्य झन् अन्योलमा पर्छन्। 'के बुझ्ने हो? कहिले बुझ्ने हो? कसरी बुझ्ने हो?' धिमाल हाँस्दै भन्छन्, 'सीडीओ र प्रहरी अधिकृतको कुरा, भाषा र बोली नै बेग्लै हुन्छ। हामी सबै अलमलमा पर्ने गर्छौं।' घरमा प्रहरी तैनाथ गरिएको विषयमा भक्तपुर र काठमाडौंका विभिन्न प्रहरी निकायमा सम्पर्क गर्दा प्रहरी परिचालन नै नगरिएको जवाफ आउने गरेको पनि धिमालको दाबी छ। तर, प्रहरीका हबल्दार र जवान घरअघिको गेटमा उभिएर निगरानी गर्न नछोडेको उनी बताउँछन्।

बिहीबारको खानतलासीमा प्रहरी घरका कोठाचोटामा पुगे। प्रसाईं, उनका बडीगार्ड दीपक खड्का र रक्षा पौडेलका मोबाइल तथा ल्यापटप प्रहरीले लिएर गएको सचिवालयको दाबी छ। सीसीटीभी क्यामराको स्टोरेजसमेत प्रहरीले लगेको उनीहरू बताउँछन्। 'प्रहरीले करिब पाँच घण्टा खानतलासी गर्दा दराज, बेड सबै भताभुंग नै पाऱ्यो,' धिमाल भन्छन्, 'घरको गेटबाहिर प्रहरी बसिरहँदा ठूलै अपराध गरेर भित्र बसिएको पो छ कि भन्ने महसुस हुँदो रहेछ।'

### प्रहरी लजाउँछ, प्रसाईं हाँस्छन्

प्रसाईं र प्रहरीबीचको सम्बन्ध लामो समयदेखि टकरावपूर्ण रहँदै आएको छ। २०५७ सालमा माओवादी सशस्त्र गतिविधिमा संलग्न रहेको भन्दै प्रहरीले उनको खोजतलास गरेको थियो। सशस्त्र द्वन्द्वका क्रममा पनि उनले प्रहरीबाट यातना पाएको बताउँदै आएका छन्।

माओवादी शान्ति प्रक्रियामा आएर खुला राजनीतिमा प्रवेश गरेको केही वर्षपछि प्रसाईं नेकपा एमालेमा प्रवेश गरे। उनी एमालेको केन्द्रीय सदस्यसमेत भए। तत्कालीन नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भक्तपुरस्थित आफ्नै निवासमा जुम्लाको मार्सी चामलको भात खुवाएपछि उनी राष्ट्रिय राजनीतिमा एकाएक चर्चाको केन्द्रमा आए। त्यसपछि उनको राजनीतिक यात्रा र अभिव्यक्तिहरू झन् विवाद र चर्चाको विषय बन्दै गए। मेडिकल कजेज सम्बन्धनको विषयलाई लिएर उनको र डा. गोविन्द केसीबीच चलेको सार्वजनिक वाकयुद्ध पनि लामो समय चर्चामा रह्यो।

प्रसाईं जे बोल्छन् वा जसरी प्रस्तुत हुन्छन्, त्यसले प्राय: सार्वजनिक बहस जन्माउँछ। चर्चा होस् वा दुर्नाम तर गुमनाम हुन नचाहने उनको स्वभावले उनलाई बारम्बार विवादित बनाइरहेको छ।

प्रहरीले पक्राउ गरेपछि उनका पक्षमा कानुन व्यवसायीहरू अदालत पुग्छन्। जिल्ला अदालतदेखि उच्च हुँदै सर्वोच्च अदालतसम्म उनको पक्षबाट मुद्दामा बहस-पैरवी हुँदै आएको छ। 'उत्पीडनमा परेका सर्वहारा, भुइँमान्छेहरूको आवाज बोल्दा जहिल्यै पीडा खप्नुपर्ने त होइन होला नि?' प्रसाईं भन्छन्, 'कहिले घर खानतलासी त कहिले प्रहरी हिरासतमा पुग्नु परिरहेको छ।'

पक्राउ गर्न आउने प्रहरीको व्यवहारलाई पनि उनी आफ्नै शैलीमा व्याख्या गर्छन्। 'पक्राउ गर्न आउने प्रहरीहरू समेत हाँस्छन्। मलाई लाज लाग्छ। कहिले म हाँस्छु, प्रहरी नै लजाउँछन्,' उनी भन्छन्।

### क्यान्सरमाथि हिरासतको दुःख

प्रसाईंको राजनीतिक र व्यावसायिक जीवनसँगै उनको स्वास्थ्यको कथा पनि जोडिएको छ। उनी जिब्रोको क्यान्सरसँग लडिसकेका छन्।

२०७२ सालमै क्यान्सरको आशंका देखिएको थियो। २०७३ सालमा परीक्षणपछि जिब्रोको क्यान्सर पुष्टि भयो। त्यही वर्ष भारतको मेदान्त अस्पतालमा उनको जिब्रोको शल्यक्रिया भयो। क्यान्सरसँगको लडाइँपछि भने उनको मनमा एउटा अर्को योजना पलायो- नेपालमै क्यान्सरको उपचार गर्न सकिने अस्पताल बनाउने। त्यसको परिणामका रूपमा झापाको बिर्तामोडमा पूर्वाञ्चल क्यान्सर अस्पताल स्थापना भयो। अहिले पनि उनी नियमित औषधि सेवन गरिरहेका छन्। क्यान्सरबाट क्रमश: निको हुँदै गएको जिब्रो चलाउँदै उनी राजनीतिक अभिव्यक्ति र गतिविधिमा सक्रिय रहँदै आएका छन्। तर, पछिल्लो समय ती गतिविधि प्रहरी निगरानी र पक्राउको सिलसिलासँग गाँसिएको उनी स्वीकार्छन्।

झापाको बिर्तामोडस्थित बी एन्ड सी मेडिकल कलेज तथा पूर्वाञ्चल क्यान्सर अस्पतालका संस्थापक सञ्चालक प्रसाईं अहिले अर्को व्यावसायिक परियोजनाका रूपमा फाइभ स्टार होटलसमेत निर्माण गरिरहेका छन्। आफ्ना व्यावसायिक जिम्मेवारी भने उनले छोरा, छोरी र बुहारीको जिम्मामा सुम्पिएको उनी बताउँछन्। '८ कक्षामात्र पढेको छु। क्यान्सरको बिरामी हुँ। औषधि सेवन गरिरहनुपर्छ,' प्रसाईं भन्छन्, 'एमबीबीएस, एमडी, एमएस गरेका डाक्टरदेखि सर्वसाधारणसम्म गरी पाँच हजार जनालाई जागिर दिएको छु। मैले नपढेर के भयो र? मेरा छोराछोरी र बुहारी डाक्टर छन्। क्यान्सर अस्पताल चलाएका छन्।'

घरमा हुने खानतलासी र आफू पक्राउ पर्ने घटनाले परिवारलाई पनि दुःखी बनाउने गरेको उनी बताउँछन्। 'घर खानतलासी गरिरहने र मलाई पक्राउ गरिरहेको देखेर छोराछोरी दुःख मान्छन्,' प्रसाईं भन्छन्।

एकातिर क्यान्सरविरुद्धको लडाइँ, अर्कोतिर प्रहरीको निगरानी र पक्राउको सिलसिला। सार्वजनिक जीवनमा सधैं विवादको केन्द्रमा रहने प्रसाईंका लागि पछिल्लो समय राजनीतिक गतिविधिभन्दा आफ्नै घरको गेटबाहिर उभिएको प्रहरी बढी निर्णायक बनेको छ। बाहिर निस्कन खोज्दा सुरक्षा, घरमै बस्दा निगरानी र प्रहरी आएपछि खानतलासी। प्रसाईंको पछिल्लो दैनिकी यिनै तीन शब्दवरिपरि घुमिरहेको छ। चर्चा र विवादबाट कहिल्यै टाढा नरहेका उनी अहिले भने आफ्नै घरभित्र सीमित छन्।

'प्रहरीहरू बिहीबार पक्राउ पुर्जीका लागि भक्तपुर जिल्ला अदालतमा गएका रहेछन्। पक्राउ पुर्जी नदिएपछि दुःख दिन घर आए। खानतलासी गरे। मेरो र स्टाफको समेत गरेर पाँचवटा मोबाइल, सीसी क्यामराको रेकर्डर र पढ्ने विद्यार्थीको कम्प्युटर लिए,' प्रसाईंले अन्नपूर्णसँग भने, 'असार २९ गतेदेखि लगातार प्रहरीले घरमा धर्ना दिइरहेको छ। यो त अत्ति भयो। मेरी श्रीमतीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी छन्।'



८ कक्षा मात्र पढेको छु। क्यान्सरको बिरामी हुँ। औषधि सेवन गरिरहनुपर्छ। एमबीबीएस, एमडी, एमएस गरेका डाक्टरदेखि सर्वसाधारणसम्म गरी पाँच हजार जनालाई जागिर दिएको छु। मैले नपढेर के भयो र? मेरा छोराछोरी र बुहारी डाक्टर छन्। क्यान्सर अस्पताल चलाएका छन्।

●●●

प्रहरीहरू बिहीबार पक्राउ पुर्जीका लागि भक्तपुर जिल्ला अदालतमा गएका रहेछन्। पक्राउ पुर्जी नदिएपछि दुःख दिन घर आए। खानतलासी गरे। मेरो र स्टाफको समेत गरेर पाँचवटा मोबाइल, सीसी क्यामराको रेकर्डर र पढ्ने विद्यार्थीको कम्प्युटर लिए।

## 'ममाथि अनुसन्धान होइन, प्रतिशोध भइरहेको छ'

**तपाईंले प्रहरीलाई दुःख दिइरहनुभएको हो कि प्रहरीले तपाईंलाई दुःख दिइरहेको छ?**

मैले के दुःख दिनु र? प्रहरीले मलाई दुःख दिएको दियै छ। नजरबन्दमा राखेको छ।

**अहिले पनि घरमै प्रहरीको निगरानी छ?**

छ नि। असार २९ गते बेलुकादेखि घरवरपर प्रहरीको निगरानी छ।

**किन निगरानी भइरहेको छ?**

अहिले सडकको प्रतिपक्ष भनेको दुर्गा प्रसाईं हो। सरकारका विभिन्न गोप्य गतिविधि र कुराहरू बाहिर निकाल्ने म नै हुँ। त्यही भएर ममाथि निगरानी भइरहेको होला, सायद।

**हिजो (बिहीबार) दिउँसो प्रहरीबाट घर खानतलासी भएको हो?**

दिउँसो ३ बजे अचानक प्रहरीहरू आए। जिल्ला प्रहरी परिसर भक्तपुरबाट आएका रहेछन्। झन्डै ३० वटा गाडीमा प्रहरी आए। सिधै आएर घर खानतलासी गरे। दिउँसो ३ बजेदेखि झन्डै ८ बजेसम्म खानतलासी गरे। राति साढे ८ बजेतिर निस्केका हुन्। मेरो मोबाइल लगेका छन्। मेरा स्टाफका पाँच वटा मोबाइल लिएर गए। सीसी क्यामराको रेकर्डर र पढ्ने विद्यार्थीको कम्प्युटर पनि लिएर गए।

**खानतलासी गर्नुअघि कुनै पत्र दिइएको थियो?**

सार्वजनिक शान्तिविरुद्धको कसुर, सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पुऱ्याउने कसुर तथा विद्युतीय कारोबार ऐनविरुद्धको कसुरको अनुसन्धानका क्रममा सम्बन्धित कुनै वस्तु वा सामग्री घर, कोठा वा शरीरमा लुकाइएको हुन सक्ने भन्दै खानतलासी गर्ने पत्र दिइएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम घर, कोठा तथा शरीर खानतलासी गर्न अनुमति मागिएको उल्लेख छ। उक्त पत्रमा भक्तपुर प्रहरी परिसरका अनुसन्धान अधिकृत प्रहरी निरीक्षक स्वरूप शर्माको नाम छ।

**तपाईंको नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानमा आबद्ध सदस्यहरूले सरकारी टोलीसँग सिंहदरबारमा वार्ता पनि गरेका थिए। वार्ता के भइरहेको छ?**

हिजो सिंहदरबारमा वार्ता भएको हो। सरकारले गठन गरेको चारजना सहसचिवसहितको टोलीसँग वार्ता भएको हो। हाम्रो वार्ता टोलीले दुर्गा प्रसाईंलाई पहिला प्रहरीको नजरबन्दबाट बाहिर राख्न माग गऱ्यो। त्यसपछि वार्ता अघि बढ्न सकेन। अनि, दुःख दिनका लागि प्रहरी आएर मेरो घरमा खानतलासी गऱ्यो। खानतलासी गर्नुअघि पक्राउ पुर्जीका लागि भक्तपुर जिल्ला अदालतमा प्रहरी पुगेको समेत थाहा पाएको छु।

**तपाईंमाथि अनुसन्धान भइरहेको रहेछ। खासमा कुरा के हो?**

ममाथि अनुसन्धान गर्नुपर्ने विषय केही पनि छैन। हिजो त मलाई खानतलासीका क्रममा प्रहरीले लागुऔषध वा हतियार राखेर फसाउने हो कि भन्ने डर लागेको थियो। स्टाफ लगाएर प्रहरीमाथि नै सर्च गर्न लगाएर खानतलासी गर्न दिएँ।

**अनुसन्धान किन भइरहेको छ त?**

ममाथि अनुसन्धान होइन प्रतिशोध भइरहेको छ। ठूला दलहरूको बोली बिकेन। प्रतिपक्षीजस्तो म देखिएँ।

**कसले प्रतिशोध लिइरहेको छ त?**

राष्ट्रका लागि बोलिरहेकाले प्रतिशोध लिइएको हो। गृहमन्त्री (सुधन गुरुङ)लाई मेरो अनुरोध छ,– मेरो घरमा सर्च गर्ने वा मलाई थुन्ने र दुःख दिनेभन्दा मैले लगाएका आरोपहरू गलत हुन् भनेर प्रमाणित गरेर देखाइदिनुहोस्।

**प्रहरीले तपाईंलाई किन पटक–पटक पक्राउ गर्छ, अदालतले फेरि रिहा गर्छ। यस्तो किन भइरहेको छ?**

सर्वहारा भुइँमान्छे र उत्पीडित वर्गको विषयमा कुरा उठाउँदा खानतलासी र पक्राउको पीडा भोगिरहनुपर्ने हो त?

**पक्राउ पनि हुने र रिहा पनि भइरहने जस्ता घटनाक्रमले कस्तो महसुस भइरहेको छ?**

माथिको आदेश भन्दै प्रहरी पक्राउ गर्न आइरहन्छन्। कहिले बिहान, कहिले दिउँसो त कहिले राति आउँछन्। प्रहरीहरू लजाउँदै पक्राउ गर्न आउँछन्। प्रहरीलाई देख्दा कहिले म हाँस्छु, प्रहरी लजाउँछन्। कहिले प्रहरी हाँस्छन्, म लजाउँछु। मुद्दा अघि बढ्छ। अदालतले मलाई छाड्छ। नेपालको इतिहासमा धेरै पटक बन्दीप्रत्यक्षीकरण रिटबाट छुट्ने व्यक्ति म नै हुँला, सायद।

**तपाईंको स्वास्थ्य अवस्था कस्तो छ?**

क्यान्सरको बिरामी हुँ। जिब्रो र घाँटीको क्यान्सर भएको छ। औषधि नियमित खाइरहनुपर्छ। साउन २५ गतेदेखि त ज्वरो पनि आइरहेको छ। अलि-अलि खोकी पनि लागिरहेको छ।

**आफूमाथिको निगरानीविरुद्ध कतै परामर्श गर्नुभएको छ?**

कानुन व्यवसायीसँग परामर्श गरेको छु। मलाई घरबाट बाहिर निस्कन मिलेको छैन। श्रीमतीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी छिन्। राष्ट्रिय मानव अधिकार आयोगमा पनि पत्र पठाउने तयारी गरेका छौं।



## आजको राशिफल



ज्यो. पं. मुकेश काफ्ले

**मेष** कामकाजमा जाँगर र उत्साह बढ्नेछ। नयाँ-नयाँ अवसर प्राप्त हुन सक्छन्। आय-आर्जनको पक्ष सामान्य रहनेछ।

**मिथुन** आज व्यापार तथा व्यवसायमा लाभको सम्भावना छ। नयाँ सम्पर्क तथा सम्बन्धहरू भविष्यका लागि उपयोगी बन्न सक्छन्।

**सिंह** जागिर तथा कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ। महत्त्वपूर्ण निर्णय लिनका लागि दिन अनुकूल रहनेछ। आत्मविश्वासका साथ अघि बढ्नुहोस्।

**तुला** सम्बन्धमा मधुरता र आत्मीयता बढ्नेछ। व्यापारमा नयाँ सम्भावनाहरू देखिनेछन्। सहकार्यबाट राम्रो लाभ प्राप्त हुन सक्छ।

**धनु** विदेश वा लामो दूरीको यात्रासम्बन्धी काम अघि बढ्न सक्छ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ। अनावश्यक खर्च भने नियन्त्रण गर्नुहोस्।

**कुम्भ** विभिन्न नयाँ योजना बनाउनका लागि दिन राम्रो छ। प्रेम, पारिवारिक तथा वैवाहिक सम्बन्धमा सकारात्मकता रहनेछ।

**वृष** रोकिएका तथा अडकएका कामहरू अघि बढ्नेछन्। परिवार तथा इष्टमित्रबाट सहयोग प्राप्त हुनेछ। खर्चमा नियन्त्रण गर्नु आवश्यक छ।

**कर्कट** मानसिक तनाव कम हुनेछ र मनमा शान्ति मिल्नेछ। पारिवारिक तथा सामाजिक वातावरण सुखद रहनेछ। यात्राको सम्भावना पनि छ।

**कन्या** आर्थिक लाभ प्राप्त हुने योग छ। अध्ययन तथा नयाँ काम सुरु गर्नका लागि दिन अनुकूल रहनेछ। योजनाबद्ध रूपमा अघि बढ्दा सफलता मिल्नेछ।

**वृश्चिक** मेहनत तथा परिश्रमको राम्रो परिणाम प्राप्त हुनेछ। लामो समयदेखिका पुराना समस्या समाधान हुन सक्छन्। आत्मविश्वासका साथ अघि बढ्नुहोस्।

**मकर** आम्दानी तथा आयस्रोत बढाउने अवसर प्राप्त हुन सक्छ। साथी एवं सहकर्मीबाट महत्त्वपूर्ण सहयोग मिल्नेछ।

**मीन** आज भाग्यले साथ दिनेछ। धार्मिक तथा आध्यात्मिक कार्यमा रुचि बढ्नेछ। आर्थिक पक्षमा सुधार आउनेछ र महत्त्वपूर्ण काम सम्पन्न हुने सम्भावना छ।

# फूलको आँखामा सिंगो संसार

अभावको भुइँबाट उठेर सिर्जनाको सर्वोच्च शिखर चुमेका यी महान् स्रष्टा दुर्गालाल श्रेष्ठ नेपाली साहित्यको आकाशमा सधैं ध्रुवतारा बनेर चम्किरहनेछन्।



गोपीकृष्ण
ढुंगाना

अविच्युअरी

एउटा गरिब परिवार आफ्नो सानो सन्दुक झ्यालबाट ओसार्दै थियो। सन्दुक थाप्न तल चोकमा उभिएकी गर्भवती आमाको पेटमा त्यही सन्दुक बज्रिन पुग्यो, र त्यही चोटको सुस्केरासँगै १९९२ साउनकृष्ण एकादशीका दिन काठमाडौंको चाबहिलभित्रको दथुननिमा समयअगावै एउटा शिशुको जन्म भयो। तिनै असमयमा जन्मिएका शिशु नै आजका हाम्रा सुप्रसिद्ध जनकवि दुर्गालाल श्रेष्ठ हुन्।

जीवनका पानाहरू पल्टाउँदा कतिपय स्रष्टाको जन्म नै एउटा मार्मिक विम्ब बनेर उभिएको पाइन्छ। जनकवि दुर्गालाल श्रेष्ठको धर्तीमा आगमन कुनै वियोगान्त नाटकको हृदयविदारक दृश्यभन्दा कम थिएन। सडकमै आइपुगेका चाहिँ थिएनन्। तर उनले जोडिएको घरका साहुसित सापटी लिएर त्यो सानो घर किनेका थिए। तर पनि त्यो जोडिएको नयाँ घर खाली गर्नु परेको घटना मर्मस्पर्शी छ। आर. मानन्धरद्वारा लिखित 'कवि-कविताको छवि' नामक उक्त जीवनी पुस्तकमा यही सन्दर्भ उल्लेख छ।

कवि श्रेष्ठको बाल्यकाल अभावै-अभावको च्यादर ओढेर बितेको यथार्थलाई पुस्तकले गहिरोसँग चित्रण गरेको पाइन्छ। बाथरोगले थलिएका बुवा गणेशलाल बिहानै झिसमिसेमा उठेर कालीमाटीसम्म हिँडी डोकोमा तरकारी ल्याएर बेच्ने गर्थे, जसको भरमा परिवारको सास धानिएको थियो। दुर्गालालले जीवनका धेरै वर्षसम्म बेलुका पनि भात पाक्छ भन्ने कुराको पत्तो नै पाएनन्, उनी केराउ वा भटमास खाएर सुत्थे। आमा आशामोती श्रेष्ठले छोरालाई छुट्टै राखेर खाना खुवाउँथिन्, किनभने उनले आफ्नो भागको गाँससमेत काटेर छोराको भोको पेट भर्ने गर्थे। आमाको त्यही अगाध वात्सल्यले नै दुर्गालाललाई गरिबीको रापमा पिल्सिनबाट सधैं बचायो र कहिल्यै गरिब भएको हीनताबोध हुन दिएन।

**तिरस्कारको भुंग्रोमा सिर्जनाको मुना**

समाजको पिँधमा हुर्किनुको पीडा स्रष्टा दुर्गालालले कलिलै उमेरमा भोगे। दसैंको उल्लासमा काठमाडौंका आकाशमा चंगा उड्दा, होचो घर र टालेको सुरुवाल लगाउने ती बालकलाई हुनेखाने छिमेकीले आफ्नो कौसीमा उक्लिन दिँदैनथे। उनी अरूले उडाएका चंगा हेर्दै बाटोमा झरेका धागो बटुल्न विवश थिए। मल्ल के. सुन्दरले आफ्नो लेख 'दुर्गालालको परिचय'मा प्रस्ट पारेझैं, सानै उमेरमा समाजबाट भोग्नु परेको चरम अपमानले नै उनमा आफ्नो स्वत्व र पहिचान खोज्ने अदम्य भोक जगाइदिएको थियो। विभेदको त्यही दलदलबाट उम्किने हुटहुटीले उनको सिर्जनात्मक यात्रालाई अघि बढाउन मद्दत गरेको अनुमान सहजै गर्न सकिन्छ।

मानन्धरको कृतिमा एक अर्को हृदयविदारक सन्दर्भ छ, जहाँ छिमेकी टोलमा भइरहेको नाटकको पूर्वाभ्यास हेर्न ढोकाको प्वालबाट चियाउँदा भित्रबाट कसैले औंलाले बालक दुर्गालालको आँखामा घोचिदिएको थियो। आँखामा लागेको त्यो अमानवीय चोटले उनको मनमा समेत गहिरो घाउ बनायो। त्यही अपमानबाट रन्थनिएर उनले प्रतिशोधस्वरूप आँसु पुछ्दै साथीहरूलाई भेला गरी आफैं नाटक लेख्ने उद्घोष गरे।

**कलिलो उमेरमै प्रस्फुटित नाट्य-चेत**

मल्लको लेखोटलाई आधार मान्ने हो भने पनि त्यही आँखा घोचिएको घटनाले उनीभित्रको सुप्त सर्जकलाई बाहिर ल्यायो र मात्र ११ वर्षको कलिलो उमेरमा उनले एउटा बालनाटक तयार पारे। त्यसबेला उनी आफैं लेखक, आफैं कलाकार र आफैं निर्देशक बनेर उभिएका थिए। उता पुस्तकमा उल्लेख छ, त्यस नाटकको नाम 'प्रेम जीवन अन्धकार' थियो। जुन नाटक त्यसबेला डबलीमा अत्यधिक लोकप्रिय भई साउन महिना सकिँदा पनि महिनौंसम्म निरन्तर मञ्चन भएको थियो। गरिबी र तिरस्कारले दिएको त्यो चोट नभएको भए सायद नेपाली साहित्यले यति विलक्षण प्रतिभा पाउने थिएन होला।

मानन्धरको कृतिले औंल्याएझैं, शिक्षाको उज्यालोतिर लम्किँदै गर्दा पनि स्रष्टा दुर्गालालले उपहासकै विष पिउनुपऱ्यो। शंकर गुर्जुकहाँ पढ्न जाँदा एउटा 'कृ' अक्षर नचिन्दा साथीहरूले उडाएको खिसिट्युरीले उनको कलिलो मनमा आत्मग्लानिको बीउ रोपिदियो। तर त्यही अपमानलाई शक्तिको स्रोत बनाएर उनले रातको सन्नाटामा सरस्वतीको मूर्तिको अनुहार पखाल्दै अध्ययनमा यस्तो लगाव देखाए कि छ महिनामै उनी अब्बल ठहरिए। पछि पद्मोदय स्कुलमा पुग्दा उनका फाटेका सुरुवाल र नांगा खुट्टाले धनाढ्य विद्यार्थीबीच उनलाई एक्लो बनाइदियो तर सरस्वती वन्दना गाउँदा उनको सुरिलो कण्ठले सबैलाई मन्त्रमुग्ध पाऱ्यो, पारिरह्यो।

किशोरावस्थाको संघारमा पुगेपछि उनको मनमा रुमानी भावनाका मुनाहरू उम्रिन थाले। 'कवि-कविताको छवि'मा बडो रोचक ढंगले प्रस्तुत गरिएअनुसार, टोलको पाटीमा श्रीमद् भागवत कथा सुन्ने निहुँमा दुर्गालाल एउटी सुन्दर किशोरीको हातबाट निधारमा टीका थाप्न पुग्थे। त्यो टीका नखसोस् भनेर आकाशतिर हेर्दै घर फर्किने र निहुरिनुपर्ने होचो ढोकामा पनि खुट्टा खुम्च्याएर पस्ने उनको भावुकता प्रेमको पहिलो अव्यक्त स्वरूप थियो। रातको अँध्यारोमा बुबाले बत्ती निभाइदिएपछि, तिनै किशोरीको यादमा उनी 'फूलमार' चुरोटका खाली बट्टाहरूमा छामेरै कविताका पंक्तिहरू कोर्ने गर्थे।

**प्रेमको अंकुरण र चुरोटको बट्टामा कोरिएका काव्य**

मल्ल के. सुन्दरले लेखेका छन्, अभाव र वेदनाका बीच हुर्किएका दुर्गालालको त्यही रुमानी शैलीले कालान्तरमा स्वच्छन्दतावादी काव्यको उचाइ छोयो। उनको पहिलो काव्यकृति 'झसुका' (उच्छ्वास) मा यौवन, सौन्दर्य र प्रेमको बिछोडबाट उब्जिएको विरह पोखिएको छ। मानन्धरले थपेका छन्, सधैं वियोग र रोदनका कविता सुनाउने भएकैले साहित्यकार प्रेमबहादुर कसा:ले उनलाई 'ख्वबिलु' (रुन्चे) कविको नामसमेत भिराइदिएका थिए। प्रेम र रोमान्सको यो काव्यिक यात्रा उनको निजी जीवनमा पनि निकै उतारचढावपूर्ण रह्यो। पुस्तकले एउटा अद्भुत संयोगको पर्दा उघार्दै लेखेको छ, आफ्नै दौंतरी दर्शनदासकी बहिनी पूर्णदेवीसँगको उनको मौन प्रेमले अनौठो रूप लियो। पूर्णदेवीको अन्तै विवाह भए पनि दुलहाको घर जान अस्वीकार गरेपछि, साथीहरूको हौसला र ट्युसन पढाएर कमाएको २५ रुपैयाँको आडमा दुर्गालालले उनलाई भगाएर भक्तपुर पुऱ्याए र विवाह गरे। विवाहको पहिलो रात पूर्णदेवीको अनिच्छालाई सम्मान गर्दै उनले देखाएको संयमताले पुरुष अहंकारमाथि साँचो प्रेमको विजयलाई दर्शाउँछ।

**विरहको भाकादेखि विद्रोहको आँगनसम्म**

केवल प्रेम र वियोगमा मात्रै सीमित नरही दुर्गालालको कलम विस्तारै समाजको पिँधमा दबिएका आवाजहरूतर्फ मोडियो। सुन्दरले लेखेका छन् कि भोक र गरिबीको आगोमा खारिएका उनले समाजको अन्याय र विसंगतिविरुद्ध विद्रोहको बिगुल फुके। जहाँ मानन्धरले खुलाएका छन्, उनका कवितामा जोशमात्र छ तर कला छैन भन्ने महसुस गरिरहेको बेला शम्भुराम श्रेष्ठ र तुल्सीलाल अमात्यजस्ता कम्युनिस्ट नेताहरूको सामीप्यले उनमा वर्गीय चेतनाको दियो बाल्यो। कमरेड शम्भुरामको 'आँसुबाट पनि आगो निकाल्न सकिँदैन र?' भन्ने प्रश्नले उनलाई प्रेमको 'रुन्चे' कविबाट शोषित र सर्वहाराको अधिकारका लागि लड्ने क्रान्तिकारी स्रष्टामा रूपान्तरण गरिदियो।

•••

जनस्तरबाटै अनुमोदित र पुजिँदै आएका उनी साँच्चैका 'जनकवि' हुन्। अस्तव्यस्त राजनीति र अस्ताउँदो घामसँग साक्षात्कार गर्दै गर्दा पनि मृत्युचेत र आध्यात्मिक दर्शनले खारिएका दुर्गालालका हरफहरूले उनैलाई मृत्युञ्जयी बनाएको छ।

•••

स्रष्टाहरूले निष्कर्ष निकालेझैं, दुर्गालाल केवल एक व्यक्ति नभएर अग्रगमनको सपना देख्ने सम्पूर्ण नेपालीका साझा प्रतिनिधि र एउटा जीवन्त संस्था हुन्। उनको काव्ययात्राको एउटैमात्र गन्तव्य भनेको शोषित र उपेक्षित वर्गले मान्छे भएर बाँच्न पाउने स्वतन्त्र, न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्नु हो।

•••



**वर्गसंघर्षको हुटहुटीले जन्मिएको 'ग्राम्य जीवन'**

२०१५ सालको जाडो याममा टोलको डबलीमा घाम ताप्दै गर्दा कम्युनिस्ट नेता पुष्पलाल श्रेष्ठले उनलाई च्याप्प अँगालो हालेर 'आँसुकवि' भन्दै चिनाएको सन्दर्भ लेखक मानन्धरले बडो सजीव रूपमा उतारेका छन्। नेताको आग्रहमा उनले त्यहीँ उभिएर 'हँसिया र मकै' चुनाव चिह्न समेटेर क्रान्तिकारी गीत रचे, जुन चाँडै नै जनजिब्रोमा झुन्डियो। समाजको पिँधमा रहेका सर्वहारा वर्गको दु:खलाई आफ्नै व्यथा सम्झिने दुर्गालालको कलमबाट निस्किएका ती शब्दहरूले क्रान्तिको मैदानमा ऊर्जा भर्ने काम गरे।

वर्गसंघर्षको हुटहुटीले उनलाई 'ग्राम्य जीवन' जस्तो प्रगतिशील नाटक लेख्न प्रेरित गऱ्यो। जीवनीकृत कृतिले एउटा रोचक घटना प्रस्तुत गर्छ, जहाँ देउताको सट्टा सर्वहाराको मंगलाचरण गाएर नाटक मञ्चन गर्न लाग्दा एक जना क्रान्तिकारी कलाकार नै देउता चढेझैं काम्दै बलेको धूप चपाउन थालेका थिए। यसले उनीहरूलाई समाजको उपहासको पात्र त बनायो, तर उनीहरूको वैचारिक धारलाई भने भुत्ते पार्न सकेन र दुर्गालालले शब्दमार्फत क्रान्तिको आगो बालिरहे।

एकातिर क्रान्तिको झिल्को, अर्कोतिर बालबालिकाको मुस्कान जीवन निर्वाहका लागि शिक्षण पेसा अँगालेका यी विद्रोही स्रष्टा कक्षाकोठामा पुगेपछि भने अबोध बालबालिकाजस्तै बन्थे। स्रष्टा दुर्गालालका ६ दर्जनभन्दा बढी कृतिमध्ये २२ वटा त विशुद्ध बालसाहित्यमै केन्द्रित छन्। उनी घोकन्ते विद्याको साटो लोकलय र ऋतुगीतको भाकामा कविता गाउँथे, जसले गर्दा विद्यार्थीहरू मन्त्रमुग्ध भएर उनलाई सुन्थे र ती गीतहरू सहरका गल्ली-गल्लीमा गुञ्जिन्थे।

विद्यार्थीका कापीमा कोरिएका तिनै गीतहरूलाई कन्या मन्दिर स्कुलका प्रधानाध्यापक केदारनाथ न्यौपानेले भेटाएपछि 'चिनियाम्ह किसिचा' (मिश्रीको हात्ती) नामक ऐतिहासिक संग्रहको जन्म भयो। मानन्धरका अनुसार, दुर्गालालले जुनताराका कुरामात्रै लेखेनन्, असनमा आलु बेच्ने 'हकला:', गरिब बालिका 'मायाचा' र सडकका पागल 'हलूचा' जस्ता भुइँमान्छेका दु:ख र हाँसोलाई बालसुलभ शैलीमा ढालेर साहित्यमा उतारे। समाजका ती जिउँदा पात्रहरू नै उनका कवितामा प्राण बनेर बौरिए।

**मातृभाषाको मर्म अनि अधिकारको आगो**

बालबालिकालाई हँसाउने यी कविको छातीभित्र मातृभाषामाथि राज्यले गरेको दमनको भकभकी उम्लिरहेको आगो लुकेको थियो। 'सबै भाषा समान हुन्' भन्दै राज्यको भाषिक विभेदविरुद्ध धावा बोल्ने पहिलो स्रष्टाहरूको पंक्तिमा दुर्गालालको नाम अग्रस्थानमा आउँछ। आफ्नै देशमा आफ्नो भाषा र संस्कृतिमाथि भएको उत्पीडनविरुद्ध उनले नेवा: समुदायलाई चेतनाको शंखघोष गर्दै ब्युँझाए र पहिचानको लडाइँमा सधैं अग्रपंक्तिमा उभिए।

पुस्तकमा उल्लेख गरेअनुसार, २०२२ सालमा रेडियो नेपालबाट नियमित दिँदै आएको नेपालभाषाको समाचार प्रसारण बन्द गर्न उर्लिएको जनसागरमा दुर्गालालका गीतहरू नै आन्दोलनको ढुकढुकी बनेका थिए। तत्कालीन प्रशासनले उनका क्रान्तिकारी गीतहरूको संग्रह 'सगँसिबे नं धरती नमिं ग्वा:' (आकाशभन्दा धर्ती राँकिएको छ) जफत गरेर उनलाई पक्रिए पनि उनको विद्रोही कलम कहिल्यै रोकिएन। भाषिक अधिकार खोसिँदा मुटुमा लागेको घाउलाई उनले कवितामार्फत नै ओकलेर न्यायको माग गरिरहे, जसले उनलाई एउटा सच्चा अभियन्ताको रूपमा स्थापित गऱ्यो।

**नाटक मञ्चनबाटै गीतकारको बिज**

विभिन्न स्रोतले स्पष्ट पार्छन् कि दुर्गालालको गीतकार बन्ने यात्रा नाटकको मञ्चनबाटै सुरु भएको थियो। डबलीमा नाटक देखाउनका लागि आफैंले गीत लेख्ने, लय भर्ने र गाउने बाध्यताले उनलाई संगीत र छन्दको गहिरो ज्ञान दियो। यही सांगीतिक चेत र कोमल शब्दशिल्पकै कारण उनका गीतहरू जनजनको जिब्रोमा लोकगीतझैं टाँसिन पुगे। मानिसहरूले आफ्नै अन्तर्मनको भाव उनकै गीतमा भेट्न थाले।

मौलिक सिर्जनाका अलावा उनले सिद्धिचरण श्रेष्ठको 'उर्वशी' खण्डकाव्य र हरिवंशराय बच्चनको 'मधुशाला' जस्ता कालजयी कृतिहरूलाई नेपालभाषामा अनुवाद गरी साहित्य भण्डारलाई अझ समृद्ध बनाएको पाइन्छ। 'निमन्त्रणा' र 'बिहाँचुली'जस्ता गीतिनाटकदेखि सयभन्दा बढी प्रकाशित र प्रकाशोन्मुख कृतिहरूले उनलाई अद्वितीय स्रष्टाका रूपमा उभ्याएका छन्।

**जनमनका 'कवि' र अस्ताचलको उज्यालो**

आनी छोइङ डोल्माको स्वरमा गुञ्जिएको 'फूलको आँखामा फूलै संसार'ले उनलाई नेपालभाषी घेराभन्दा बाहिर पनि अपार लोकप्रियता दिलायो। मानन्धरका अनुसार, नेवार समुदायका लागि दुर्गालाल आफ्नै सुखदु:खको आवाज, अध्यात्मको प्रकाश र जागरणको चेतना हुन्, त्यसैले उनीहरू उनलाई आत्मीयताका साथ झी कवि (हाम्रो कवि) भनेर पुकार्छन्। वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले त उनलाई 'वर्तमान युगकै प्रतिनिधित्व गर्ने कवि' भनेर उच्च सम्मान दिएका छन्।

जीवनको उत्तरार्धमा आइपुग्दा यी साधकलाई शारीरिक शिथिलता र हात काम्ने रोगले नराम्ररी सताएको थियो। आफैंले लेखेका अक्षर चिन्न नसक्ने अवस्था भए पनि, उनकी छोरी सुचिता श्रेष्ठले ती अमूल्य सिर्जनाहरूलाई कम्प्युटरमा सुरक्षित गरेर साहित्यको ठूलो सेवा गरेकी थिइन्। निद्रा नलाग्ने रातहरूमा पनि उनको मनमा कविताको मुहान सुकेको छैन, बरु उमेर ढल्किँदै जाँदा उनका रचना अझ गाढा, आध्यात्मिक र दार्शनिक बनेर पोखिइरहेका छन्।

**समानताका योद्धा, कालजयी स्रष्टा**

स्रष्टाहरूले निष्कर्ष निकालेझैं, दुर्गालाल केवल एक व्यक्ति नभएर अग्रगमनको सपना देख्ने सम्पूर्ण नेपालीका साझा प्रतिनिधि र एउटा जीवन्त संस्था हुन्। उनको काव्ययात्राको एउटैमात्र गन्तव्य भनेको शोषित र उपेक्षित वर्गले मान्छे भएर बाँच्न पाउने स्वतन्त्र, न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्नु हो। साहित्यलाई उनले कहिल्यै 'स्वान्त सुखाय' मात्र मानेनन्, बरु समाज रूपान्तरणको हतियार र मानवताको आवाज बनाए।

समग्रमा, जनस्तरबाटै अनुमोदित र पुजिँदै आएका उनी साँच्चैका 'जनकवि' हुन्। आर मानन्धरले भनेझैं, अस्तव्यस्त राजनीति र अस्ताउँदो घामसँग साक्षात्कार गर्दै गर्दा पनि मृत्युचेत र आध्यात्मिक दर्शनले खारिएका उनका हरफहरूले उनलाई मृत्युञ्जयी बनाएको छ। अभावको भुइँबाट उठेर सिर्जनाको सर्वोच्च शिखर चुमेका यी महान् स्रष्टा नेपाली साहित्यको आकाशमा सधैं ध्रुवतारा बनेर चम्किरहनेछन्।

# आँसुमा अस्ताएका नक्षत्र



नन्दकृष्ण
जोशी

सम्झना

जनकवि दुर्गालाल श्रेष्ठ 'जुइमा', 'फूलको आँखामा फूलै संसार', 'सयथरी बाजा एउटै ताल, सयथरी गोडा एउटै चाल'लगायतका वाक्यांश लेखिएका ब्यानर र नेमप्लेटहरू मंका: खल: भवनको प्रांगणमा जताततै टाँगिएका छन्। राष्ट्रिय विभूति शंखधर साख्वा: प्रतिष्ठान, विराट नेपाल भाषा साहित्य सम्मेलन गुठी, गीतकार संघ नेपाल, नेपाल भाषा मंका: खल:लगायतका संघसंस्थाका व्यक्तिहरू, देशका मूर्धन्य कलाकार, साहित्यकार, गायकगायिका, मानव अधिकारकर्मी, स्वतन्त्र बुद्धिजीवी, लेखक एवं पत्रकारहरूको बाक्लो उपस्थिति प्रांगणमा देखिन्छ। प्रांगणको पूर्वतिर नेपाल भाषाका महान् स्रष्टा एवं जनकवि दुर्गालाल श्रेष्ठको पार्थिव शरीर दक्षिणतिर सिरानी गरी कलात्मक सिसाको बाकसमा अन्तिम श्रद्धाञ्जलिका लागि राखिएको छ।

**अन्तिम बिदाइको माहोल** : जनकवि चिर निद्रामा सुतिरहेछन्। फूलमाला, राष्ट्रिय झण्डा र अबिरले पार्थिव शरीर राखिएको बाकसलाई कलात्मक शैलीले सिँगारिएको छ। छेउमा गेरु वस्त्रधारी बौद्ध भिक्षु गुरु एकनासले जनकविले नेपाल भाषाको उत्थान र विकासका लागि जीवनभर अनवरत रूपमा गरेका पुण्यकार्यको विवेचना गर्दै उनको स्वर्गवासको कामनासहित प्रवचन गरिरहेका छन्। उनको समवेदनायुक्त मार्मिक प्रवचन माइकबाट सबै उपस्थित जनसमुदायले सुनिरहेछन्। पालमुनि कैयौं नरनारी मलिन अनुहारमा जनकवि दुर्गालालको भौतिक शरीरतिर एकनासले हात जोड्दै हेरिरहेछन्। दिवंगत आत्माको चिर शान्तिको कामना गर्न र अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न भदौ २ गते बिहानैदेखि विशाल जनसागर जम्मा भइरहेको छ। घाम चर्को छ, सायद सूर्यले पनि आकाशलोकबाट जनकविलाई श्रद्धाञ्जलि दिँदै आफूतिर बोलाइरहेछन्। सर्वसाधारणदेखि समाजमा प्रतिष्ठा कमाएका व्यक्तिहरू छेउछाउमा बसेर शोकको घडीमा मुखामुख गरिरहेछन्। उनीहरू देशको अमर र इमान्दार स्रष्टाको निधनले राष्ट्रलाई पुगेको क्षतिको आपसी चर्चा गरिरहेछन्।

**संगीत र सम्झना** : मंका: खल: भवनको भुइँतलामा नेपाल भाषामा जनकवि श्रेष्ठले लेख्नुभएको अति मीठो गीत ख्यातिप्राप्त संगीतकार न्ह्यु बज्राचार्यले १५-२० जना गायक-गायिकालाई बिना बाजा सिकाइरहेछन्। 'मेची-महाकाली, हिमाल, पहाड, तराईयुक्त हाम्रो मुलुक नेपाल अति सुन्दर छ। यहाँ धेरै भाषा बोलिन्छ, धेरै थरी संस्कृति छन्। यस्तो सुन्दर देशको विकास हरेक व्यक्तिले गर्नुपर्छ, बाचुञ्जेल गर्नुपर्छ, एकदिन हामीले मर्नैपर्छ' भन्ने अति मननीय आशयको उक्त गीत रहेछ। पंक्तिकारलाई अर्का संगीतकार मनराजा नकर्मीले अर्थ्याए। 'यो नेपाल भाषाको धेरै पुरानो र लोकप्रिय गीत भएकाले जनकविको अन्तिम बिदाइमा हामी सबैले गाउनुपर्छ', न्ह्यु बज्राचार्यले पंक्तिकारलाई बताए।

यसैबीचमा जनकवि दुर्गालाललाई अमर बनाउने गीत 'फूलको आँखामा फूलै संसार' को संगीत सिर्जना कति सालमा र कस्तो परिस्थितिमा गर्नुभएको थियो भनी बज्राचार्यलाई प्रश्न गरें। उनले भने, 'अंग्रेजी वर्ष सन् २००३-२००४ को जुनमा संगीत सिर्जना गरिएको हो, चार ट्र्याकमा संगीत भरेर आनीले गाएकी थिइन्। गीत रेकर्ड गर्दा दुर्गालाल स्वयं उपस्थित हुनुहुन्थ्यो।' संसारमा जहाँ-जहाँ नेपालीहरू बसेका छन्, सबैको जनजिब्रोमा झुन्डिएको गीत हो- 'फूलको आँखामा फूलै संसार'। तर, अन्तिम श्रद्धाञ्जलि सभामा गायिका आनीलाई भने देख्न सकिएन।

**स्रष्टाहरूको सम्मान** : जनकवि दुर्गालाललाई श्रद्धाञ्जलि अर्पण गर्न आउनु भएका राजनीतिक विश्लेषक तथा नागरिक अगुवा वरिष्ठ पत्रकार श्याम श्रेष्ठ र उहाँकी धर्मपत्नीसँग पनि सोही प्रांगणमा भेट भयो। एक प्रसंगमा उहाँले युगकवि सिद्धिचरण श्रेष्ठ र जनकवि दुर्गालाल श्रेष्ठलाई २०३४ सालमा आफूले कविता सुनाएको बताउनुभयो। 'भानुभक्तको दोस्रो बिन्तीपत्र' शीर्षकको सो कविता त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा अध्ययन गर्दा प्रथम स्थान हासिल गर्न सफल भएको जानकारी पनि श्याम श्रेष्ठले दिनुभयो। स्वर्गीय दुर्गालालले उक्त कविता मन पराएर लेखिरहन अह्राउनुभएको कुरा उहाँले स्मरण गर्नुभयो।



यसैगरी, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति ब्रजेश खनाल, उपकुलपति झुमा लिम्बू, सदस्य सचिव भूपेन्द्र रायमाझी पनि अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न आउनुभएको थियो। 'राष्ट्रले देशभक्त स्रष्टा गुमायो', उहाँहरू भन्दै हुनुहुन्थ्यो। यसैगरी साहित्यकार नारायण ढकाल, वरिष्ठ संगीतकारद्वय सुरेश अधिकारी र डा. टीका भण्डारी, वरिष्ठ गायिका अञ्जान शाक्य, संगीता शाक्य, वरिष्ठ कलाकार महजोडी, राष्ट्रिय गानका रचयिता व्याकुल माइला, नारायणगोपाल संगीत कोषका अध्यक्ष दीपक के.सी.लगायत साधकहरूको बाक्लो उपस्थिति देखिन्थ्यो।

राजनीतिकर्मी भीमसेनदास प्रधान, नरोत्तम वैद्य, रामेश्वर फुयाँल, स्वतन्त्र बुद्धिजीवी, संगीतकर्मी तथा वरिष्ठ पत्रकारहरू उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलिका लागि जम्मा भएका थिए। दिउँसो २ बजेसम्म सो भवनको प्रांगणमा राखिएको पार्थिव शरीरलाई त्यसपछि सिँगारिएको वाहनमा राखेर काठमाडौंको असन, इन्द्रचोक, न्युरोडलगायतका ठाउँमा परिक्रमा गराएर शोभाभगवतीमा दाहसंस्कार गरिने व्यवस्थापन पक्षले जानकारी गराइरहेको थियो। छोराहरू सुमन श्रेष्ठ, सुरोज श्रेष्ठ र छोरी सुचिता श्रेष्ठलाई सान्त्वना दिनेहरूको घुइँचो देखिन्थ्यो।

**अमर स्रष्टाको व्यक्तित्व** : २०६२/६३ को जनआन्दोलनपछि बनेको नयाँ राष्ट्रिय गान छनोट समितिमा रहेर पाँच महिनासम्म हामीले सँगै काम गऱ्यौं। संस्कृतिविद् सत्यमोहन जोशीको संयोजकत्वमा गठित सो समितिमा जनकवि दुर्गालाल श्रेष्ठ, वैरागी काइँला, मोदनाथ प्रश्रित, रामेश, डा. अमर गिरी, स्व. अम्बर गुरुङ, डा. गोपाल ठाकुर, श्रवण मुकारुङ, बुँद राना, आहुति, डा. बेञ्जु शर्मा र पंक्तिकारले संयुक्त रूपमा काम गर्ने मौका पाएका थियौं। 'सयौं थुँगा फूलका हामी... यो मेरो रोजाइको राष्ट्रिय गान हो', जनकवि दुर्गालाल श्रेष्ठ भन्नुहुन्थ्यो। उहाँ अत्यन्त इमान्दार, नेपाली र नेपाल भाषाका मर्मज्ञ कवि तथा साहित्यकार भएका नाताले उहाँप्रति सच्चा श्रद्धाञ्जलि व्यक्त गर्न स्वत:स्फूर्त रूपमा हजारौं शुभेच्छुकहरू जम्मा भएका हुन्।

•••

संसारमा जहाँ-जहाँ नेपालीहरू बसेका छन्, सबैको जनजिब्रोमा झुन्डिएको गीत हो- 'फूलको आँखामा फूलै संसार'।

•••

कुनै पनि नयाँ विषयवस्तुबारे चासो राखेर अध्ययन गर्ने बानी भएका जनकवि दुर्गालाललाई पंक्तिकारले दुई-तीन वटा देउडा गीत अर्थसहित सुनाउने मौका पाएको थिएँ। त्यो सुनेर 'जोशीजी, मलाई एकपटक डोटी र बझाङ जिल्ला घुमाउन लैजानुहोस् न, सकिन्छ?' भनी जिज्ञासा राख्नुभएको हिजो जस्तै लाग्छ। २०६३ फागुनको कुरा थियो यो। ज्यादै संवेदनशील मानवीय चेतना भएको अमर स्रष्टा हुनुहुन्थ्यो उहाँ। २०६२ सालको मंसिरमा काठमाडौंको वसन्तपुरमा प्रतिगमनविरुद्ध नागरिक समाजको कार्यक्रममा जनकविले नेपाल भाषामा सशक्त कविता सुनाउँदा उपस्थित हजारौंले गडगडाहट तालीले स्वागत गरेको भुल्न सकिन्न। त्यसबेला कार्यक्रम सञ्चालक वरिष्ठ लेखक खगेन्द्र संग्रौलाले 'दुर्गालाल श्रेष्ठको कविताले झस्किएका शासक' भनेर टिप्पणी पनि गर्नुभएको थियो।

**राष्ट्रप्रति इमान्दार भए स्वर्गको ढोका** : नेपाल भाषाका कैयौं पुस्तकका लेखक, सच्चा लोकतन्त्रवादी, सधैंभरि हँसिला अमर स्रष्टालाई दर्जनौं संघसंस्थाले जिन्दगीको उत्तरार्धमा धेरै नै सम्मान अर्पण गरे। कैयौं समारोहमा उपस्थित हुने मौका पाएको छु। उहाँ साह्रै नरम र मिजासिलो हुनुहुन्थ्यो। नहाँसी नबोल्ने बानी परेका जनकवि स्व. दुर्गालाल दाइँसँग नेपाल टेलिभिजनको कार्यक्रम 'चौतारी'मा दुईपटक संवाद गर्ने मौका पाएको थिएँ, जुन साँच्चिकै ऐतिहासिक रहेको छ। 'राष्ट्रप्रति सधैं इमान्दार भएमात्र स्वर्गको ढोका खोलिनेछ', भन्नुहुन्थ्यो आदरणीय दाइ दुर्गालाल।

अलबिदा अमर स्रष्टा र हाम्रा अभिभावक दाइ, जनकवि दुर्गालाल श्रेष्ठ (नेपाल संवत् १०५५ दिल्लागा ११-११४६ गुंलाथ्व ०४) ज्यू!

# जसलाई मैले पछ्याएँ !

हाम्रै ग्याङमा एउटा ठिटो म्यानचेस्टर युनाइटेडको बडो फ्यान थियो। ऊ त्यसबेला क्रिस्टियानो रोनाल्डोको कुरा झिक्थ्यो; शरीरमा रोनाल्डोकै जर्सी सिउरेर देखा पर्थ्यो।



सन्तोष पौडेल

खेल जगत्

केप्रतिभाले सधैं सुखद गन्तव्य भेटेरै विश्राम लिन्छ? नेयमार जुनियरको हकमा यो प्रश्न सरल छ, तर निकै जटिल पनि। सरल यस अर्थमा कि उनको प्रतिभालाई कसैले नकार्न सक्दैन। र, जटिल यस अर्थमा कि त्यो प्रतिभाले सुखद अन्त्य चाख्न पाएन। उनको खेलजीवन निकै उतारचढावमा बित्यो; सुखसँगै अनेकौं दु:खहरू उनले भोगे। 'महान्' खेलाडी बन्ने यात्रामा उनका सपनाहरू पहाडमा असरल्ल छरिएका भुइँकुइरो झैं मैदानबाहिर फुसफुसाएरै सकिए। सन्दर्भ बिर्सिसकेका मानसपटललाई ब्युँझाउने हिम्मत गरेको हुँ। यो पनि भन्छु- म खेलप्रेमी हुँ, विज्ञ होइन। खेलकुद वा अन्य कुनै विधालाई लिएर तपाईंको पनि कुनै 'आइडल' हुनसक्छ। मैले ती आइडलको खेल र खेल्ने शैली पछ्याएँ, जसलाई मैले निकै मन पराएँ। हो, तिनै अनुभूति साझा गर्न चाहेको हुँ।

**र, मनैदेखि धन्यवाद** ! : संसारभरको फुटबल इतिहासमा त्यस्ता कति प्रतिभा रहेछन्, जसले सुखद अन्त्य नभेट्टाएरै बिदा लिए ? त्यो सूचीमा विशेषत: को-को खेलाडी पर्ने रहेछन् भनेर गुगल गरें। फुटबल इतिहासका ती अभागी खेलाडीहरू- जसले धेरै 'डिजर्भ' गर्थे तर उपलब्धि निकै न्यून रह्यो- का बारेमा खोज्दै जाँदा 'गिभमिस्पोर्ट्स'मा क्यालम रिचीको एउटा लेख भेट्टाएँ। जसमा १० जना खेलाडीको नाम समावेश थियो। सुनेका नाममध्ये त्यहाँ ह्यारी केन थिए, जसले भर्खरै सम्पन्न विश्वकपमा राम्रो प्रदर्शन गरेका थिए। यदि इंग्ल्यान्डले २०२६ को विश्वकप उचालेको भए, उनी यो सूचीबाट सदाका लागि 'आउट' हुने थिए (रिचीकै अर्को लेखमा ह्यारी केनको नाम काटिएर आउने थियो। तर, त्यसो हुन सकेन; केनले पनि सेमिफाइनलमै चित्त बुझाउनुपर्‍यो।

धेरथोर खेल हेरेका र चिनेका खेलाडीमध्ये त्यहाँ जियानलुइजी बुफोन, स्टिभन जेरार्ड, रोनाल्डो नाजारियो र अलेसान्ड्रो नेस्टा थिए। तर, त्यहाँ क्रिस्टियानो रोनाल्डो र नेयमारको नाम देखिनँ। मन त फुरुंग थियो। सायद, रिची अझै विश्वस्त थिए कि विश्व फुटबल मञ्चमा यी दुईले स्वर्ण अक्षरले आफ्नो नाम सजाउन अझै संघर्षरत छन्। तर, यो पटकको विश्वकपले त्यो अवसर सदाका लागि बिदा गरिदिइसकेको छ। त्यो 'स्वर्ण अक्षर' कोर्ने सपना आफ्नै आँखाको डिलबाट खसेको पानी पुछ्दै सकियो। ओसिएका आँखा र कुँडिएको मनमै चित्त बुझाउन सिवाय अर्को विकल्प उनीहरूसँग थिएन।

यी दुईलाई देखेपछि उसैउसै भक्कानो छुट्छ। जसमा कैयौं प्रश्न मिसिएर आउँछन्। प्रतिभाले भरिपूर्ण कुनै खेलाडी अक्सर समयको अन्तरालमा किन पछाडि पर्छन् ? महान् खेलाडी बन्ने जुन होडबाजी छ, त्यो यात्रा र त्यसको अर्थ कहाँनेर पुगेर हराउँछ वा टुंगिन्छ ? आफ्नै भावनाहरू मध्दै जाँदा मैले भाग्यलाई दोष दिएँ भने...? कि चोट ? कि खेलाडीको व्यक्तित्व वा जीवनशैली ? कि समयले जन्माउने जबरजस्त प्रतिभावान् खेलाडीबीचको बेजोड प्रतिस्पर्धा ? कि कुन कालखण्ड वा विश्वस्तरमा प्रभाव पार्ने खेलाडीसँग ऊ खेल्दै छ भन्ने समयको लेखाजोखा ? कि वैयक्तिक आचरण, चरित्र, मिहिनेत र लगावमाथिको निर्मम समीक्षा ? निकैबेर प्रश्नहरूमा हराएँ।

सायद, यीमध्ये कुनै पनि नहुन सक्छ। भनौं न, मेरै यो लेखान्त पनि! वैयक्तिक कोणबाट हेर्दा समयसँगै जे लेखिँदै जान्छ, जे भोगिँदै जान्छ, र हरदिन जे घट्दै जान्छ- त्यसमा झन् खेल, खेल खेलिने मैदान, प्रतिस्पर्धी टिम र खेलाडी, प्रशिक्षक र समयको सम्मिश्रणलाई हामी नजरअन्दाज गर्न सक्दैनौं। यो लेख विशेषगरी मैले 'आइडल' मानेका उनै नेयमारप्रतिका मेरा सम्झनाका मीठा कोसेली हुन्। उनलाई कसरी पछ्याएँ भन्नेबारेमा।

भर्खरै सम्पन्न विश्वकपको क्वार्टर फाइनलको हारसँगै उनले अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिएका छन्। यद्यपि, ब्राजिलका राष्ट्रपतिले तत्काल सन्न्यास फिर्ता गर्न अनुरोधसमेत गरिसकेका छन्। उनले सन्न्यास फिर्ता लिन्छन् वा लिँदैनन्, त्यो भविष्यको कुरा रह्यो। तर, उनको खेलकौशल र खेल्ने शैलीप्रति लाखौं खेलप्रेमीको मनमस्तिष्कबाट भने उनले सन्न्यासको अनुमति पाउने छैनन्। हाम्रो पुस्ताले एक अब्बल र जादुमयी खेलकौशलको साक्षी हुने अवसर पायो; भनौं न, खेलको भरपूर आनन्द लियौं। प्रिय नेयमार, तिमीलाई हृदयदेखि धन्यवाद छ।

**यसरी भेट्टाएँ नेयमार** ! : आकाशतिर बादल झुम्म थिए; पानी कुनै पनि बेला पर्न सक्थ्यो। मान्छेहरू यसरी दौडिँदै थिए, मानौं घरका छतहरूमा धेरै दिनदेखि सुकाउनुपर्ने 'जिनिस' असरल्ल छन्। यदि केही सेकेन्ड ढिला भए एक हप्ता, महिना वा वर्षदिनको मिहिनेत खेर जानेछ। हुनसक्छ, यी-यस्तै कुरा सम्झेरै दौडिँदै थिए, मान्छेहरू। म तिनै भिडको कुनै कुनाबाट चुपचाप खरिबोटको ओरालो झर्दै थिएँ। गोजी सपक्क थियो। रित्तो गोजी बोकेर हिँड्दा मान्छे हलुंगो हुनुपर्ने हो, तर मन साह्रै गह्रौं थियो। त्यस दिन सायद 'भारत'बाट आएका कुनै गायक हायातको चौरमा गुञ्जने तरखरमा थिए। यता मनमा भने प्रश्न चल्मलाइरहेको थियो, 'यत्रो पैसा तिरेर कुनै सर्जक, खेलाडी वा कलाकार हेर्न मान्छे किन ओइरिन्छन् ?' आफैंसँग गफिँदै गोडाफाटको रफ्तारमा ओरालो झर्दै थिएँ। सायद पैसा नभएर यस्तो सोचमा पुगेको थिएँ। को हुन सक्छ, यदि नेपाल आयो भने मैले पैसा तिरेर हेर्न जाने मान्छे ? मनमनै गुथ्न थालें, तर अहँ ठम्याउनै सकिनँ त्यो मान्छे।

नढाँटी भन्दै छु, आजका दिनसम्म पैसा तिरेर कुनै पनि सर्जक, कलाकार, गायक-गायिका वा खेलाडी हेर्न वा उनीहरूको प्रतिभा सुन्न-देख्न गएको छैन। र, मनमा कसैप्रति यतिविघ्न आसक्ति वा घृणा पनि छैन। विभिन्न माध्यमबाटै उसैउसै सर्जकको कलामा रमाइरहेको हुन्छु। हुन सक्छ, एक्काइस वर्षे कलिलो ठिटो जसले कसैप्रति आकृष्ट हुनुपर्ने कुनै कारण भेट्टाउन सकेको छैन। बानेश्वरको कुनै कलेजमा पढ्दै गर्दा ठीकठाकै फुटबलप्रेमी भने चाहिँ थिएँ है! हाम्रै ग्याङमा एउटा ठिटो म्यानचेस्टर युनाइटेडको बडो फ्यान थियो। ऊ त्यसबेला क्रिस्टियानो रोनाल्डोको कुरा झिक्थ्यो; शरीरमा रोनाल्डोकै जर्सी सिउरेर देखा पर्थ्यो। त्यसबेला होस्टेलमा बस्थें, टीभी थिएन। उतिसाह्रो फुटबलप्रति चासो राखिराख्नुपर्ने कारण केही थिएन।

कुरा झिक्दै थिएँ त्यही दिनको! कलेज सकाएर लुखुरलुखुर खरिबोटको ओरालो झर्दै थिएँ। आफ्नै कक्षाको एक मित्रसँग अचानक भेट भयो। उसले खरिबोटछेउ साइबर खोलेको थियो। साइबर छिर्न आग्रह गरेपछि उसकै पछि लागें। चिया मगाउँदै गाउँका ती पुराना दिनका सम्झना केलाउन थाल्यो। मोजाको बल खेलेको प्रसंग एकाएक फ्याट्ट उप्कायो। फुटबलको प्रसंग आउनासाथ उसले ब्राजिलको सान्तोष क्लबबाट खेलिरहेको केटोको कला पहिलोपटक 'स्क्रिन'मा देखायो। सन् २०१२ तिरको कुनै दिनको कुरा हुनुपर्छ, जसको 'स्किल'ले नशाझैं लट्ठै बनायो मलाई। खुट्टाले फुटबललाई चुम्ने अद्भुत 'म्याजिसियन'। म त हेरेको हेर्‍यै। क्या जादु! क्या कला! क्या बबाल ड्रिब्लिङ! त्यसै दिनदेखि त्यो खेलाडीलाई पछ्याउन थालें; उसको सबै खेल हेर्न थालें। अन्तत: उसकै बेजोड फ्यान भएर निस्किएँ, 'आइडल' नै मानें। नेयमार जुनियरको जर्सी भिरेर फुटसल खेल्दा हातसमेत भाँचें। फुटबल जगत्को एउटा हिरा जो राजा बन्न नसकेको प्रिन्स, तर मेरा लागि त ऊ सदैव प्रिन्स, सदैव राजा नै थियो, जसको सबैजसो खेल मैले पछ्याएको थिएँ।

**थोरै उनको खेलजीवन** ! : भर्खरै सम्पन्न विश्वकपमा पराजित भएपछि नेयमार रुँदै 'आइ ट्राइड... नाउ इट्स ओभर' भन्दै अन्तर्राष्ट्रिय खेलबाट सन्न्यासको घोषणा गरे। उनको सन्न्यासको घोषणाले भन्दा मैदानमा उनका आँखाबाट खसिरहेका आँसुले मन चसक्क बनायो। ५ फेब्रुअरी १९९२ मा मोगी दास क्रुजेजमा जन्म भएको एउटा केटो। सायद उनी जन्मँदा पनि त्यसरी रोएका थिएनन् होला। बरा, त्यो फुच्चेलाई के थाहा ? आफ्नै पिता पनि एक असफल व्यावसायिक फुटबल खेलाडी थिए भन्ने कुरा। सुरुवाती दिनमा नेयमारका बुबा नै प्रशिक्षक थिए। उनी व्यावसायिक खेलाडी भएपछि व्यवस्थापक पनि उनकै बुबा भए। बा-छोराको यो अगाध प्रेम अविस्मरणीय छ।

त्यसैले त उनले आफ्नै पिताकै नामबाट 'जुनियर' जोडेर नाम राखे। त्यो नाम फुटबल जगत्मा चम्काए पनि! उनै नेयमार साओ भिसेन्टका गल्ली, सडक, खुला मैदान र स्थानीय साना क्लबहरूमा चुपचाप जादु देखाउँदै अन्तत: फुटबलमा 'क्रेज' भएको ब्राजिलजस्तो देशका फ्यानहरूको एउटा सपना नै बन्न पुगे। तर, विश्वकपको हकमा त्यो सपना भने अधुरै रह्यो। तर, केही छैन। ब्राजिलियन फ्यानहरूले मात्र होइन, विश्वका सबै फ्यानहरूले उनको असाधारण ड्रिब्लिङ, गति र बल नियन्त्रणको आनन्द भने पक्कै लिए। एघार वर्षको उमेरमा सान्तोष एफसी युथ एकेडेमीमा आबद्ध भएका नेयमारको प्रतिभाले लय र उचाइ चुम्दै गयो। सानो उमेरमै उनी ब्राजिलका लागि आशाजनक युवा खेलाडीमध्ये एक मानिन थाले। सान्तोषमा खेलकौशल देखाउँदा-देखाउँदै उनी सन् २०१३ मा स्पेनको एफसी बार्सिलोना गए।

> ●●●
>
> तर, उनको करियर यतिमै समाप्त भएन। उनी पुनः उपचारपछि खेल मैदानमा फर्किए, तर खेलको लय भने धेरै लरबराइसकेको थियो।
>
> ●●●

त्यहाँ उनले सन् २०१३ देखि २०१७ सम्म खेले। बार्सिलोना छँदा संसारभरका खेलप्रेमीहरूले 'एमएसएन' (मेस्सी, सुआरेज, नेयमार) को आक्रामक टोली खुब मन पराए। तर, उनले त्यहाँ छँदा कुनै बालोन डी'ओर जित्न सकेनन्। उनलाई लाग्यो, म मेस्सीको छायामा परें। त्यसपछि उनी सन् २०१७ मा विश्वकै सबैभन्दा महँगो खेलाडी बन्दै पीएसजी पुगे। तर, पीएसजीलाई न यूसीएल जिताउन सके न त उनले बालोन डी'ओर नै जिते। त्यसपछि उनको ओरालो यात्रा सुरु भयो। साउदीको अल हिलालमा केही वर्ष भौंतारिएर उनी फेरि युवावस्थाकै क्लब सान्तोष फर्केका छन्। उनी ब्राजिलका सर्वाधिक गोलकर्ता हुन्। एक सय तीस खेल, असी गोल। उनको नाममा अन्ठाउन्न असिस्ट पनि छ। पेलेले बनाएको राष्ट्रिय गोलको कीर्तिमान तोड्दै आफ्नै नाममा लेखाएका छन्। तर, उनी यतिमा सन्तुष्ट छैनन्। उनको लागि विश्वकप निकै महत्त्वपूर्ण थियो, तर त्यो सपना अन्त्यको कहानी हामी सबैको सम्झनामा छँदै छ।

सन् २०१४ को विश्वकप। ४ जुलाई २०१४ को दिन। ब्राजिलविरुद्ध कोलम्बिया क्वार्टरफाइनलको खेल खेल्दै थियो। खेलको मध्यान्तरतिर नेयमारको ढाडमा जुवान क्यामिलो जुनिगाको घुँडा बजारियो। नेयमार मैदानमा पछारिए। उनको मेरुदण्ड भाँचियो, मजस्ता करोडौं फ्यानको मन पनि। र, बाँकी विश्वकप खेल्न उनी असमर्थ भए। ब्राजिलले जर्मनीसँग लज्जास्पद हार बेहोर्नुपर्‍यो। सायद, त्यस दिन उनी टोलीका लागि कति महत्त्वपूर्ण खेलाडी थिए भन्ने कुरा प्रमाणित नै भयो। तर, उनको करियर यतिमै समाप्त भएन। उनी पुन: उपचारपछि खेल मैदानमा फर्किए, तर खेलको लय भने धेरै लरबराइसकेको थियो। चोटका कारण मैदानबाहिर धेरै रहनु परेकाले उनको खेल हेर्न नपाए पनि म भने उनको दैनिक क्रियाकलापको ब्लग नेयमार जुनियरको आधिकारिक वेबसाइटमा गएर हेर्थें। र, त्यहाँ उनी मुस्कुराइरहेको देख्दा म उसैउसै खुसी हुन्थें।



# जीवन-मृत्युबीच आत्मालाप



डा. राजकुमार छेत्री

समीक्षा




साहित्यसर्जक डा. दामोदर पुडासैनी 'किशोर'को 'कालो आँधी' नेपाली आख्यानेतर गद्य साहित्यमा नवीन प्रयोगका रूपमा देखा परेको कृति हो। लेखकले यसलाई 'मनालाप' नाम दिनुभएको छ, जुन आत्मसंवाद, आत्मालाप र आत्मस्वीकृतिको निर्बन्ध अभिव्यक्ति हो। यसमा बाह्य घटनाभन्दा अन्तर्मनका अनुभूति, चिन्तन र चेतनाका तरंगहरू प्रमुख रूपमा अभिव्यक्त भएका छन्। शब्दकोशीय अर्थमा मनालाप आत्मालाप, अन्तर्मनको कथन वा आफैंसँग गरिने संवाद हो। यही अर्थमा प्रस्तुत कृति लेखकको अन्तरचेतनाबाट उद्भुत अनुभूति, प्रश्न, निष्कर्ष र जीवनबोधको सघन अभिलेख बनेको छ।

शीर्षकले संकेत गरेझैं 'कालो आँधी' कुनै प्राकृतिक विपत्तिको कथा होइन; यो मानव अस्तित्वमाथि आइपर्ने अकस्मात् संकट, पीडा र आत्मसंघर्षको प्रतीकात्मक आख्यान हो। 'नेजोफेरेन्जियल कार्सिनोमा' जस्तो घातक क्यान्सर रोगसँगको मुठभेडले लेखकलाई जीवन र मृत्युको सीमारेखामा पुर्‍याएको थियो। उपचार प्रक्रियाका शारीरिक तथा मानसिक कष्टहरूका बीच उहाँले जीवन, समाज, सम्बन्ध, आस्था र अस्तित्वलाई नयाँ दृष्टिले नियाल्नु भएको छ। यही मृत्यु-सन्निकट अनुभवबाट जन्मिएको आत्ममन्थन नै 'कालो आँधी'को मूल संवेदनात्मक आधार हो।

कृतिको सबैभन्दा उल्लेखनीय पक्ष यसको प्रमाणीकता हो। यहाँ लेखकले कुनै आवरण, आडम्बर वा सामाजिक अभिनयको सहारा लिनु भएको छैन। जीवनले सिकाएका कठोर सत्य, सम्बन्धका जटिलता, अपेक्षा र यथार्थबीचका अन्तरविरोध तथा मानवीय दुर्बलताहरूलाई प्रकाश पारिएको छ। यसकारण कृति व्यक्तिगत अनुभवको सीमाभन्दा माथि उठेर साझा मानवीय अनुभूतिको धरातलमा स्थापित भएको छ।

'कालो आँधी' आत्मकथात्मक स्वरूपको भए पनि यसको उद्देश्य केवल व्यक्तिगत जीवनवृत्त प्रस्तुत गर्नु होइन। लेखकले निजी पीडालाई व्यापक मानवीय अनुभव र दार्शनिक चिन्तनसँग जोडेर जीवनको अर्थ खोज्ने प्रयास गर्नुभएको छ। कृतिभरि भय, अनिश्चितता, आशंका र वेदनाका अनेक तह उद्घाटित छन्, तर तिनका बीचमा जीवनप्रतिको अटुट आस्था, जिजीविषा र पुनर्निर्माणको विश्वास झन् सशक्त रूपमा अभिव्यक्त भएको छ। यसर्थ, 'कालो आँधी' पीडाको मात्र अभिलेख नभई आशा र पुनर्जागरणको दस्तावेज पनि हो।

प्रस्तुत कृतिमा सम्बन्धहरूको पुनर्मूल्यांकन पनि महत्त्वपूर्ण विषयका रूपमा उपस्थित छ। रोगले मानिसलाई शारीरिकमात्र होइन, सामाजिक र भावनात्मक रूपमा समेत परीक्षण गर्छ भन्ने यथार्थ लेखकका अनुभूतिमार्फत प्रकट भएको छ। संकटका क्षणमा आफन्त, साथीभाइ र समाजबाट प्राप्त व्यवहारले सम्बन्धहरूको वास्तविक स्वरूप उद्घाटित हुन्छ। यही अनुभवले कृतिलाई थप मार्मिक, यथार्थपरक र चिन्तनशील बनाएको छ। विचारगत दृष्टिले 'कालो आँधी' आलोचनात्मक चेतनाले सम्पन्न कृति हो। लेखकले जीवन, धर्म, समाज, शक्ति, न्याय र मानवीय सम्बन्धसम्बन्धी स्थापित मान्यतामाथि प्रश्न उठाउनुभएको छ। उहाँका निष्कर्षहरूसँग पाठक पूर्णत: सहमत रहुन् वा नरहुन्, तिनले पाठकलाई सोच्न र पुनर्विचार गर्न भने बाध्य बनाउँछन्। यही बौद्धिक चुनौती नै कृतिको महत्त्वपूर्ण उपलब्धि हो।

भाषिक दृष्टिले कृति प्रभावकारी छ। सरल, प्रवाहपूर्ण र संवेदनशील भाषाशैलीका कारण जटिल अनुभूति र दार्शनिक चिन्तनसमेत सहज रूपमा सम्प्रेषित भएका छन्। कतै संस्मरणात्मक, कतै आत्मस्वीकृति परक र कतै दार्शनिक शैलीको प्रयोगले कृतिलाई बहुआयामिक बनाएको छ। अनुभूति र विचारको सन्तुलित संयोजनले यसलाई भावुकताको सीमामा मात्र सीमित हुन नदिई साहित्यिक गरिमा प्रदान गरेको छ।

रत्न पुस्तक भण्डारद्वारा प्रकाशित 'कालो आँधी' एक्काइसौं कृति रहेछ डा. दामोदरको। यसअघि उहाँका 'आफन्तका अनुहारहरू', 'आँखाको खोजीमा', 'आलोकित आयाम' र 'डोल्पो : ओ डोल्पो' आदि गरी नियात्रासंग्रह तथा एउटा दर्शनसम्बन्धी कृति 'धर्मको ह्याङओभर' प्रकाशन भइसकेका छन्। यसका अतिरिक्त एक आर्थिक व्यवस्थापनसम्बन्धी कृति पनि प्रकाशित छ। अत: कविता, नियात्रा, दर्शन तथा अन्य विधामा उहाँले उल्लेखनीय योगदान पुर्‍याइसक्नुभएको छ।

'कालो आँधी'ले उहाँलाई केवल सर्जकका रूपमा होइन, जीवनका गहिरा प्रश्नहरूसँग जुध्ने संवेदनशील चिन्तकका रूपमा पनि स्थापित गरेको छ। उहाँको सिर्जनात्मक कृति र साहित्यिक योगदानबारे त्रिभुवन विश्वविद्यालयलगायत यसबाट सम्बन्धन प्राप्त विभिन्न महाविद्यालय (क्याम्पस)हरूबाट कल्पना दवाडी, लक्ष्मी पौडेल, शारदाकुमारी ढुंगानालगायत शोधार्थीले स्नातकोत्तर तहमा शोधपत्र तयार गरिसकेका छन्। यस्तै, विश्वविद्यालय र त्यसका आंगिक क्याम्पसहरूमा अझ धेरैवटा शोधकार्य तथा प्राज्ञिक अध्ययन-अनुशीलन भइरहेको थाहा लाग्छ। उहाँले दुई दर्जन देशको भ्रमण गरिसक्नुभएको छ। कृति पढ्दै जाँदा प्रत्येक पृष्ठमा प्रेरणादायक तथा कवितात्मक पंक्तिहरू भेटिन्छन्।

- साहित्य शोध हो, सत्यको अनुसन्धान हो। साहित्यको नाममा पुरानै कुराहरू दोहोर्‍याइरहने हो भने साहित्य लेख्नु र पढ्नुको के अर्थ ? मान्छेले जीवनभर जीवनका अनेकौं रहस्यहरू खोतलिरहन्छ, बुझ्न कोसिस गर्छ र सबै कुरा प्रस्ट नहुँदै मृत्युवरण गर्दछ।
- राम्रोसँग बुझ्न थालियो भने यो जीवन र जगत्जति सुन्दर अरू केही छैन। यही जीवनका हरेक क्षणलाई सिर्जनशील बनाउने हो भने संसार अझ सुन्दर र फलदायी बनाउन सकिन्छ। त्यसैले जीवन व्यर्थ छैन, अनमोल छ; निस्सार छैन, सारपूर्ण छ- फगत चाहियो जाँगर, समयको सही सदुपयोग र ठीक दृष्टिकोण।
- जीवन संघर्ष हो, सम्झौता पनि हो। संघर्ष र सम्झौताको बीचमा प्रेमका पांग्राहरू चले भने रसिलो हुँदो रहेछ जीवन।
- निरर्थक हुने रहेछ प्रेमबिनाको जीवन। प्रेमकै अभावले निम्त्याउने रहेछ जीवनमा दु:ख।
- जिन्दगीलाई जिन्दगीभर सजगतापूर्वक हेरिरहनुपर्ने रहेछ। नत्र एक सेकेन्डमै गुमनाम हुन बेर छैन जीवन अस्तित्व। जिन्दगी सोचाइभन्दा बढी भोगाइ हो। सोचेजस्तो र खोजेजस्तो मात्र जिन्दगी हुँदैन। नलेखिएको खाली कागजजस्तो जिन्दगीलाई व्यक्ति स्वयंले बनाउने हो सार्थक र अर्थपूर्ण।
- मैले लेख्नुपर्छ। हरेक मान्छेका आ-आफ्नै कथा हुन्छन्। एकको कथा अर्कोसँग मिल्दैन, तर हरेकको कथा अर्कोको लागि उदाहरण बन्न सक्छ। मेरो कथा मैले नलेखे लेख्ने कसले? मेरो कथा मेरा लागि हो नै।

समालोचक डा. नेत्र एटमले भूमिकामा कृतिलाई 'सुनाउन होइन, अनुभूत गराउन लेखिएको कृति' भनी मूल्यांकन गर्नुभएको छ। उहाँका अनुसार क्यान्सरसँगको साक्षात्कारपछि लेखकले जीवनलाई नयाँ दृष्टिले नियाल्दै प्राप्त अनुभूति र निष्कर्षहरूलाई मार्मिक तथा यथार्थपरक ढंगले अभिव्यक्त गर्नु भएको छ। प्रकाशकले यसलाई जीवन-संघर्ष, साहस र आत्मविश्वासको सशक्त दस्तावेजका रूपमा प्रस्तुत गरेको छ। लेखकका शब्दमा यो 'जीवन र मृत्युको लडाइँको मझधारमा बसेर लेखिएको मनको आलाप' हो।

नेपाली साहित्यमा अस्तित्ववादी आत्मालाप वा मनालाप शैलीका कृतिहरू अत्यन्त न्यून छन्। जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा' पढेपछि यस्तै शैलीमा लेखिएका अरू कृति पढ्ने मनको लोभ र धोको थियो। मनको त्यो चाहना र धोको यस कालो आँधीले पूर्ण गरिदिएको छ। विधागत नवीनता, वैचारिक गहिराइ, अनुभूतिको प्रामाणिकता र जीवनबोधको सघनताका कारण 'कालो आँधी' विशेष महत्त्वको कृति बनेको छ। यस कृतिले एक व्यक्तिको रोग, पीडा र संघर्षलाई मात्र अभिव्यक्त गर्दैन, मृत्युको छायाँमा उभिएर जीवनलाई पुन: चिन्ने मानवीय यात्रालाई पनि शब्द दिन्छ। आत्मस्वीकृति, आलोचनात्मक चेतना, वैज्ञानिक दृष्टि र जीवनप्रतिको अटुट आस्थाको सशक्त संयोजनका कारण यो कृति व्यक्तिगत अनुभवको अभिलेखमात्र नभई जीवन, मृत्यु, अस्तित्व र मानवीय सम्बन्धबारे गम्भीर विमर्श गर्ने उल्लेखनीय साहित्यिक दस्तावेजका रूपमा स्थापित भएको छ।

# वनफूलको सुवासमा विद्रोह



जे. पाण्डे

समीक्षा




*एक फरक मुसाफिर हुँ म,*
*मेरो दुनियाँ अरूको जस्तो छैन,*
*मेरो दुनियाँजस्तो अरूको छैन*
*म राउटेनी, अर्थात् वनफूल।*

यी पंक्ति सुनाउँदै नेपालगन्जको महेन्द्र पुस्तकालयमा टक्क उभिइन्, निरञ्जना चन्द 'निरु'। उनका शब्दमा पहाडको चिसो हावा, जंगलको एकान्त र आफ्नै ढंगले बाँच्न खोज्ने एउटी स्त्रीको विद्रोही आवाज मिसिएको थियो। उनको हातमा थियो, 'वनफूलको विद्रोह'- ६१ कविता समेटिएको १९२ पृष्ठको काव्यसंग्रह। तर, यो केवल कविताको संग्रहमात्र होइन; यसभित्र समाजले किनारमा धकेलेका मानिसका आवाज, स्त्रीका पीडा, विभेदविरुद्धका प्रश्न र अस्तित्वको खोजी फुलेका छन्।

नेपालगन्ज अवधी भाषाको मिठास, थारू संस्कृतिको गहिराइ र अनेक जाति-भाषाको संगमले बनेको तराईको सहर हो। त्यही सहरमा सुर्खेतको पहाडबाट आएकी निरञ्जना नेपाली कवितामार्फत अर्को भूगोलको कथा सुनाइरहेकी थिइन्। पहाडबाट तराई झरेकी कवयित्रीका कवितामा राउटेनीको जीवनदेखि स्त्रीको संघर्ष, सामाजिक विसंगतिदेखि आफ्नै पहिचानको खोजीसम्मका स्वर सुनिन्छन्। उनको 'वनफूल' जंगलमा फुल्ने फूल मात्र होइन। यो सभ्यताको नाममा किनारमा पारिएका जीवनको प्रतीक हो, आफ्नो नाम आफैं लेख्न खोज्ने स्त्रीको आवाज हो र मूलधारबाट टाढा पारिएका मानिसहरूको अस्तित्वबोध हो।

त्यसैले महेन्द्र पुस्तकालयको त्यो सानो सभाकक्षमा 'वनफूलको विद्रोह' पहाड र तराईबीचको एउटा सांस्कृतिक पुलजस्तो देखिन्थ्यो। भेरी साहित्य समाजका अध्यक्ष हरिप्रसाद तिमिल्सिना भन्छन्, 'निरञ्जनाको यो तेस्रो फूल हो। यस कृतिमा कवयित्रीले समाजको सतहमा देखिने यथार्थलाई मात्र टिपेकी छैनन्, त्यसको अन्तरतहमा लुकेका सामाजिक विडम्बना, चेतना र परिवर्तनका आकांक्षालाई पनि कविताको सौन्दर्यमा रूपान्तरण गरेकी छन्।'

संग्रहमा गाउँदेखि सहरसम्म फैलिएको नेपाली समाजका विविध अनुहार देखिन्छन्। सामाजिक सुधारको आग्रह, विसंगतिप्रतिको प्रश्न र परिवर्तनको आकांक्षा यसका उल्लेखनीय पक्ष हुन्। कविता यहाँ भावनाको सौन्दर्यमा मात्र सीमित छैन; यसले पाठकलाई आफ्नै समाज र परिवेशमाथि पुनर्विचार गर्न बाध्य बनाउँछ।

यद्यपि, कृति अवध क्षेत्रको सामाजिक-सांस्कृतिक भूगोलसँग जोडिए पनि त्यहाँका सीमान्तकृत तथा स्थानीय महिलाका अनुभव, संघर्ष र मौनतालाई अझ गहिराइमा समेट्न सकिने ठाउँ बाँकी देखिन्छ। ती स्वरले पर्याप्त काव्यिक 'स्पेस' पाएको भए कृतिको सामाजिक आयाम अझ फराकिलो बन्न सक्थ्यो। कवयित्री भन्छिन्, 'मैले आफू जन्मिएको, हुर्किएको र बाँचिरहेको भूगोलमा जे देखें, जे भोगें, त्यही नै मेरा कविताको भावभूमि हो।' यो भनाइ उनको काव्यचेतनाको मूल आधार हो। उनका लागि भूगोल नक्सामा सीमांकित ठाउँ मात्र होइन; स्मृति, अनुभूति, सम्बन्ध, संघर्ष र सामाजिक जीवनले बनेको जीवित संसार हो। त्यसैले उनको कविता 'मैले देखेको समाज'को अभिलेखमात्र होइन, 'मैले भोगेको समाज'माथिको प्रश्न पनि हो। उनको विद्रोह बाहिरबाट आयातित नाराभन्दा आफ्नै माटो र समयसँग गरिएको संवाद हो।

निरञ्जना अर्को ठाउँमा भन्छिन्, 'आफूभित्र चेष्टाहरू जागेका बेला मैले आफूलाई म को हुँ भन्ने नै बिर्सन पुगेकी छु, घरिघरि। तथापि, म यात्रामा अविचलित छु। गन्तव्य स्पर्श गर्न आतुर छु।' यस अभिव्यक्तिमा उनको सिर्जनात्मक बेचैनी र आत्मखोज दुवै भेटिन्छ। 'म को हुँ ?' भन्ने प्रश्न उनको यात्रामा बारम्बार उठे पनि यात्रा रोकिएको छैन। उनका लागि गन्तव्य केवल साहित्यिक उपलब्धि होइन; आफ्नो पहिचान, आत्मस्वीकृति र जीवनसत्यको खोजी पनि हो। आफूलाई खोज्ने क्रममा कहिलेकाहीँ आफूलाई हराउनु पनि गहिरो आत्मअन्वेषणकै हिस्सा बन्न सक्छ।

संग्रहको अन्तिम कवितामा आउने 'ठुली' पात्रले यही यात्राको सार बोकेको देखिन्छ :

*ठूली मुस्कुराउँछे*
*जीवनको पहाडमाथि उक्लँदै*
*दु:खका छहरा नाघेर*
*संघर्षको झरनामा मुहार धुन्छे।*
*धर्तीमा उभिएर*
*पीडाहरूको वर्षात्मा ओत लाग्न*
*आकाशको छाता ओढ्छे।*
*ठुली मुस्कुराउँछे*
*हिउँजस्तै उज्यालो भएर।*
*उसको मुस्कानमा छ*
*जीवनको गतिशील बहाव।*

'ठूली'को मुस्कान यहाँ सामान्य मुस्कान होइन। यो पीडामाथि उभिएर जन्मिएको उज्यालो हो। दु:खका छहरा पार गरेर पनि ऊ पराजित हुँदिन। त्यसैले कृतिको अन्त्य पीडामा होइन, मुस्कानमा हुन्छ। यहीँ 'वनफूलको विद्रोह'को मूल दर्शन भेटिन्छ- विपरीत परिस्थितिमा पनि फुलिरहनु, झुक्नु परे पनि नटुट्नु र पीडालाई जीवनको उज्यालोमा बदल्नु। सुर्खेतको सिम्ताबाट तराईसम्म फैलिएको निरञ्जनाको काव्ययात्रामा पहाडको स्मृति, तराईको वर्तमान, सामाजिक यथार्थ, महिला जीवनका भोगाइ र परिवर्तनको आकांक्षा एकसाथ देखिन्छन्। 'निरुको साइनो' र 'निरूपण'पछि आएको 'वनफूलको विद्रोह' उनको साहित्यिक यात्राको अर्को महत्त्वपूर्ण चरण हो।

कवयित्री चन्द आफ्ना सिर्जनाहरूलाई आफ्नै कोखबाट जन्मिएका सन्तानसँग तुलना गर्छिन्। उनका लागि हरेक सिर्जना उत्तिकै प्रिय छन्। उनी भन्छिन्, 'यी मेरा बौद्धिक सन्तान हुन् भने छोराछोरी मेरा जैविक सन्तान हुन्।' यही कारण उनका लागि प्रत्येक कृति आफ्नै सन्तानजत्तिकै आत्मीय र अमूल्य छन्। केही वर्षका लागि उनी साहित्यिक यात्रामा विश्राम लिँदैछिन्। करिब तीन वर्षपछि भने अर्को कृतिका बारेमा सोच्न सकिने उनी बताउँछिन्। सानै उमेरदेखि साहित्यप्रति उनको गहिरो रुचि थियो, त्यही रुचिले उनलाई साहित्यको यात्रातर्फ डोर्‍यायो। यद्यपि २०७५ सालदेखि भने उनी साहित्यिक क्षेत्रमा अझ सक्रिय रूपमा लागेकी हुन्।

शिक्षण पेसामा संलग्न भए पनि जीवनको उत्तरार्धसम्मै साहित्यलाई आफ्नो कर्मभूमि बनाउने उनको दृढ चाहना छ। उनका लागि साहित्य केवल लेखन होइन, जीवनलाई अर्थ दिने एउटा निरन्तर साधना हो। त्यसैले केही समयको विश्रामपछि पनि उनको कलम फेरि नयाँ अनुभूति, विचार र सिर्जनाका साथ अघि बढ्ने अपेक्षा गर्न सकिन्छ।

अन्तत: 'वनफूलको विद्रोह' ६१ कविताको संग्रहमात्र होइन। यो आफ्नै भूगोल, भोगाइ र समयसँग एउटी सर्जक महिलाले गरेको संवाद हो। यहाँका फूल फरक-फरक छन्, तर तिनको साझा जरा एउटै छ- जीवनलाई अझ अर्थपूर्ण, न्यायपूर्ण र उज्यालो बनाउने आकांक्षा। यही आकांक्षाबाट जन्मिएको 'वनफूल' नै अन्तत: निरञ्जनाको विद्रोह बनेर फुलेको छ।

# म्यामथदेखि हात्तीसम्म

संरक्षणको प्रश्न हात्ती र मानिसमध्ये कसले जित्ने भन्ने होइन; प्रश्न हो, दुवै कसरी सँगै बाँच्ने ? हात्ती आफ्नो ऐतिहासिक बाटो पछ्याउँदै छ, अब हामीले उसको बाटो कहाँ छोड्ने भनेर सोच्ने बेला आएको छ।



डा. दिनेश न्यौपाने

प्रकृति

हलिउडको चर्चित एनिमेसन चलचित्र 'आइस एज' हेर्नुभएको छ ? जसमा विशाल म्यामथ 'म्यानी' आफ्नो अस्तित्व, परिवार र साथीहरूको सुरक्षाका लागि हिमयुगको कठोर संसारमा संघर्ष गरिरहेको देखिन्छ। म्यानी एउटा काल्पनिक पात्र भए पनि उसको कथा वास्तविक जीवसँग जोडिएको छ।

वास्तविक म्यामथहरू हिमयुगको अत्यन्त चिसो वातावरणमा बाँच्न अद्भुत रूपमा अनुकूलित थिए। यद्यपि, म्यामथ आजका हात्तीको प्रत्यक्ष पुर्खा भने होइन। म्यामथ र आधुनिक हात्तीहरू एउटै साझा पूर्वजबाट विकसित भएका नजिकका विकासवादी नातेदार हुन् र यी दुवै 'इलेफेन्टाइडी' अर्थात् हात्ती परिवारमा पर्छन्। समयक्रममा यी वंशहरू अलग-अलग विकासवादी बाटोमा अघि बढे, जसअन्तर्गत म्यामथको वंश विलुप्त भयो भने आधुनिक एसियाली र अफ्रिकी हात्तीका वंशहरू आजसम्म जीवित छन्। नेपालमा देख्ने एसियाली हात्ती त्यही लामो विकासवादी इतिहासको जीवित प्रतिनिधि हो।

विगतको विस्तृत बासस्थान र खुम्चिँदो वर्तमान : आजको तराईलाई खेत, बस्ती, सडक, बजार, उद्योग र विभिन्न पूर्वाधारले भरिएको भू-दृश्यका रूपमा देख्छौं। तर, तराई सधैं यस्तो थिएन। नेपालको तराईको ठूलो भूभाग कुनै समय बाक्लो वन, घाँसे मैदान, सिमसार, नदी तथा प्राकृतिक मार्गले जोडिएको विस्तृत भू-दृश्य थियो। हात्तीलगायतका ठूला वन्यजन्तुका लागि यो आवागमन, आहार, पानी र प्रजननका दृष्टिले अत्यन्त महत्त्वपूर्ण क्षेत्र थियो।

समयसँगै वन फँडानी, कृषि र बसोबासको विस्तार, अतिक्रमण तथा पूर्वाधार निर्माणले यो भू-दृश्यलाई पूरै परिवर्तन गरिदियो। विशेषगरी तराई पुनर्वास तथा त्यससँग सम्बन्धित वन फँडानी र बसोबास विस्तारको ऐतिहासिक प्रक्रियाले वन क्षेत्रलाई क्रमशः खण्डित गर्दै लग्यो। जुन ठाउँ कुनै समय हात्तीको बासस्थान वा आवागमन क्षेत्र थियो, त्यहाँ आज मानिसका घर, खेत, सडक, विद्युत् संरचना वा अन्य विकासका पूर्वाधारहरू छन्। यसरी हेर्दा एउटा असहज सत्य हाम्रोसामु छ- हात्तीको संसार खुम्चिँदै गयो, मानिसको संसार फैलिँदै गयो।

**आवागमन, आनुवंशिक स्वास्थ्य र पूर्वाधार** : हात्तीको आवागमन खाना, पानी, सुरक्षा, मौसम, सामाजिक समूह र भू-दृश्यका अन्य संकेतबाट प्रभावित हुन्छ। पुस्तौंदेखि प्रयोग हुँदै आएका प्राकृतिक आवागमन मार्गहरू मानव हस्तक्षेपपछि पनि हात्तीका लागि उत्तिकै महत्त्वपूर्ण रहन सक्छन्। यसलाई मानिसले जस्तो 'पुरानो बाटो सम्झेर हिँडेको' भनेर सरल रूपमा बुझ्नु वैज्ञानिक दृष्टिले उचित नहुन सक्छ। तर, ऐतिहासिक रूपमा हात्तीले प्रयोग गर्दै आएको भू-दृश्यमा मानिसको अतिक्रमण र पूर्वाधार विस्तार हुँदा हात्ती र मानिसबीचको अन्तरक्रिया मात्र बढ्दैन, द्वन्द्वको सम्भावना पनि बढ्छ।

हात्ती संरक्षण भनेको जंगलको एउटा टुक्रामा हात्तीलाई जोगाउनुमात्र होइन। हात्तीलाई जोडिएको भू-दृश्य, आवागमन मार्ग र विभिन्न बासस्थानबीचको प्राकृतिक सम्पर्क चाहिन्छ। नेपालमा हात्तीका बासस्थान र आवागमन क्षेत्रहरू सडक, नहर, पर्खाल, तारबार, बस्ती तथा अन्य संरचनाका कारण क्रमशः टुक्रिँदै गएका छन्। यो केवल 'जंगल घट्यो' भन्ने समस्यामात्र नभई 'वासस्थान खण्डीकरण'को गम्भीर समस्या हो। जब हात्तीका विभिन्न समूहबीच प्राकृतिक आवागमन बन्द हुन्छ, उनीहरूबीचको आनुवंशिक प्रवाह घट्न सक्छ। लामो समयसम्म जनसंख्या अलग-अलग रहँदा आनुवंशिक विविधता घट्ने र दीर्घकालीन रूपमा वातावरणीय परिवर्तन तथा अन्य दबाबसँग अनुकूलन गर्ने क्षमता गुम्ने जोखिम हुन्छ। त्यसैले, जैविक मार्ग जोगाउनु हात्तीलाई बाटो दिनुमात्र होइन, उसको दीर्घकालीन आनुवंशिक स्वास्थ्य जोगाउनु पनि हो। यसर्थ, सरकारले नयाँ सडक, विद्युत् लाइन, नहर वा अन्य रेखीय पूर्वाधार निर्माण गर्दा हात्ती तथा अन्य ठूला वन्यजन्तुको आवागमनलाई योजनाको सुरुआती चरणमै समेट्नुपर्छ।

**मानव-हात्ती द्वन्द्वमा क्षति अनि व्यवस्थापनको प्रश्न** : धान पाकेको खेत हात्तीका लागि सजिलै उपलब्ध खाना हुन सक्छ, तर किसानका लागि त्यही धान वर्षभरिको मेहनत र परिवारको खाद्य सुरक्षा हो। हात्तीका लागि यो खाना खोज्ने प्राकृतिक व्यवहार भए पनि किसानका लागि त्यसले केही घण्टामै महिनौंको मेहनत नष्ट गर्न सक्छ। त्यसैले मानव-हात्ती द्वन्द्वलाई केवल 'हात्तीको समस्या' भनेर हेर्नु गलत हुन्छ। मानिसको ज्यान, घर, अन्नबाली र सम्पत्तिको क्षति पनि उत्तिकै वास्तविक छ। संरक्षणका नाममा स्थानीय समुदायलाई मात्र जोखिम र क्षति सहन बाध्य पार्न मिल्दैन। त्यसैले द्वन्द्व व्यवस्थापनका दुईवटा समानान्तर लक्ष्य हुनुपर्छ- पहिलो, मानिसको ज्यान, जीविकोपार्जन र सम्पत्तिको क्षति घटाउने र दोस्रो, त्यसको प्रतिक्रियास्वरूप हुने हात्तीको प्रतिशोधात्मक हत्या रोक्ने।

नेपालको हात्ती व्यवस्थापनमा अर्को गम्भीर कमजोरी भनेको 'प्रतिक्रियात्मक व्यवस्थापन' हो, अर्थात् घटना भएपछि मात्र सक्रिय हुने प्रणाली। हात्ती बस्तीमा पस्यो भने टोली पठाउने, क्षति भएपछि विवरण उठाउने, मानिस घाइते वा मृत्यु भएपछि उद्धार गर्ने र त्यसपछि क्षतिपूर्ति दिने प्रवृत्ति छ। यस्तो प्रणालीले समस्या आएपछि परिणामको व्यवस्थापन त गर्छ, तर समस्या आउनुअघि जोखिम व्यवस्थापन गर्दैन। अब व्यवस्थापनको प्रश्न बदलिनुपर्छ। हात्ती कहाँ छ ? कुन दिशातर्फ गइरहेको छ ? कुन बस्ती जोखिममा छ ? कुन मार्गबाट हात्ती नियमित रूपमा आवतजावत गर्छ ? कुन समयमा मानव-हात्ती अन्तरक्रिया बढी हुन्छ ? यी प्रश्नको उत्तर 'वास्तविक समयको अनुगमन'बाट खोज्नुपर्छ।

**प्रतिशोधात्मक हत्याको जोखिम** : संरक्षण प्रविधि, स्थानीय समुदायबाट आउने तत्काल सूचना, मोबाइल-आधारित सूचना प्रणाली तथा अन्य उपयुक्त प्रविधिलाई एउटै सूचना संयन्त्रमा जोड्न सकिन्छ। तर, उपकरण राख्नुमात्र अनुगमन होइन; प्राप्त सूचना तुरुन्तै विश्लेषण भएर स्थानीय समुदाय, वन कार्यालय, स्थानीय सरकार, प्रहरी र द्रुत प्रतिक्रिया टोलीसम्म पुग्नुपर्छ। एउटा हात्ती साँझपख जंगलबाट निस्केर बस्तीको दिशामा अघि बढिरहेको छ भने, त्यसको सूचना गाउँसम्म पुग्न सके किसान खेतमा नजाने, बालबालिका तथा वृद्धलाई सुरक्षित राख्ने र स्थानीय टोलीले सुरक्षित दूरीबाट हात्तीको आवागमन व्यवस्थापन गर्ने अवसर पाउँछन्। सूचना हात्तीले घर भत्काइसकेपछि मात्र आयो भने त्यो अनुगमन नभई घटनाको अभिलेखमात्र बन्छ। त्यसैले यसलाई 'पूर्व-चेतावनी प्रणाली'सँग जोड्नुपर्छ।



फोटो : अभयराज जोशी

मानव-हात्ती द्वन्द्वको सबैभन्दा संवेदनशील परिणाम प्रतिशोधात्मक हत्या हो। आफ्नो खेत नष्ट भएको, घर भत्किएको वा परिवारको सदस्य गुमाएको मानिसमा आक्रोश उत्पन्न हुनु अस्वाभाविक होइन। त्यस्तो अवस्थामा स्थानीय समुदायलाई केवल 'हात्ती जोगाऊ' भनेर उपदेश दिनु संरक्षणको सही तरिका होइन। राज्यले पहिले पीडित नागरिकको सुरक्षा, न्यायोचित राहत र क्षतिपूर्तिको सुनिश्चितता गर्नुपर्छ। साथै, त्यही आक्रोश हात्तीको हत्या वा अवैध गतिविधिमा परिणत हुन दिनु हुँदैन। यसमा हात्ती मारिएपछि त्यसका अंग, विशेषगरी दाह्राबाट पैसा कमाउन सकिन्छ भन्ने आपराधिक अपेक्षा जोडिने खतरा पनि रहन्छ। अहिले नगण्य देखिने यस्तो प्रवृत्ति भविष्यमा ठूलो अवैध बजार वा संगठित वन्यजन्तु अपराधको झिल्को बन्न सक्छ। सानो समस्या नियन्त्रण गर्ने सबैभन्दा राम्रो समय त्यो ठूलो बन्नुअघि नै हो।

**'समस्याग्रस्त हात्ती', मिनी सेन्चुरीको अवधारणा** : मानव बस्तीमा बारम्बार प्रवेश गर्ने हात्तीलाई हामी प्रायः 'समस्याग्रस्त हात्ती' भन्छौं। तर, हरेक पटक समस्या हात्तीमै खोज्नु उचित हुँदैन। यदि हात्तीको प्राकृतिक मार्ग बन्द गरिएको छ, बासस्थान टुक्र्याइएको छ, पानी र आहारको उपलब्धता घटेको छ र त्यसपछि ऊ मानव बस्तीमा पुग्छ भने समस्या हात्तीमा मात्र सीमित छैन। कहिलेकाहीं समस्याग्रस्त भनिएको हात्ती वास्तवमा व्यवस्थापनमा भएको कमजोरीको परिणाम पनि हुन सक्छ। यसको अर्थ बस्तीमा आउने हात्तीलाई व्यवस्थापन गर्नु पर्दैन भन्ने होइन, किनकि मानिसको सुरक्षा सर्वोच्च प्राथमिकता हो। तर, व्यवस्थापन वैज्ञानिक, सुरक्षित, लक्षित र प्रमाणमा आधारित हुनुपर्छ।

> नेपालले एकीकृत राष्ट्रिय हात्ती व्यवस्थापन संयन्त्र विकास गर्न आवश्यक छ, जहाँ संघ, प्रदेश र स्थानीय सरकारलगायत सबै सरोकारवालाको स्पष्ट भूमिका र उत्तरदायित्व निर्धारण होस्।

बस्तीमा पस्ने हात्तीलाई मारेर वा स्थायी रूपमा हटाएर गरिने समाधान सजिलो देखिए पनि त्यो दीर्घकालीन संरक्षण होइन। यसको वैकल्पिक समाधान 'वन्यजन्तु आश्रयस्थल' हुनसक्छ। मिनी सेन्चुरी भन्नाले हात्तीलाई सानो खोर वा चिडियाखानाजस्तो सीमित ठाउँमा थुन्ने अवधारणा होइन। यसको मूल विचार हो, पर्याप्त ठूलो क्षेत्रफल भएको, प्राकृतिक वन, घाँसेमैदान, पानीका स्रोत र हात्तीको स्वाभाविक व्यवहारलाई सम्भव भएसम्म कायम राख्ने प्राकृतिक भू-दृश्यभित्र सुरक्षित घेराबार निर्माण गर्नु। यस्तो आश्रयस्थलमा मानिससँग बारम्बार गम्भीर द्वन्द्व सिर्जना गर्ने पहिचान भएका हात्तीलाई वैज्ञानिक मूल्यांकनपछि स्थानान्तरण गरी प्राकृतिक वातावरणमै स्वतन्त्र रूपमा बाँच्ने व्यवस्थापन गर्न सकिन्छ।

**वैज्ञानिक अध्ययन, पर्यटनसँग समुदायको साझेदारी** : यस्तो मिनी सेन्चुरी स्थापना गर्नुअघि वैज्ञानिक अध्ययन अनिवार्य हुन्छ। क्षेत्रफल, बासस्थानको गुणस्तर, पानी र आहारको उपलब्धता, हात्तीको सामाजिक संरचना, स्वास्थ्य, आनुवंशिक पक्ष र दीर्घकालीन व्यवस्थापन खर्च सबैको मूल्यांकन गरिनुपर्छ। यस्तो मोडलले संरक्षण र पर्यटनलाई जोड्ने अर्को सम्भावना पनि खोल्छ। पर्याप्त प्राकृतिक भू-दृश्यमा रहेका यस्ता हात्तीलाई सुरक्षित दूरीबाट अवलोकन गर्ने, उनीहरूको व्यवहारबारे अध्ययन गर्ने र संरक्षण शिक्षा तथा अनुसन्धान विकास गर्न सकिन्छ, जसबाट अन्तर्राष्ट्रिय पर्यटन आकर्षित हुने सम्भावना रहन्छ। तर, यहाँ पनि एउटा सीमा स्पष्ट हुनुपर्छ- पर्यटन हात्तीको प्राकृतिक व्यवहारमा हस्तक्षेप गर्ने गरी होइन, संरक्षणलाई आर्थिक रूपमा दिगो बनाउन सहयोग गर्ने गरी हुनुपर्छ।

मानव-हात्ती द्वन्द्वको दिगो समाधान स्थानीय समुदायलाई संरक्षणको साझेदार बनाएर मात्र सम्भव हुन्छ। यदि स्थानीय बासिन्दाले हात्तीबाट हुने क्षतिमात्र बेहोर्ने तर संरक्षणको लाभ अरूले मात्र लिने हो भने संरक्षणप्रति दीर्घकालीन समर्थन निर्माण हुँदैन। हात्ती संरक्षण क्षेत्रमा पर्यटनबाट आएको आम्दानीको हिस्सा स्थानीय पूर्वाधार, स्वास्थ्य, कृषि सुरक्षा, रोजगारी र द्वन्द्व न्यूनीकरणमा लगानी हुने हो भने दृष्टिकोण परिवर्तन हुन सक्छ। त्यसपछि स्थानीय बासिन्दाका लागि हात्ती केवल खेत नष्ट गर्ने जनावर रहने छैन, उनीहरूको प्राकृतिक सम्पदा र आयको स्रोत पनि बन्न सक्छ। यही आर्थिक सम्बन्धले संरक्षणलाई सामाजिक स्वीकृति दिन सक्छ।

**बहु-सरोकारवाला सहअस्तित्वको बाटो** : नेपालमा हात्ती संरक्षणको जिम्मेवारीलाई केवल वन तथा वातावरण मन्त्रालयको काँधमा मात्र राखेर अब पुग्दैन। हात्तीको बासस्थान, आवागमन मार्ग र मानवसँगको अन्तरसम्बन्ध धेरै क्षेत्रसँग जोडिएको विषय हो। हात्तीको बाटोमा सडक पर्छ भने यो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पनि जिम्मेवारी हो। विद्युत् प्रसारण लाइनले आवागमन प्रभावित गर्छ भने ऊर्जा क्षेत्र पनि साझेदार बन्नुपर्छ। बस्ती विस्तार र भू-उपयोग परिवर्तनले वासस्थान खण्डीकरण बढाउँछन् भने स्थानीय तह र योजनाकारहरू पनि संरक्षणको जिम्मेवारीबाट अलग रहन सक्दैनन्। किसानको क्षति न्यूनीकरणमा कृषि निकाय र डेटामा आधारित व्यवस्थापनका लागि प्रविधि तथा अनुसन्धान संस्थाहरूको सहभागिता आवश्यक हुन्छ। सबैभन्दा महत्त्वपूर्ण साझेदार त स्थानीय समुदाय नै हो, जसलाई संरक्षणको 'लाभग्राही'मात्र होइन, सहकर्मीका रूपमा स्वीकार गर्नुपर्छ।

त्यसैले नेपालले एकीकृत राष्ट्रिय हात्ती व्यवस्थापन संयन्त्र विकास गर्न आवश्यक छ, जहाँ संघ, प्रदेश र स्थानीय सरकारलगायत सबै सरोकारवालाको स्पष्ट भूमिका र उत्तरदायित्व निर्धारण होस्। हात्ती संरक्षणको लक्ष्य केवल हात्तीको संख्या बढाउनुमात्र नभई मानिस र किसानको जीविकोपार्जन सुरक्षित गर्नु, हात्तीको प्राकृतिक आवागमन कायम राख्नु र द्वन्द्व घटाउनु हुनुपर्छ। संरक्षणको प्रश्न हात्ती र मानिसमध्ये कसले जित्ने भन्ने होइन; प्रश्न हो, दुवै कसरी सँगै बाँच्ने ? हात्ती आफ्नो ऐतिहासिक बाटो पछ्याउँदै छ, अब हामीले उसको बाटो कहाँ छोड्ने भनेर सोच्ने बेला आएको छ। नेपालको हात्ती संरक्षणको भविष्य 'मानव-हात्ती द्वन्द्व'मा होइन, 'मानव-हात्ती सहअस्तित्व'मा खोजिनु पर्छ।

*न्यौपाने, मानव-हात्ती द्वन्द्वमा विद्यावारिधि हुन्।*

# रामकोटमा भेटिएका सीताहरू



हसिना बस्नेत

गाउँघर

डंकने डाँडामाथि आधा घाम छँदै रामकोट पुग्यौं। उकालो उक्लिँदै गर्दा वरैबाट मादलको तीखो स्वर सुनियो। पाहुनाको स्वागत-सत्कारमा जुटिरहेका दिदीबहिनी मौलिक पोसाकमा सजिएर, हातमा फूलमालासहित मादलको तालमा स्वर मिलाउँदै हाम्रै निम्ति आँखा बिछ्याइरहेका थिए। आँगनको पर्खालमाथि उभिएर गाउँ चियाउँदा लाग्यो- आज कुनै आदिम बस्तीमाथि विराजमान छौं। गाउँ वरपरको सम्पूर्ण वातावरण 'झोर्ले' भन्दै हाम्रै स्वागतमा खटिरहेझैं भान हुन्थ्यो।

**पोखरादेखि छिर्कनेसम्मको सहयात्रा** : हरेक पटक कास्कीको सिमाना कटेर तनहुँ छिर्दै गर्दा टाढाको यात्रामा गइरहेछु भन्ने लाग्छ। यात्रा गरिरहेको समय आत्माको अन्तरकुन्तरमा गहिरो दीप बलेर देदीप्यमान बनिदिन्छ। यस पटक भने पोखरा नर्सिङ क्याम्पसका सहकर्मीसँग थिएँ। बस अगाडि बढ्दै गर्दा पछाडि भने थुप्रै चिज छुटिरहेका थिए- त्यो हेरिनसक्नुको तिमिर-तिमिर घाम, गड्गडाउँदै बगिरहेकी सेती, सडकछेउका बस्तीहरू, वयस्क हुँदै गएको चैते धान, कलकलाउँदा बीउका ब्याडहरू, मनै हर्ने हरियाली अनि प्रौढतातर्फ ढल्कँदै गरेका मकैका बोटहरू! पौरखी किसानी हातहरू सडक वरपरका खेतबारीमा मौलाएको देखेर अपार आनन्द महसुस गरिरहेको थिएँ।

कलकलाउँदा बीउका ब्याडहरू देख्दा माइतीघरको माटोको तिर्सना स्मृतिपटमा स्वादिलो बनेर छायो। वर्षा, धान अनि असार- यी तीनथोक जन्मँदै विरासतमा लिएर आएकी हुँ। जेठ महिनामा हलीदाइले फोरेको बाँझो खेतको सुवास मेरा इन्द्रियहरूमा अझै विराजमान छ। 'मानो रोपेर मुरी फलाउने महिनामा सबैले आफूसक्दो काम गर्नुपर्छ नानी!', आमाका यी मसिना शब्द कानमा घरीघरी गुञ्जिरहन्छन्। खेतका गह्राभरि मलका डोका थुपुक-थुपुक थुपार्नु, समयमै खेती रोप्नु, गोडमेल गर्नु अनि भित्र्याउनु, झरीको गीत सुन्दै गोठालो-खेतालो गर्नु, पसिनाका धारा बगाउँदै गाउँ-बेंसी धाउनु आज पनि गाउँले किसानी जनजीवनको दैनिकी हो। उतिबेला यस्तै दैनिकीमा अभ्यस्त थियौं। असारे स्मृतिमा एकझमट पौडिएर बाहिर निस्कँदा बस भने छिर्कने भन्ज्याङ पुगिसकेको थियो। यात्राको रोमाञ्चकताले सबैलाई बेस्मारी तानिरहेको थियो। बसभित्र अन्ताक्षरी खेलले माहौल गम्किरहेको थियो।

**ओराली-उकाली र चौतारीको गफगाफ** : राजमार्गमा पर्ने छिर्कने भन्ज्याङको साँघुरो गल्ली कटेर उकालो लागेको बसले बाटोछेवैको चौतारीनिर विश्राम लियो। हजारौं वर्ष बाँचेका यी वर-पीपल जोडीको सामीप्यमा जेठे घामलाई छेल पारेर केहीबेर सुस्तायौं। चौतारी वरपर केही वृद्धवृद्धा अनि केटाकेटी शीतल तापिरहेका थिए। नजिकैको चिया पसलमा स्वादिलो चिया पियौं। चौतारीमा सुस्ताइरहँदा साथीहरूको कुराकानीको विषयवस्तु भने भोलिपल्ट आउँदै गरेको बजेट भाषणमा केन्द्रित थियो। देशमा सरकार फेरिनासाथ तरंगित हुने क्षेत्र भनेको कर्मचारीतन्त्र नै हो। सरुवा-बढुवा, भ्रष्टाचारलगायत यावत् विषयमा कर्मचारीतन्त्रलाई चोबल्ने तर सरकार भने पानीमाथिको ओभानो हुने प्रवृत्ति युगौंदेखि देखिँदै आएको छ।

निष्ठा र इमानदारीपूर्वक जीवन र जवानी राष्ट्रका निम्ति सुम्पिने राष्ट्रसेवक शिक्षक-कर्मचारीहरूको बाँच्ने आधार आखिर महिनाको अन्त्यमा पाइने केही रुपैयाँ नै त हो। साथीहरूको तलब बढ्ने आशा कतै निराशामा नबदलियोस्, मनमनै कामना गरिरहेको थिएँ। आज हामी बास बस्न गइरहेको तनहुँ क्षेत्र नं. १ अन्तर्गतको रामकोट (बन्दीपुर गाउँपालिका) अहिलेका अर्थमन्त्री स्वर्णिम वाग्लेको निर्वाचन क्षेत्र थियो। स्थानीयको अपेक्षा अर्थमन्त्रीसँग बढ्तै देखिन्थ्यो। हुन त राष्ट्रपति रामचन्द्र पौडेलसमेत यही क्षेत्रका बासिन्दा रहेछन्। भारी मतान्तरले चुनाव जिताएका तनहुँका जनताको आशा पूरा होस् भन्दै स्थानीयसँग शुभेच्छा प्रकट गरेर गन्तव्यतर्फ लाग्यौं।

**रामकोट प्रवेश, न्यानो स्वागत** : केही कच्ची र उबडखाबड बाटो पार गर्दै रामकोट गेटभन्दा केही वर रहेको चौतारीछेउ बस पुनः रोकियो। कोइलीको कुहुँ-कुहुँ आवाजले जंगलको नीरवता तोडिरहेको थियो। सालघारीको बीचमा रहेकी देउरालीमाईलाई पाती चढाएर जंगलवरपर धीत मरुन्जेल चहार्‍यौं। बस उकालो चढ्दै गर्दा वरैबाट रामकोट सामुदायिक होमस्टेको गेट देखियो। छिनमै रामकोट गाउँको बस स्टेसनमा ओर्लिएपछि काँधे झोला भिरेर ढुंगे गल्ली उकालियौं। थालीमा सेता अक्षता र फूलमाला अनि नाङ्लोमा कोदोको सगुन लिई स्वागतका लागि दिदीबहिनी लामबद्ध उभिएका थिए।

गाउँ प्रकृतिको भण्डार हो। गाउँको हावापानीमा औषधीय गुण व्याप्त हुन्छ। रामकोट पुगेपछि भिन्नै ऊर्जा महसुस गरिरहेको थिएँ। प्रविधिको सहायताले ठेगाना पत्तो लगाएर पुगेका थियौं। सालका हरिया टपरीमा भुटेको मकै-भटमास, उसिनेको फर्सी र गुन्द्रुकको अचारसहितको खाजा थपी-थपी खायौं। सयौं वर्षदेखि आफ्नै लयमा बाँचिरहेको आदिम गाउँ रामकोटमा २०७५ सालदेखि होमस्टे सञ्चालनमा आएको कुरा होमस्टेका अध्यक्ष नीर आले बताउँदै हुनुहुन्थ्यो। चिटिक्क सजिएका परम्परागत घरहरू, ढुंगे गल्लीहरू, मगर समुदायको भाषा, संस्कृति, परम्परा र रीतिरिवाजको जीवन्तता भेटिने रामकोट मगर संस्कृतिको संग्रहालय जस्तै लागिरहेको थियो।



**गाउँको जीवन्त रूप अनि अतीतको सम्झना** : गाउँ गुल्जार देखिन्थ्यो। युवायुवती काममा व्यस्त थिए। बूढाबूढीहरू पिँढी र आँगनको डिलमा थिए। आँगनको डिलमा फुलेका फूलहरू, धुर्सेली, असुरो र सजिवनाका बारहरू, घरअगाडिबाट छर्लंग देखिने हिमाली दृश्यहरू! टम्म मिलेका दाउराका खलिया, मकैका सुली, आँगनमा बिछ्याइएका छपनीहरू! गाउँको बाल्यकालीन स्मृति ताजा बनाइरहेका थिए। यतिबेला मेरो गाउँका गल्ली र चौतारीहरू सुनसान छन्, आफन्तजनको पर्खाइमा छन्। गाउँ एक्लो बनेर पहाडसँग कुस्ती खेल्दै छ। आखिर गाउँ सुन्दर बनाउन परिश्रमी पाखुरीहरू नै त चाहिने रहेछन्।

साँझपख गाउँ डुल्न निस्किँदा कुखुराहरू चारो टिप्न भ्याइनभ्याइ थिए। पाठापाठी म्याँ-म्याँ गर्दै साँझ पर्न आँटेको संकेत दिइरहेका थिए। काले, खैरे र भुन्टे कुकुरहरू हाम्रा अघिपछि कुदिरहेका थिए। बिरालाहरू बसिरहेको ठाउँबाट आङ तन्काएर कर्के नजर फ्याँक्दै गल्ली फड्किरहेका थिए। आहा! यो संसार हामीजस्ता असंख्य प्राणीहरूको साझा घर भएकैले त बस्नलायक र सुन्दर भएको हो। मानिसमात्रले कहाँ बनाउन सक्थ्यो र यस्तो अनुपम संसार! तर आज मानिस आफैंले निम्त्याइरहेको अप्राकृतिक गठबन्धन र प्रकृतिमाथिको निरन्तर हस्तक्षेपले कतै मान्छेकै अस्तित्व धरापमा पर्ने त होइन ? विकासका नाममा प्रकृतिसँग गरिरहेको सम्झौताको मूल्य कतै भोलि हाम्रै पुस्ताले चुकाउनुपर्ने त होइन ? एक हुल चराहरू गाउँअगाडिको डंकने डाँडातर्फ उडिरहँदा यस्तै केही अनुत्तरित प्रश्नले मन घोचिरह्‍यो।

> निष्ठा र इमानदारीपूर्वक जीवन र जवानी राष्ट्रका निम्ति सुम्पिने राष्ट्रसेवक शिक्षक-कर्मचारीहरूको बाँच्ने आधार आखिर महिनाको अन्त्यमा पाइने केही रुपैयाँ नै त हो। साथीहरूको तलब बढ्ने आशा कतै निराशामा नबदलियोस्, मनमनै कामना गरिरहेको थिएँ।

**होमस्टेको अनुभव** : साँझ बास बस्न समितिले रोजिदिएको घरघरमा आआफ्ना घरमूलीसँगै कतै दुई त कतै एक जनाका दरले बत्तीस जना गाउँभरि बाँडियौं। रामकोटका ९५ घरमध्ये ४८ घर होमस्टेका सदस्य रहेछन्। गाउँमा रहेको सामुदायिक होमस्टेका कारण गाउँ छाड्नेको संख्यामा निकै कमी आएको स्थानीय बताउँथे। हामी पाहुना हुन गएको घर भने युवा शिक्षक शम्भु थापामगरको थियो। आन्तरिक पर्यटकहरू गाउँमा आउन थालेपछि आयआर्जन बढेको र महिलाहरू आत्मनिर्भर बनेको उनी बताउँदै थिए। गाउँमा पानीको भने दुःख रहेछ; गाउँभरि जम्मा चारवटा धारा रहेको स्थानीयले बताए। हामीले भने बलेसीमा थापेको वर्षाको पानी छताछुल्ल पोख्न पायौं।

सधैं पर्ने साँझ आज भने ढिला गरी परिरहेझैं लाग्थ्यो। साँझको खानपानमा साथीहरू जुटेपछि माहौलमा थप मादकता थपियो। गाउँमा होमस्टेमा आउने पाहुनालाई सांस्कृतिक कार्यक्रम देखाउने प्रचलन रहेछ। हाम्रो समूहमा वरिष्ठ दोहोरी गायक प्रजापति पराजुली हुनुभएकाले पनि युवायुवती दोहोरी खेल्न थप उत्सुक देखिन्थे। केहीछिन दोहोरीमा जमेपछि भने झ्याउरे, कौरा र चुट्का गीतमा युवायुवती आफैं नाचेर-गाएर पाहुनालाई भरपूर मनोरञ्जन गराए। नयाँ पुस्ताका युवामा आफ्नो संस्कृति, चालचलन, परम्परागत पोसाक अनि गाउँप्रतिको मोह बढिरहेको देख्दा मन आल्हादित भइरहेको थियो। नाचगानपछि रातको १२ बजे मूलघरबाट बिदा भई पाहुनाघरतर्फ लाग्दै गर्दा जुनेली रातकी चन्द्रमा भने मुस्कुराइरहेकी थिइन्।

**बिदाइमा 'सीता'हरूको योगदान** : भोलिपल्ट झिसमिसेमै उठेर गाउँ डुल्दा सिमसिमे पानीले स्वागत गरिरहेको थियो। वर्षात्मा रुझ्दै हिँड्नुको मज्जा अवर्णनीय हुन्छ। बिहानी खाजामा गुन्द्रीमाथि पलेंटी कसेर कोदोको सेलरोटी, चना र अन्डा खाएपछि बन्दीपुरतर्फ निस्कने तरखरमा लाग्यौं। बिहान ९ बजे दिदीबहिनी लहरै उभिएर बिदाइका सेता अक्षता अनि एक थुंगा फूल कानमा सिउँरिदिँदै गर्दा मन गह्रौं भयो। 'सम्झेर फेरि-फेरि आउनु है!', सीताहरूको सुरिलो स्वर वरसम्म गुञ्जिरहेको थियो। हिजोको स्वागतदेखि बिदाइको अन्तिम समयसम्म, भान्साको आगो जोड्नेदेखि आँगनको सरसफाइसम्म, पाहुनाको सत्कारदेखि गाउँको आत्मीयता जोगाउनेसम्म स्थानीय महिलाहरूको खटाइ अद्भुत लागिरहेको थियो। गाउँका यी महिलाहरू केवल गृहिणीमात्र थिएनन्; हरेक पाहुनासँग जोडिने सेतु तथा स्थानीय संस्कृति र परम्पराको संरक्षण गर्ने धरोहर थिए।

रामकोटलाई जीवन्त बनाउन सीताहरूको श्रम अदृश्य भएर पनि सर्वत्र देखिइरहेको थियो। रामकोटबाट सेराटार हुँदै एकाध घण्टाको बस यात्रापश्चात् बन्दीपुरतर्फ लाग्यौं। पहाडकी रानी बन्दीपुर पुग्दा बजार आन्तरिक तथा बाह्य पर्यटकले भरिभराउ देखिन्थ्यो। नेवारीलगायत विभिन्न पोसाकमा सजिएर फ्याफुरुङ गर्नेहरू फोटो, भिडियो र टिकटकमा रमिरहेका थिए। बन्दीपुर पहिले भारत-तिब्बत व्यापारिक मार्गको एक महत्त्वपूर्ण केन्द्र थियो। तनहुँको पुरानो सदरमुकाम बन्दीपुरको पृथ्वी राजमार्ग बनेपछि व्यापारिक महत्त्व घट्यो। जहाँका पुराना घरहरू, ढुंगे गल्ली र मन्दिरहरूले पुरानो नेवारी सभ्यताको झल्को दिन्छन्।

**बन्दीपुरको सौन्दर्य र यात्राको विश्राम** : घामका स्वर्णिम किरणहरूले उत्तरतर्फका हिमालमाथि चमक थपिरहँदा धीमा गतिमा थानीमाईको डाँडातर्फ पाइला चालिरहेका थियौं। उकालो उक्लिँदै गर्दा तुवाँलोले वरपरका डाँडापाखामा अद्भुत नृत्य देखाइरहेको थियो। 'जोगले हुन्छ भेट, मायाले हुन्छ सम्झना' हरिया पहाडहरूसँग लुकामारी खेलिरहेको तुवाँलो नियाल्दै 'मिनी ग्रेटवाल'तिर ओरालियौं। ओर्लंदै गर्दा सिँढीको सौन्दर्यमा पाइलाहरू ध्यानमग्न थिए। हरेक यात्री रमाएका थिए। पूरै मिनी ग्रेटवाल छिचोलेर पुरानो बजार आइपुग्दा समय घर्किरहेको थियो। बन्दीपुरबाट निस्कँदा वरपरको तुवाँलो फाटिसकेको थियो। बस चढ्यौं, सबैका मुहार सन्तुष्टिको रापले धप्प बलिरहेका थिए। न कसैलाई कार्यालयको पिरलोले निचोरेको देखिन्थ्यो, न कसैलाई घर जाने हताराले सताएको थियो। हामी राजमार्गतर्फ ओरालियौं।

# अन्नपूर्ण हिमालको नाम ‘अन्नपूर्ण निम्स दाइ फर्स्ट’ राख्ने प्रस्ताव

**नितु घले** | *काठमाडौं*




दिवंगत आरोही निर्मल पुर्जा ‘निम्स दाइ’ को सम्मानमा अन्नपूर्ण हिमालको नाम ‘अन्नपूर्ण निम्स दाइ फर्स्ट’ राख्ने प्रस्ताव तयार भएको छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले उक्त प्रस्ताव तयार पारिएको जनाएको छ। गाउँपालिका अध्यक्ष भारतकुमार पुनका अनुसार उक्त प्रस्ताव चाँडै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेस गरिनेछ।

अध्यक्ष पुनका अनुसार पुर्जाले आफ्नो ‘प्रोजेक्ट पसिबल’ अन्तर्गत आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल आरोहण गर्ने अभियानको सुरुवात अन्नपूर्ण हिमालबाटै गरेका थिए। ‘आठ हजार मिटरभन्दा अग्ला हिमाल चढ्ने अभियानको सुरुवात म्याग्दीबाटै भएकाले उहाँको सम्मान र सम्झनामा अन्नपूर्ण हिमालको नाममा ‘निम्स दाइ’ जोड्न खोजिएका हौं,’ पुनले भने। बेलायतमा यही १३ गते उनको अन्त्येष्टि सम्पन्न भएपछि नेपाल सरकारसमक्ष नामकरणको औपचारिक प्रस्ताव लैजाने पुनले बताए।

पुर्जाको सालिक र संग्रहालय निर्माणका विषयमा पनि छलफल भइरहेको छ। पुर्जाको परिवारले जग्गा उपलब्ध गराएमा सोही ठाउँमा सालिक र संग्रहालय स्थापना गरिनेछ। परिवारबाट जग्गा उपलब्ध नभएमा रुप्से झरना क्षेत्रमा संग्रहालय बनाइने अध्यक्ष पुनले जानकारी दिए।

रुप्से झरना पुर्जाको घर नजिकै पर्छ। पर्यटकीय दृष्टिकोणले निकै लोकप्रिय भएकाले उक्त स्थान उपयुक्त हुने उनको भनाइ छ। त्यहाँ पनि सम्भव नभए अन्नपूर्ण आधार शिविरमा संग्रहालय बनाइनेछ।

आफ्नो गाउँ, ठाउँ र देशलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने व्यक्तिका लागि यति योगदान हुनैपर्ने धारणा पुनले व्यक्त गरे। साथै, नेपाल सरकारले उनीसहित अन्य पाँच जना आरोहीको निधन हुँदासमेत राष्ट्रिय शोक वा बिदा नदिएको भन्दै उनले असन्तुष्टि जनाए। पुनका अनुसार नामकरणका विषयमा पुर्जाको परिवारसँग लगातार छलफल भइरहेको छ। संग्रहालय, सालिक निर्माण तथा अन्नपूर्ण आधार शिविर जाने पदमार्गमा उनको नाम थप्ने विषयमा अन्त्येष्टि सकिएपछि थप छलफल गरिनेछ।

अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्गको नाम पहिलोपटक अन्नपूर्ण आरोहण गर्ने फ्रान्सेली आरोही मौरिस हर्जोगको नामबाट ‘मौरिस हर्जोग ट्रेल’ राखिएको छ। उक्त नामको पछाडि पुर्जाको नाम पनि जोड्नुपर्ने विषयमा छलफल भइरहेको पुनले बताए।

> आठ हजार मिटरभन्दा अग्ला हिमाल चढ्ने अभियानको सुरुवात म्याग्दीबाटै भएकाले उहाँको सम्मान र सम्झनामा अन्नपूर्ण हिमालको नाममा ‘निम्स दाइ’ जोड्न खोजिएका हौं।
>
> **भारतकुमार पुन**, अध्यक्ष, अन्नपूर्ण गाउँपालिका

मौरिस हर्जोगले पहिलोपटक अन्नपूर्ण हिमाल चढेका थिए भने नेपाल सरकारले सन् २०१९ मा उनको सम्मानमा आधार शिविर जाने पदमार्गको नामकरण गरेको थियो। यसबारे स्पेनकी उच्च हिमाली पर्वतारोहण पत्रकार एन्जेला बेनाभिडेसले पनि उल्लेख गरेकी छन्। तर अध्यक्ष पुनले पदमार्गको नाम परिवर्तन वा संशोधन गर्नुअघि हर्जोगको परिवारसँग सल्लाह गरिने बताएका छन्।

नेपाल सरकारले अन्नपूर्ण हिमालको नाम परिवर्तन गर्ने प्रस्ताव पारित गरेमा यो एउटा नयाँ नजिर बन्ने पत्रकार बेनाभिडेसको भनाइ छ। उनले ‘एक्सप्लोरर्स वेब’ नामक अनलाइनमा निम्सदाइको नाममा अन्नपूर्णको नामकरण गर्न लागिएको विषय समेटेर लेख प्रकाशित गरेकी छन्।

एन्जेलाका अनुसार विश्वका विभिन्न देशहरूले सामान्यतया स्थानीय तथा परम्परागत नामहरूलाई नै हिमालको नामकरणमा प्राथमिकता दिने गर्छन्।

# मनसुनजन्य विपद्मा परेर लुम्बिनीमा ८४ जनाको मृत्यु

**गोपाल शर्मा भट्टराई** | *दाङ*



लुम्बिनीमा मनसुनजन्य विपद्बाट ८४ जनाको मृत्यु भएको छ। लुम्बिनी प्रदेशमा जेठ १८ गतेदेखि भदौ ३ गतेसम्म मनसुनजन्य विपद्का ९१ वटा घटना भएका छन्। ती घटनामा ८५ जनाको मृत्यु, १३ जना घाइते र दुई जना बेपत्ता भएका छन्। प्रदेश विपद् व्यवस्थापन परिषदले योत थ्याङ सार्वजनिक गरेको हो।

पानीमा डुबेर ५८ जनाको मृत्यु भएको छ। त्यस्तै बाढीका ४, चट्याङका ७, पहिरोका १० तथा अधिक वर्षाका कारण ६ वटा घटना भएका छन्। बाढीमा परेर ४, चट्याङमा परेर ३, पहिरोमा परेर २० जनाको मृत्यु भएको छ।

रोल्पामा यस वर्षको मनसुनजन्य विपद्का घटनाबाट चार स्थानीय तहमा २० जनाको मृत्यु भएको छ। थवाङमा मात्रै १२ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता र दुई जना घाइते भएका छन्। सुनछहरी गाउँपालिकामा ६ जनाको मृत्यु भएको छ। लुंग्री र परिवर्तन गाउँपालिकामा एक-एक जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ। चार स्थानीय तहमा गरी ११ घरधुरी विपद्बाट विस्थापित भएका छन्। चार स्थानीय तहमा गरी ३ सय १८ घरधुरी जोखिममा रहेका छन्।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मनसुनजन्य विपद्लाई न्यूनीकरण गर्नेतर्फ सचेत रहनुपर्ने बताए। उनले प्रभावित परिवारलाई सरकारले उपलब्ध गराउनुपर्ने राहतमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे। प्रदेश विपद् व्यवस्थापन परिषद्को १५औं बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले विपद्बाट ठूलो जनधनको क्षति भएकाले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने, क्षतिग्रस्त सडक तथा पूर्वाधार मर्मत गर्ने विषयमा सरकारले महत्त्वपूर्ण निर्णय गरेको बताए। रोल्पा विपद्लाई सरकारले गम्भीर रूपका लिएको बताए।

‘घटना घट्न नहुने थियो। तर, घटना घटिसकेको छ। सरकारको तर्फबाट पीडितहरूले पाउनुपर्ने राहत समयमै उपलब्ध गराउन सके पीडित परिवारले त्यसलाई मल्हमका रूपमा लिनुहुनेछ,’ उन्ले भने, ‘प्रदेश सरकारको तर्फबाट तत्काल राहत सामग्री पठाउने काम भएको छ।’ मुख्यमन्त्री आचार्यले विपद् प्रभावित क्षेत्रमा खानेपानी, सडक पूर्वाधार तथा सिँचाइका समस्या समाधान गर्न सम्बन्धित मन्त्रालय र मातहतका निकायलाई सक्रिय रूपमा परिचालन गर्न निर्देशन दिए। प्रदेश सरकारले गर्नुपर्ने काममा कुनै कमी हुन नदिने उनको भनाइ छ।

### सुस्ताका लागि २५ लाख, रोल्पाको सडक र पुल मर्मतमा ५० लाख

परिषद्ले नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को सुस्ता गाउँपालिका-५ स्थित नारायणी नदीपारिको सुस्ता क्षेत्रमा नदी कटान तथा बाढीको जोखिम न्यूनीकरणका लागि २५ लाख रुपैयाँ निकासा गर्ने निर्णय गरेको छ। प्रदेश विपद् व्यवस्थापन कोषबाट जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मार्फत उक्त रकम खर्च गरिनेछ।

त्यस्तै, रोल्पाको थबाङ गाउँपालिका-५ स्थित उवा खोला सडक पुलको एकातर्फको विङ वाल बाढीले बगाएको तथा पुलको पहुँच सडकमा ठूलो खाल्डो परेर आवागमन अवरुद्ध भएको अवस्थामा पुल र सडकको तत्काल मर्मत तथा संरक्षणका लागि ५० लाख रुपैयाँ निकासा गर्ने निर्णय भएको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयका सचिव भरतमणि पाण्डेले जानकारी दिनुभयो। सुलिचौर-थबाङ सडकका विभिन्न भागसमेत क्षतिग्रस्त भएकाले तत्काल मर्मत तथा सुरक्षा आवश्यक रहेको जनाउँदै सडक पूर्वाधार विकास कार्यालय, रोल्पामार्फत उक्त रकम खर्च गरिनेछ।

### रोल्पामा राहत सामग्री पठाइयो

परिषद्ले नेपालगन्ज विमानस्थल परिसरमा रहेको मानवीय सहायता तथा प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको गोदाममा मौज्दात राहत सामग्री रोल्पामा पठाइएको छ।

जिल्ला प्रशासन कार्यालय रोल्पाको मागअनुसार २० थान टेन्ट, ३० थान त्रिपाल, ४० थान ब्ल्यांकेट, ४८ थान झुल, ६ सेट किचन सेट र २० थान म्याट्रेस पठाइएको हो।

यसैगरी, नेपालगन्जको गोदाममा प्रयोगको म्याद सकिएका सामग्री नष्ट गर्ने निर्णयसमेत गरिएको छ। डढेलो, आगलागी तथा बाढीपहिरोबाट क्षतिग्रस्त खानेपानी आयोजनालाई तत्काल सञ्चालनमा ल्याउन कार्यालयमा मौज्दात रहेका खानेपानीका पाइप आवश्यकताअनुसार प्रयोग गर्ने व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको छ।

# अवैधानिक महाधिवेशन क्रियाकलापमा सहभागी नहुनू : कोइराला



**काठमाडौं** (अन्नपूर्ण) : नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले १५औं केन्द्रीय महाधिवेशन क्रियाकलापहरूमा सहभागी नहुन नेता तथा कार्यकर्ताहरूलाई आग्रह गरेका छन् । शुक्रबार एक विज्ञप्ति जारी गर्दै पार्टी केन्द्रीय समितिको आधिकारिकता विवादमा सर्वोच्च अदालतले पुनरावलोकन अनुमति (निस्सा) दिएकाले यस्तो अवस्थामा महाधिवेशन गर्न नहुने भन्दै कोइरालाले यस्तो आग्रह गरेका हुन्।

सभापति गगन थापा पक्षले गरेको विशेष महाधिवेशनलाई कोइरालाले ‘कथित महाधिवेशन’को संज्ञा दिएका छन् । विशेष महाधिवेशन पक्षले १५ औं महाविधिवेशन गर्ने निर्णय गरी कार्यतालिका सार्वजनिक गरेको सन्दर्भमा आफूहरूको ध्यानाकर्षण भएको उनले उल्लेख गरेका छन्।

पार्टीभित्र गम्भीर विवाद कायमै रहेको अवस्थामा विशेष महाधिवेशन पक्षले १५औं महाधिवेशन गरेमा पार्टीका सबै तहमा संरचनागत विभाजन सुरु हुने कोइरालाको जिकिर छ। अगामी स्थानीय र प्रदेश तहको निर्वाचनमा पनि पार्टीलाई झनै नकरात्मक असर पर्ने उनको भनाइ छ। कोइरालाले निवर्तमान सभापति शेरबहादुर देउवासहित संस्थापनइतर पक्षको नेतृत्व गर्दै आएका छन्। साउन २९ देखि ३१ गतेसम्म कोइरालाकै संयोजकत्वमा राष्ट्रिय भेला भएको थियो।

# गोल्डेन पिकमा अस्ताइन् अस्मा

## जुन हिमाललाई उनले सपनाको गन्तव्य बनाइन्, त्यही हिमाल उनको अन्तिम विश्रामस्थल बन्यो

**शिवप्रसाद ढुंगाना** | *काठमाडौं*



दिनभरि उनको हातमा स्टेथोस्कोप हुन्थ्यो। बेलायतका अस्पतालमा स्त्री तथा प्रसूति रोग विशेषज्ञका रूपमा उनी आमा र शिशुको जीवन जोगाउन व्यस्त हुन्थिन्। तर अस्पतालको सेतो एप्रोनभित्रको जीवनले मात्रै अस्मा मुस्ताकलाई पुग्दैनथ्यो। फुर्सद पाउनासाथ उनको गन्तव्य बन्थ्यो– हिमाल।

पाकिस्तानमा जन्मिएर बेलायतमा कार्यरत अस्मा चिकित्सकसँगै साहसी पर्वतारोही पनि थिइन्। उनीयात्रा, हिमाल र आरोहणका अनुभव सामाजिक सञ्जालमा समेत साझा गर्थिन्। यस पटक उनको सपना थियो पाकिस्तानको काराकोरममा रहेको ७ हजार २७ मिटर अग्लो स्पान्तिक अर्थात् गोल्डेन पिकको शिखर चुम्नु।

सपना पूरा पनि भयो। अगस्ट २० को दिन अस्मा सफलतापूर्वक शिखरमा पुगिन्। आरोहणपछि उनी स्वस्थ अवस्थामै फर्किन थालेकी थिइन्। तर शिखरभन्दा तल झर्ने क्रममा करिब ६४ सय मिटरको उचाइमा उनलाई गम्भीर उच्चतासम्बन्धी स्वास्थ्य समस्या देखियो। गाइड अकबर अली र अभियान गाइड मुहम्मद अमिनले तत्काल उद्धारको प्रयास गरे। कठिन हिमाली परिस्थितिमा गरिएको प्रयास सफल हुन सकेन। अस्माको त्यहीँ मृत्यु भयो। हजारौंको ज्यान बचाएकी जीवनदाताले हिमाल आफ्नो जीवन जोगाउने विधाता भेटिनन्।

३४ वर्षीया अस्मा नयाँ आरोही भने थिइनन्। उनले यसअघि अरूअरू चुचुरा चढिसकेकी थिइन्। उनले आफूलाई ‘डाक्टर र पर्वतारोही’का रूपमा चिनाउँदै के-टु आरोहणका लागि प्रायोजन खोजेकी थिइन्। तर, गोल्डेन पिकले उनको अर्को सपना अधुरै छाड्यो।

अस्पतालमा अरूको जीवन बचाउने चिकित्सक आफैं भने हिमालमा जीवनको कठोर परीक्षाबाट उम्कन सकिनन्। बेलायतमा प्रसूति विशेषज्ञ, हिमालमा साहसी आरोही ७ हजार २७ मिटरको स्पान्तिक चढेर फर्कँदै गर्दा उनले ६४ सय मिटरको उचाइमा सदाका लागि विश्राम लिइन्।

# पारिश्रमिक पनि जनताको सेवामा लगानी गर्दै मुगुका मेयर

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*




राजनीतिलाई पद, प्रतिष्ठा र सुविधा प्राप्त गर्ने माध्यमका रूपमा बुझ्ने प्रवृत्ति तीव्र बन्दै गएको समयमा मुगुको छायाँनाथ रारा नगरपालिकाका नगरप्रमुख विष्णुकुमार भामले एउटा बेग्लै र सकारात्मक अभ्यासको सुरुवात गर्ने घोषणा गरेका छन्।

जनप्रतिनिधिका रूपमा आफूले कानुनबमोजिम पाउने सम्पूर्ण सेवा-सुविधालाई व्यक्तिगत प्रयोजनमा खर्च नगरी नागरिकको शिक्षा, स्वास्थ्य, विपन्न परिवारको राहत तथा साना सार्वजनिक पूर्वाधार निर्माणमा परिचालन गर्ने निर्णय उनले गरेका हुन्। नगरप्रमुख भामले आफ्नो पाँचवर्षे कार्यकालमा प्राप्त हुने सेवा-सुविधा जनताको हितमा समर्पण गर्दै जीवन नै जनताको सेवामा समर्पित गर्ने बताएका छन्। यो घोषणा केवल भाषण वा प्रचारमा सीमित नरहोस् भन्ने उद्देश्यले उनले आफूले प्राप्त गर्ने सेवा-सुविधाको विवरण, त्यसबाट सञ्चालन गरिने कार्यक्रमको शीर्षकगत प्राथमिकता र लागत अनुमानसमेत सार्वजनिक गरेका हुन्।

नगरप्रमुख भामका अनुसार विद्यालयमा शैक्षिक सामग्री वितरणदेखि विपन्न तथा दलित बालबालिकालाई न्यानो कपडा, विपद्मा परेका नागरिकलाई आपत्कालीन राहत, सार्वजनिक धारा तथा पाटी-पौवा निर्माण, प्रारम्भिक बालविकास केन्द्रमा सामग्री सहयोग, सरसफाइ सामग्री वितरण र बिरामी भेटघाटसम्मका कार्यक्रमहरू उनको प्राथमिकतामा परेका छन्। जनप्रतिनिधिले पाउने सुविधा व्यक्तिगत सुख-सयलका लागि नभई जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउनका लागि उपयोग हुनुपर्छ भन्ने धारणा उनको छ।

राजनीतिलाई सेवासँग जोड्ने प्रयास गर्दै नगरप्रमुख भामले सार्वजनिक वक्तव्यमा भनेका छन्, ‘राजनीति व्यवसाय होइन, पेसा होइन र व्यक्तिगत स्वार्थ पूरा गर्ने साधन पनि होइन। यो त निस्वार्थ जनताको सेवा गर्ने आदर्श सेवा हो।’ सरकार र जनप्रतिनिधिप्रति नागरिकको वितृष्णा बढ्नुका पछाडि सत्तामा रहनेहरूको व्यवहार र कर्म नै मुख्य कारण रहेको उनको ठम्याइ छ। राजनीतिलाई संग्लो र सर्वस्वीकार्य बनाउन जनताको सेवामा इमानदार हुनुपर्ने बताउँदै उनले थपे, ‘जनप्रतिनिधि बन्नु भनेको जनताको विश्वास प्राप्त गर्नु हो। जनताले मत दिएर जिम्मेवारी सुम्पिएपछि त्यसको पहिलो दायित्व जनताप्रति जवाफदेही हुनु हो। यही सोचबाट मैले आफूलाई प्राप्त हुने सेवा-सुविधा जनताको हितमा उपयोग गर्ने निर्णय गरेको हुँ। यसमा मेरो परिवारको पनि पूर्ण साथ छ।’

निर्वाचनका क्रममा भामले पाँच वर्षको सेवा-सुविधाबाट एउटा नयाँ एम्बुलेन्स खरिद गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तर निर्वाचित भइसकेपछि स्थानीय अवस्थाको अध्ययन गर्दा छायाँनाथ रारा नगरपालिकाका साथै सोरु, खत्याड, मुगुमकार्मारोङ, छायाँनाथ सहकारी, जिल्ला अस्पताल र रेडक्रसबाट पहिले नै एम्बुलेन्सहरू सञ्चालनमा रहेको पाइयो। भौगोलिक विकटता र सडकको सीमितताका कारण एम्बुलेन्सको संख्या थप्दैमा मात्र नागरिकले प्रभावकारी स्वास्थ्य सेवा नपाउने निष्कर्षमा उनी पुगे। त्यसैले प्रतिबद्धताको मूल उद्देश्य अर्थात् जनताको हितलाई केन्द्रमा राखेर योजना परिमार्जन गरिएको उनको भनाइ छ। ‘एम्बुलेन्स खरिदको प्रतिबद्धता त्यागेर अहिलेको आवश्यकता र उपलब्ध स्रोतको प्रभावकारी उपयोगका आधारमा प्राथमिकता पुन:निर्धारण गरिएको हो,’ उनले भने।

आफ्नो सेवा-सुविधा र त्यसको खर्चको योजना सार्वजनिक गर्नुलाई उनले सुशासन र पारदर्शिताको नयाँ अभ्यासका रूपमा व्याख्या गरेका छन्। जनप्रतिनिधिले पाउने सुविधा जनताले तिरेको करबाट सञ्चालन हुने भएकाले त्यसबारे जानकारी पाउनु नागरिकको अधिकार हो। भामले सञ्चारमाध्यम र पत्रकारहरूलाई आफ्ना राम्रा कामको प्रचारसँगै कमजोरी देखिएमा खबरदारी गर्न आग्रह गरेका छन्। राजनीतिमा प्रश्न र आलोचनालाई सुधारको अवसरका रूपमा लिनुपर्ने धारणा राख्दै नगरप्रमुख भामले गल्ती भए सच्याएर अघि बढ्न आफू सधैँ तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन्।

## बल्झिरहने...

### बञ्चरेडाँडा भरिँदा समस्या

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनका लागि बनाइएको बञ्चरेडाँडा स्यानिटरी ल्यान्डफिल साइट निर्माण भएको चार वर्ष नबित्दै भरिन थालेको छ। वैज्ञानिक रूपमा फोहोर व्यवस्थापन गर्ने उद्देश्यले निर्माण गरिएको स्थलमा हाल कुहिने, नकुहिने र पुनर्प्रयोग गर्न मिल्ने फोहोर नछुट्ट्याएर एकै ठाउँमा खन्याइँदा बञ्चरेडाँडा पनि सिसडोलकै बाटोमा पुग्न थालेको हो।

ल्यान्डफिल साइटमा फोहोरको मात्रा तीव्र रूपमा बढ्दै गएको छ। बञ्चरेडाँडा जाने २१ पालिकामध्ये काठमाडौं महानगरपालिकाको हिस्सामात्रै ४८ दशमलव ८ प्रतिशत छ। ललितपुर महानगरपालिकाको १० प्रतिशत र बूढानीलकण्ठ नगरपालिकाको ५ प्रतिशत हिस्सा रहेको विवरणमा उल्लेख छ। बाँकी फोहोर अन्य स्थानीय तहबाट बञ्चरेडाँडा पुग्ने गर्छ।

अर्थात् समस्या काठमाडौं महानगरको मात्रै होइन। उपत्यकाका अधिकांश स्थानीय तहले उत्पादन गरेको फोहोर अन्तत: एउटै ठाउँमा थुपारिँदा बञ्चरेडाँडामाथि चाप बढ्दै गएको छ। संविधान र कानुनले फोहोर व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिए पनि व्यवहारमा भने धेरै स्थानीय तह अझै साझा ल्यान्डफिल साइटमै निर्भर छन्।

सरकारले अब प्रत्येक पालिकाले आफ्नो फोहोर आफैं व्यवस्थापन गर्ने दिशामा जानुपर्नेमा एकथरी विज्ञहरूले जोड दिएका छन्। सञ्चारमन्त्री तिमिल्सेनाले पनि फोहोर व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय तहकै भएकाले स्थानीय तहले आफ्नो फोहोर आफैं व्यवस्थापन गर्ने गरी अघि बढ्नुपर्ने बैठकमा बताए। संघीय सरकारले त्यसका लागि आवश्यक सहजीकरणमात्र गर्ने उनको भनाइ छ।

तर स्थानीय तहहरू आफैं भने जग्गा, प्रविधि, पुराना सम्झौता र कानुनी विवादलाई समस्या देखाइरहेका छन्। काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख डंगोलले ‘फोहोर व्यवस्थापनको समस्या समाधान गर्न यसको जरामै पुग्नुपर्ने र स्रोतमै फोहोर व्यवस्थापन गर्नुपर्ने’ बताइन्। महानगरले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना आवश्यक रहेको स्वीकार गरेको छ।

ललितपुर महानगरपालिकाका प्रमुख महर्जनले भने पुरानो नेपवेस्ट सम्झौता अझै कायम रहेकाले महानगरले आफ्नै ढंगले फोहोर व्यवस्थापन गर्न नसकेको बताएका छन्। उक्त सम्झौता टुंग्याउन सके स्थानीय तहलाई काम गर्न सहज हुने उनको धारणा छ।

यहीँबाट बञ्चरेडाँडाको विवादको अर्को पाटो फोहोर व्यवस्थापनको जिम्मेवारी कसले लिने भन्नेमा सरकारी तहहरूबीच स्पष्टता भए पनि त्यसलाई कार्यान्वयनमा लैजाने पूर्वाधार र संयन्त्र अझै कमजोर छन्।

## बालेन...

महाधिवेशनबाट सभापतिमा रवि लामिछाने, उपसभापति स्वर्णिम वाग्ले र सोबिता गौतम, महामन्त्री विपिनकुमार आचार्य, सहमहामन्त्री असीम शाह, हरि ढकाल र निशा डाँगी निर्वाचित भएका थिए। लामिछाने र वाग्ले निर्विरोध भएका थिए भने आचार्य, शाह, ढकाल र डाँगी भने प्रतिस्पर्धाबाट जितेका थिए। रास्वपाको विधानमा १ सभापति, १ वरिष्ठ नेता, ३ उपसभापति, २ महामन्त्री, ५ सहमहामन्त्री, १ कोषाध्यक्ष, २ सहकोषाध्यक्ष, १ प्रवक्ता र ३ सहप्रवक्ताको व्यवस्था छ।

### गृहमन्त्री गुरुङसहित ५ जना केन्द्रीय सदस्यमा मनोनीत

गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनील लम्साल र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावललाई केन्द्रीय समितिमा मनोनीत गरिएको छ। पूर्वमहामन्त्री भूपदेव शाह र डा. भक्तबहादुर राई पनि केन्द्रीय सदस्य बनेका छन्। उनीहरू गत महाधिवेशनमा चुनाव लडेका थिएनन्। मन्त्री रावलले पार्टीको महाधिवेशनमा उपसभापतिमा इच्छा जाहेर गरे पनि सोबिता गौतम लड्ने भएपछि पछि हटेकी थिइन्। रास्वपाको विधानमा १ सय ५८ जना केन्द्रीय सदस्य हुने प्रावधान छ। जसमा महाधिवेशनबाट ९९ जना निर्वाचित भएका थिए। सभापतिले ५१ जना मनोनीत गर्ने व्यवस्था छ भने ७ वटा प्रदेशका अध्यक्ष स्वत: पदेन केन्द्रीय सदस्य हुने व्यवस्था छ।

केन्द्रीय समितिको बैठकले सचिवालय पनि विस्तार गरेको छ। जसमा संसदीय दलका उपनेता गणेश पराजुली, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, परराष्ट्रमन्त्री शिशिर खनाल, पूर्वमहामन्त्री कवीन्द्र बुर्लाकोटी, पूर्वप्रवक्ता मनिष झा र पूर्वकोषाध्यक्ष लिमा अधिकारीलाई सचिवालय सदस्यमा मनोनयन गरिएको छ। त्यस्तै दीपकराज बोहरा, समीक्षा बाँस्कोटा, इन्दिरा रानामगर र शिव नेपाली पनि सचिवालय सदस्यमा मनोनीत भएका छन्।

### संगठन विभाग प्रमुख न्यौपाने

पार्टीको सबैभन्दा शक्तिशाली मानिने संगठन विभाग प्रमुखको जिम्मेवारी प्रमोद न्यौपानेलाई दिइएको छ। पूर्वपत्रकार न्यौपाने सभापति लामिछाने निकट हुन्। त्यस्तै अन्तर्राष्ट्रिय विभाग प्रमुखमा परराष्ट्रमन्त्री शिशिर खनाल, सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभागको प्रमुखमा विजय जैरु, जनस्वास्थ्य विभागको प्रमुखमा डा. तोसिमा कार्की, पूर्वाधार विभागमा निशा डाँगी र अर्थ विभाग प्रमुखको जिम्मेवारी लिमा अधिकारी आचार्यलाई दिइएको छ। त्यस्तै, प्रशिक्षण विभागको उपप्रमुखमा कमल सुवेदी मनोनीत भएका छन्।

बैठकले ‘राइट टु रिकल’सम्बन्धी दस्तावेज तयार गर्न महामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको छ।

महामन्त्री आचार्यको संयोजकत्वमा तयार गरिएको स्थानीय तह उम्मेदवार छनोट रूपरेखा २०८३ लाई केन्द्रीय समिति बैठकमा आएका सुझावहरूलाई समेटेर अनुमोदन गरिएको छ। बैठकले स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समिति सदस्यका लागि इच्छुक केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यबाट नामावली माग गर्ने निर्णय पनि गरेको छ।

### उपसभापति र महामन्त्री अझै बाँकी

रास्वपाका १ जना उपसभापति र १ जना महामन्त्रीको मनोनयन बाँकी छ। त्यस्तै १ सहमहामन्त्री, १ सहकोषाध्यक्ष र १ जना सहप्रवक्ताको पनि मनोनयन हुन सकेको छैन। यी पदहरू प्रधानमन्त्री एवं वरिष्ठ नेता शाह समूहका लागि ‘होल्ड’मा राखिएको स्रोतले बतायो। शाह समूहमा कसलाई कुन जिम्मेवारी दिने भन्ने विषय पेचिलो बनेको छ। महामन्त्रीमा पूर्वमहामन्त्री शाह र सुदीप ढकाल आकांक्षी छन्। उपसभापतिमा पनि सुनील लम्साल र सुधन गुरुङ दुवैले दाबी गरिरहेको स्रोतले बतायो।

## बार...

सरकार विधि, कानुन र प्रक्रिया मिचेर स्वेच्छाचारी ढंगले अघि बढ्न खोज्दा अदालतले त्यसलाई रोक्ने उनको भनाइ छ। ‘सरकारले विधि, कानुन र प्रक्रिया पालना नगरी अघि बढ्दा अदालतले ब्रेक लगाउनु स्वाभाविक हो’ भट्टराईले भने।

राजनीतिक विश्लेषक हरि रोकाका अनुसार पछिल्ला घटनामा सरकारको निर्णय गर्ने शैलीमै समस्या देखिएको छ। ‘कतिपय अवस्थामा सरकार पहिले मान्छे समातेर पछि प्रमाण खोज्न जानेजस्तो देखिन्छ। न्यायाधीशहरूले यस्ता कुरा सहजै बुझ्छन्’ रोकाको भनाइ छ।

अधिवक्ता तथा पूर्वसांसद धर्मराज रेग्मी भने सरकार विधिको शासनको लिकबाट बाहिर गएको दाबी गर्छन्। अदालतले सरकारका निर्णय सच्याइरहने र सरकारले मानिस थुन्ने तथा अधिकार कटौती गर्ने शैली अपनाइरहँदा मौलिक हक निलम्बन भएको संकटकालीन अवस्थाको जस्तो अनुभूति हुन थालेको उनको टिप्पणी छ।

### आयोगको भविष्य र निष्पक्षताको प्रश्न

सरकारले २०८३ वैशाख २ गते सर्वोच्चका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा उच्च पदस्थको सम्पत्ति छानबिन गर्न पाँच सदस्यीय आयोग गठन गरेको थियो। तर सर्वोच्चका दुई चरणका अन्तरिम आदेशपछि आयोगका सबै काम रोकिइसकेका छन्।

अहिले मुद्दा सार्ने निर्णयकर्ता प्रधानन्यायाधीश नै संवैधानिक इजलासको नेतृत्वमा रहने भएकाले निष्पक्षतामाथि प्रश्न उठेको हो। यसले सम्पत्ति आयोगको भविष्यसँगै सर्वोच्चमा मुद्दा तोक्ने र इजलास गठन गर्ने अभ्यासको सीमासमेत स्पष्ट पार्ने देखिन्छ।

सुनचाँदीको भाउ



छापावाल सुन : ३,१६,७००
चाँदी : ४,९८५

(प्रतितोला रुपैयाँमा)



# अर्थतन्त्र




# प्रक्रियामै अल्झियो चक्रपथ सुधार परियोजना

## कलंकी-वसुन्धरा खण्ड विस्तारको काम चीनको पर्खाइमा

**शिवप्रसाद ढुंगाना** | *काठमाडौं*



कलंकीबाट वसुन्धरातिर लाग्दा काठमाडौं चक्रपथको वास्तविक अवस्था सडकमा भन्दा सवारीको लस्करमा देखिन्छ। कतै सार्वजनिक सवारीले सडक ओगटेका छन् त कतै पार्किङले बाटो साँघुरिएको छ। पैदलयात्रीलाई सडक पार गर्नसमेत मुस्किलै पर्छ।

यही चक्रपथ हो, तर कोटेश्वर-कलंकी खण्डमा भने दृश्य केही फरक छ। चीनको सहयोगमा विस्तार भएको १०.३५ किलोमिटर सडक २०१९ जनवरी ८ मै नेपाललाई हस्तान्तरण भइसकेको छ। तर त्यसको उत्तरतर्फ कलंकीदेखि वसुन्धरासम्मको सडक भने विस्तारको प्रतीक्षामै रहेको छ।

चक्रपथको दोस्रो खण्डका रूपमा प्रस्ताव गरिएको कलंकी-वसुन्धरा सडक करिब ८.२ किलोमिटर लामो छ। यसलाई चीनले करिब ११ अर्ब रुपैयाँ अनुदानमा विस्तार गर्ने योजना छ। मुख्य सडक आठ लेनको बनाइनेछ। ढुंगेधारामा नयाँ पुल निर्माण हुनेछ भने पैदलयात्रीका लागि आकाशेपुल र सडकबत्तीसमेत परियोजनामा समेटिएका छन्। तर काम सुरु हुन सडकको लम्बाइभन्दा बढी वर्ष प्रक्रियामै लाग्ने देखिएको छ। अन्तिम डिजाइन चिनियाँ पक्षले पेस गरेर सुझाव दिइसकेको र स्वीकृतिका लागि पेस हुन बाँकी रहेको आयोजना प्रमुख इन्जिनियर आशिका पोखरेलले बताइन्। पोखरेलका अनुसार पछिल्लो द्विपक्षीय छलफलअनुसार चाडबाडलगत्तै काम सुरु हुनेछ।

नेपाल र चीनबीच चक्रपथको दोस्रो चरण अघि बढाउने सहमति पुरानो हो। सन् २०१६ मै पहिलो चरणका बाँकी समस्या समाधान गर्दै दोस्रो चरणको सम्भाव्यता अध्ययन अघि बढाउने सहमति भएको थियो। २०१८ मा कलंकीतर्फको दोस्रो चरण विस्तारका लागि दुई सरकारबीच समझदारी भयो। २०२४ डिसेम्बरमा जारी नेपाल-चीन संयुक्त वक्तव्यले पनि काठमाडौं चक्रपथ सुधार परियोजनाको दोस्रो चरण कार्यान्वयन गर्ने प्रतिबद्धता दोहो-यायो। तर, पहिलो चरण पूरा भएको १० वर्ष बित्दा पनि दोस्रो चरणको मुख्य निर्माण सुरु हुन सकेको छैन।




### प्रक्रियामा अलमल

चक्रपथको दोस्रो खण्डमा भएको ढिलाइलाई लामो समयदेखि कहिले चिनियाँ पक्षको सुस्तता त कहिले नेपाली पक्षको पूर्वतयारी अभावका रूपमा व्याख्या गरिँदै आएको छ। सुरुमा चिनियाँ पक्षले नेपालले सडक सीमा खाली गर्नुपर्ने, विद्युत्, खानेपानी, टेलिफोनलगायत संरचना हटाउनुपर्ने र रुख कटान गर्नुपर्ने पूर्वसर्त राखेको थियो। सडक विभागका अनुसार नेपालतर्फबाट गर्नुपर्ने यी अधिकांश पूर्वतयारीका काम पूरा भइसकेका छन्।

त्यसपछि चिनियाँ प्राविधिक टोली सर्वेक्षणका लागि नेपाल आयो। टोलीले ८.२ किलोमिटर सडकको सर्वेक्षण गरी डिजाइन तयार गर्‍यो। डिजाइनको काम सकिएपछि पनि निर्माण तत्काल अघि बढेन। नेपालले डिजाइनमा केही संरचनागत सुधारको सुझाव दियो। ढुंगेधाराको पुरानो कल्भर्टलाई पक्की पुलमा रूपान्तरण गर्नुपर्ने विषय त्यही क्रममा थपियो।

यसरी एउटा चरणमा चिनियाँ पक्षको डिजाइन र प्राविधिक प्रक्रिया ढिलो भयो भने अर्को चरणमा नेपाली पक्षको स्वीकृति र निर्णय प्रक्रियाले समय लियो।

सडक विभागका अधिकारीहरूले पनि ढिलाइलाई एकतर्फी रूपमा व्याख्या गर्न नमिल्ने बताउँदै आएका छन्। हालका आयोजना प्रमुख पोखरेल पनि दुई देशले सञ्चालन गर्ने योजना भएकाले निर्णय प्रक्रिया, छलफल, कागजात आदानप्रदानमा कूटनीतिक विषय पनि जोडिने बताउँदै कसैलाई पनि दोष दिने पक्षमा छैनन्।

एउटा प्रसंगले नेपाल-चीन पूर्वाधार सहकार्यमा परियोजना व्यवस्थापन कति संवेदनशील छ भन्ने देखाउँछ। कोटेश्वर-कलंकी पहिलो खण्ड हस्तान्तरण भएपछि सडकमा जेब्रा क्रसिङ, ट्राफिकबत्ती, सडकबत्ती, पैदलयात्री संरचना र बस बिसौनी पर्याप्त नभएको भन्दै नेपालका सञ्चारमाध्यममा आलोचना भयो। त्यसबेला चिनियाँ पक्ष उक्त आलोचनाबाट असन्तुष्ट भई नेपालका उच्च अधिकारी समक्ष आपत्ति जनाएको थियो। त्यसकै असर दोस्रो चरणको डिजाइन प्रक्रियामा परेको हुन सक्ने सडक विभागका एक अधिकारी बताउँछन्।

दोस्रो चरणको पछिल्लो ढिलाइमा नेपालको प्रशासनिक निर्णय प्रक्रिया पनि जोडिएको छ। चिनियाँ पक्षबाट डिजाइन तयार भएपछि निर्माणमा प्रयोग हुने सामग्री तथा उपकरण आयातमा कर र भन्सार छुटको निर्णय आवश्यक ठानियो।

- चीनको करिब ११ अर्ब रुपैयाँ अनुदानमा बन्ने ८.२ किलोमिटर सडक आठ वर्षदेखि सहमति, सर्वेक्षण, डिजाइन र कार्यान्वयन प्रक्रियामै सीमित।
- मुख्य सडकको प्रतीक्षामा नेपालले आफ्नै बजेटबाट सर्भिस रोड निर्माण गर्दै।

सरकारले बल्ल २४ फेब्रुअरी २०२६ मा निर्माण सामग्री तथा आयातित उपकरणमा कर छुट दिने निर्णय गरेपछि परियोजना कार्यान्वयनको बाटो खुलेको छ।

प्रक्रियासँगै काममा पनि नेपाली पक्षको सुस्तता उस्तै छ। सर्भिस लेनको काम ८० प्रतिशत सकिएको आयोजनाले बताउँदा बाँकी कामको गति सुस्त छ।

महानगरको वडा २६ मा पर्ने बालाजु नजिकका क्षेत्रमा ग्राभेल गरेर काम रोकिएको स्थानीय बताउँछन्। वडा न २६ का वडा सचिव केदार रिमाल यस वडामा पर्ने फिल्डमा अहिले काम नभएको बताउँछन्।

### सम्झौता भयो, निर्माण कहिले ?

लामो समयको प्रतीक्षापछि नेपाल र चीनबीच २९ अप्रिल २०२६ मा दोस्रो चरणका लागि औपचारिक कार्यान्वयन सम्झौता भयो। सम्झौताअनुसार चीनले कलंकीदेखि वसुन्धरासम्मको सडक तथा पुल निर्माणका लागि करिब ११ अर्ब रुपैयाँ अनुदान उपलब्ध गराउनेछ।

सम्झौता भएपछि निर्माण तत्काल सुरु हुने अपेक्षा गरिएको थियो। तर त्यसपछि पनि चिनियाँ पक्षको टेन्डर र निर्माण कम्पनी छनोटको प्रक्रिया बाँकी रह्यो। जुलाईमा भने अन्तिम डिजाइन स्वीकृत भइसकेको र चिनियाँ पक्षले चीनमै टेन्डर प्रक्रिया पूरा गरेर निर्माण अघि बढाउने तयारी गरेको सडक विभागले जनाएको थियो।

### सर्भिस लेन निर्माणमा नेपालको बजेट

मुख्य आठ लेन सडक चीनको अनुदानमा बन्ने भए पनि त्यसलाई काम गर्न मिल्ने बनाउन नेपालले आफ्नै स्रोत खर्च गरिरहेको छ। सडक विभागका अनुसार कलंकीदेखि वसुन्धरासम्म दुवैतर्फ सर्भिस लेन निर्माण नेपाल सरकारकै बजेटबाट भइरहेको छ। स्वयम्भूसम्म सर्भिस लेन निर्माण सम्पन्न भइसकेको छ भने स्वयम्भूदेखि वसुन्धरासम्म चार प्याकेजमा काम भइरहेको छ।

यसको अर्थ मुख्य सडकका लागि चीनको प्रतीक्षा गरिरहँदा नेपालले सहायक सडक र पूर्वाधारका लागि आफ्नै स्रोत परिचालन गरिरहेको छ।

### चीनले निर्माण गर्ने सडक वसुन्धरासम्म मात्रै

चक्रपथको दोस्रो चरणको अर्को महत्त्वपूर्ण पक्ष यसको सीमित दायरा हो। सुरुमा कलंकीदेखि नारायणगोपाल चोक हुँदै धोबीखोलासम्मको लामो खण्ड विस्तार गर्ने योजना थियो। तर वसुन्धरा चोकदेखि नारायणगोपाल चोकतर्फको करिब ६ सय मिटर क्षेत्रमा रहेका घर तथा संरचना हटाउन समस्या भएपछि चिनियाँ पक्षले आफ्नो कामको दायरा घटाएको छ। अहिले चीनले कलंकीदेखि वसुन्धराचोक नजिकसम्ममात्रै सडक विस्तार गर्ने तयारी गरेको छ।

यसको अर्थ चीनले दोस्रो चरण पूरा गरेपछि पनि काठमाडौंको चक्रपथ पूर्ण रूपमा एउटै मापदण्डको आठ लेनको हुने छैन। त्यसैले बाँकी भाग नेपालकै जिम्मेवारीमा पर्नेछ।

नेपाल सरकारले नारायणगोपाल चोकदेखि चप्पल कारखानासम्मको करिब ७ सय मिटर सडक विस्तार अघि बढाएको छ। चप्पल कारखानादेखि धोबीखोला पुलसम्मको करिब एक किलोमिटर खण्डका लागि पनि ठेक्का आह्वान भइसकेको छ। उक्त कामको अनुमानित लागत करिब ५१ करोड रुपैयाँ छ।

# फाइनान्स कम्पनीले बढाए १४४ प्रतिशतले नाफा




**अन्नपूर्ण** | *काठमाडौं*

फाइनान्स कम्पनीहरूको नाफामा उल्लेख्य सुधार देखिएको छ। गत आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म १४ फाइनान्स कम्पनीहरूले समग्रमा १ अर्ब ६४ करोड ३ लाख रुपैयाँ खुद नाफा कमाएका छन्। यो अघिल्लो आर्थिक वर्षको तुलनामा १ सय ४४ दशमलव ६६ प्रतिशतले बढी हो।

अघिल्लो आर्थिक वर्षमा यी कम्पनीहरूको कुल नाफा ६७ करोड ४ लाख रुपैयाँमात्रै थियो। एक वर्षमै नाफा दोब्बरभन्दा बढी बढ्नुमा खुद ब्याज आम्दानीमा भएको वृद्धि तथा अघिल्लो वर्ष घाटामा रहेका केही कम्पनी नाफामा फर्किनुलाई प्रमुख कारणका रूपमा लिन सकिन्छ। तालिकाअनुसार मञ्जुश्री फाइनान्स सबैभन्दा बढी नाफा कमाउने कम्पनी बनेको छ। कम्पनीले चालु आर्थिक वर्षमा ३७ करोड ६३ लाख रुपैयाँ नाफा कमाएको छ। अघिल्लो वर्षको तुलनामा यसको नाफा २० दशमलव ३६ प्रतिशतले बढेको हो। त्यस्तै आईसीएफसी फाइनान्सले २६ करोड ४२ लाख, पोखरा फाइनान्सले २५ करोड ४३ लाख र गुर्खाज फाइनान्सले २१ करोड ९४ लाख रुपैयाँ नाफा कमाएका छन्।

नाफा वृद्धिदरका आधारमा गुडविल फाइनान्स सबैभन्दा अगाडि देखिएको छ। कम्पनीको नाफा अघिल्लो वर्षको ५१ लाख रुपैयाँबाट बढेर चालु वर्षमा १४ करोड १५ लाख रुपैयाँ पुगेको छ। यसैगरी बहुउद्देश्यीय फाइनान्सको नाफा २ सय ७३ दशमलव ६५ प्रतिशत र सेन्ट्रल फाइनान्सको ९६ दशमलव ३७ प्रतिशतले बढेको छ।

अघिल्लो वर्ष घाटामा रहेका बेस्ट फाइनान्स र जानकी फाइनान्स पनि चालु वर्षमा नाफामा फर्किएका छन्। बेस्ट फाइनान्सले अघिल्लो वर्ष १५ करोड ६५ लाख घाटा व्यहोरेकोमा चालु वर्षमा ६ करोड ९८ लाख रुपैयाँ नाफा कमाएको छ। जनकी फाइनान्स पनि अघिल्लो वर्षको २० करोड ७३ लाख रुपैयाँ घाटाबाट सुधार हुँदै चालु वर्षमा ९३ लाख रुपैयाँ नाफामा पुगेको छ।

तर केही कम्पनीको नाफा भने घटेको छ। रिलायन्स फाइनान्सको नाफा २६ दशमलव २७ प्रतिशत र प्रोग्रेसिभ फाइनान्सको ५० दशमलव ७३ प्रतिशतले घटेको छ। नेपाल फाइनान्स भने ६ करोड ९६ लाख रुपैयाँ घाटामा गएको छ।

### खराब कर्जामा चुनौती कायमै

फाइनान्स कम्पनीहरूको नाफा बढे पनि खराब कर्जाको अवस्था भने सबै कम्पनीमा सुधार भएको छैन। जानकी फाइनान्सको खराब कर्जा अनुपात ४८ दशमलव ६१ प्रतिशतबाट बढेर ६१ दशमलव ५५ प्रतिशत पुगेको छ। यो तालिकामा रहेका कम्पनीमध्ये सबैभन्दा उच्च खराब कर्जा अनुपात हो।

नेपाल फाइनान्सको खराब कर्जा पनि ९ दशमलव ७४ प्रतिशतबाट बढेर १३ दशमलव ८३ प्रतिशत पुगेको छ। अर्कोतर्फ आईसीएफसी फाइनान्सको खराब कर्जा १ दशमलव ८४ प्रतिशतबाट घटेर १ दशमलव ५५ प्रतिशत तथा गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको ६ दशमलव १६ प्रतिशतबाट घटेर ५ दशमलव २० प्रतिशतमा आएको छ।

समग्रमा फाइनान्स कम्पनीहरूको नाफा र ब्याज आम्दानीमा सुधार देखिए पनि केही कम्पनीमा बढ्दो खराब कर्जाले जोखिम कायमै रहेको देखाएको छ।

### अधिकांशको छैन लाभांश दिने क्षमता

फाइनान्स कम्पनीहरूले खुद नाफामा उल्लेख्य सुधार गरे पनि वितरणयोग्य मुनाफा अर्थात् लाभांश क्षमता भने अधिकांशको ऋणात्मक देखिएको छ। गत आवको वित्तीय विवरणअनुसार आठ कम्पनीको लाभांश क्षमता ऋणात्मक छ, अर्थात् उक्त कम्पनीहरूले गत आवको मुनाफाबाट यस वर्षका लागि लगानीकर्तालाई कुनै खालको लाभांश बाँड्न सक्दैनन्।

बाँकी पाँच कम्पनीको लाभांश क्षमता धनात्मक देखिए पनि गुह्येश्वरी मर्चेन्ट बैंक एन्ड फाइनान्सको भने जम्मा ०.९९ प्रतिशतमात्रै छ। सबैभन्दा बढी लाभांश क्षमता भने मञ्जुश्री फाइनान्सको ३१.१३ प्रतिशत रहेको छ।

# इलेक्ट्रिक एन्ड इलेक्ट्रोनिक्स सामग्रीको अन्तर्राष्ट्रिय प्रदर्शनी भदौ १९ देखि

5th NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO 2026

4th Edition Nepal Consumer Electronics & Home Appliances expo

**काठमाडौं** (अन्नपूर्ण) : मिडिया स्पेस सोलुसन्स, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया र फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्को संयुक्त आयोजनामा नेपाल इलेक्ट्रिक, पावर, लाइट तथा नेपाल कन्ज्युमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेस अन्तर्राष्ट्रिय प्रदर्शनी हुने भएको छ। प्रदशनी आगामी भदौ १९ देखि २१ गतेसम्म काठमाडौंस्थित भृकुटीमण्डप प्रदर्शनी हलमा आयोजना हुने भएको हो।

नेपालको विद्युत्, ऊर्जा, उपभोक्ता इलेक्ट्रोनिक्स तथा होम अप्लायन्सेस क्षेत्रलाई अन्तर्राष्ट्रिय व्यावसायिक मञ्चसँग जोड्ने उद्देश्यले आयोजना हुन लागेको यस प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी एक सयभन्दा बढी कम्पनीहरूको स्टल रहनेछन्। प्रदर्शनीले उद्योग, व्यापार तथा प्रविधिबीच सहकार्य अभिवृद्धि गर्दै यस क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। नेपालमा बढ्दो जलविद्युत् उत्पादनको प्रभावकारी उपयोग, ऊर्जा दक्षताको प्रवर्द्धन तथा विद्युतीय पूर्वाधारको विकासलाई थप व्यवस्थित बनाउन प्रदर्शनीले विशेष भूमिका खेल्ने विश्वास आयोजकको रहेको छ। साथै ऊर्जा तथा विद्युतीय व्यवसायसँग सम्बन्धित नवीनतम प्रविधि, उत्पादन तथा सेवाहरूको प्रदर्शनमार्फत उद्योगी, व्यवसायी, उत्पादक, आयातकर्ता, वितरक तथा सेवा प्रदायकबीच व्यावसायिक अवसर सिर्जना गर्नेछ।

प्रदर्शनीले उद्योगी, व्यवसायी, उद्यमी, उत्पादक, वितरक तथा सम्बन्धित सरोकारवालाहरूलाई एउटै व्यावसायिक प्लेटफर्ममा ल्याउनेछ। यस प्रदर्शनीमा सहयोगी संस्थाको भुमिकामा नेपाल चेम्बर अफ कमर्स, नेपाल इन्जिनियर्स एसोसिएसन, सोसाइटी अफ कन्सल्टिङ आर्किटेक्चरल एन्ड इन्जिनियरिङ फर्मस्, सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्स नेपाल (सिन) तथा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) रहेका छन्।

# रोयल इन्फिल्डको आयो क्लासिक ३५० गोरखा एडिसन



**काठमाडौं** (अन्नपूर्ण) : गोरखा समुदायको साहस, दृढता र अदम्य भावनाबाट प्रेरित रोयल इन्फिल्डको क्लासिक ३५० गोरखा एडिसन नेपालमा सार्वजनिक भएको छ। यो संस्करणले नेपालको पहिचानसँग गहिरो रूपमा जोडिएको गौरवपूर्ण गोरखा विरासतलाई सम्मान गर्ने कम्पनीले जनाएको छ।

नेपालको समृद्ध गोरखा परम्पराबाट प्रेरित यस विशेष संस्करणमा आकर्षक गोरखा ग्रिन रङसँगै ऐतिहासिक क्रस खुकुरीको विशेष चिह्न राखिएको छ। यसमा सहज राइडिङ अनुभवका लागि असिस्ट एन्ड स्लिपर क्लच पनि उपलब्ध छ। मोटरसाइकलसँगै गोरखा कलेक्सन पनि सार्वजनिक गरिएको छ। यस कलेक्सनमा प्रिमियम राइडिङ गियर, अपारेल तथा विभिन्न एसेसरिज् समावेश छन्। रोयल इन्फिल्डका चिफ कमर्सियल अफिसर यादविन्दर सिंह गुलेरियाले क्लासिक ३५० नेपालका राइडरहरू माझ लामो समयदेखि लोकप्रिय रहेको बताए।

नेपालका लागि रोयल इन्फिल्डका वितरक अल्फा अटोमोटिभका प्रबन्ध निर्देशक हर्षवर्धन संघाईले क्लासिक ३५० ले नेपाली मोटरसाइकल पारखी माझ विशेष स्थान बनाइसकेको बताए। गोरखा एडिसन नेपालको पहिचानसँग जोडिएको इतिहास र मूल्यलाई नयाँ ढंगले प्रस्तुत गर्ने प्रयास भएको उनको भनाइ छ। क्लासिक ३५० गोरखा एडिसनमा क्लासिक सिरिजकै परिचित अपराइट राइडिङ पोस्चर, डिजाइन र जे-सिरिज इन्जिन दिइएको छ।

# १८औं नाडा अटो शोको तयारी पूरा

HP LUBRICANTS PRESENTS 18th NADA AUTOSHOW 2026 THE GOLDEN JUBILEE EDITION

**काठमाडौं** (अन्नपूर्ण) : अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले स्थापनाको ५० औं वार्षिकोत्सव (स्वर्ण जयन्ती) मनाइरहेको छ।

स्वर्ण जयन्ती माउने क्रममा 'उद्योगदेखि रोजगारसम्म' भन्ने मूल नाराका साथ 'नाडा अटो शो' को १८ औं संस्करण आगामी मंगलबारबाट काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ।

नेपालमा सवारीसाधनको आयात बढेसँगै व्यवसायीहरूले हक र हितको लागि काम गर्ने एक मञ्चको आवश्यकता महसुस गरे र व्यवसायी तोलाराम दुगडको अध्यक्षतामा २०३२ सालमा अटोमोबाइल एसोसिएसन अफ नेपालको स्थापना भयो। आव ०६१/६२ मा आइपुग्दा यो संस्थाको नाम नेपाल अटोमोबाइल्स डिलर एसोसिएसन (नाडा) भयो। त्यस्तै, २०७२ सालमा संस्थाले नाम पुन: परिवर्तन गरी नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल राखेको हो। नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेती नाडाको ५० वर्षको सबैभन्दा ठूलो उपलब्धि गाडी बेच्ने व्यवसायीहरूको संगठनलाई नेपालकै अटोमोबाइल उद्योगको प्रतिनिधित्व गर्ने, सरकारसँग नीति संवाद गर्ने, बजार र प्रविधि प्रदर्शन गर्ने, सीप विकास गर्ने तथा अन्तर्राष्ट्रिय उद्योगसँग जोड्ने संस्थागत प्लेटफर्ममा रूपान्तरण गर्न सक्नु रहेको बताउँछन्।

प्रत्येक दुई वर्षमा हुने 'नाडा अटो शो' मा ग्राहकको आकर्षण बढेसँगै सन् २०१० देखि प्रत्येक वर्ष नेपालीहरूको ठूला चाडपर्वलाई लक्षित गरी प्रत्येक वर्ष आयोजना गर्न थालिएको हो। यसपटक प्रत्येक वर्ष हुने नाडा अटो शोको १८औं संस्करण भदौ ९ गतेबाट सुरु हुँदैछ। यस वर्षको प्रदर्शनीमा विद्युतीय सवारीसाधन (ईभी) लाई विशेष प्राथमिकता दिइएको छ।

भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने प्रदर्शनीमा दुई सयभन्दा बढी स्टल रहनेछन्। यस अटो शोमा २३ ब्रान्डका प्यासेन्जर कार, १७ ब्रान्डका लाइट कमर्सियल भेइकल, १३ ब्रान्डका दुईपाङ्ग्रे सवारीसाधन, ७० वटा अटोमोबाइल पार्टपुर्जा तथा उत्पादनका स्टल र १० वित्तीय तथा बिमा संस्थाको सहभागिता रहनेछ।

## सार्वजनिक सूचना !!

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८ (२०) को उपदफा २ अनुसार इटहरी उपमहानगरपालिका वडा नं. ९ दिपेन्द्र चोक स्थित यस Green Peace Lincoln College प्रा.लि. ले निर्देशिकामा भएको व्यवस्था बमोजिम साबिकको कलेज/संस्थाको नाम Green Peace Lincoln College प्रा.लि बाट परिवर्तन गरी International School of Management and Technology Itahari प्रा.लि गर्ने भएकोले यसमा कोही कसैको दाबी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा तथा तथा खेलकुद मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा Green Peace Lincoln College प्रा.लि वा info@ismt.edu.np मा उजुरी तथा दाबी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अन्नपूर्ण विज्ञापन पाटी

## सामान हराएको सुचना

मिति २०८३/०५/०२ गते काठमाण्डौ जिल्ला, दहचोकबाट सतुंगल आउने क्रममा मेरो झोला सहित महत्वपूर्ण कागजपत्रहरु हराएको हुँदा पाउँनुहुने महानुभावहरुले तल दिईएको सम्पर्क नम्बरमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सामानको विवरण:**
डिस्चार्ज बुक, पेन्सन बुक, पिपि ओ २ कपी, नेपाली नागरिक प्रमाण पत्र, नेपाली लाईसेन्स, भारतिय लाईसेन्स, नेपाली ATM, भारतिय ATM, आधार कार्ड, प्यान कार्ड, ई सिएम ID/Canteen कार्ड, पासबुक, चेकबुक, मोबाईल २ थान।

**Unit Address:**
No: 5848844K
Rank: NB/Sub MACP (Retd)
Name: Krishna Dhoj Adhikari Cheetri
Unit : 1/9 Gorkha Rifle C/056Apo
Contact No : 9860452523 NEPAL
7093191020 INDIA

DO ADVERTISEMENT
PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801047935

# 'कहिले सुरक्षित हुन्छन् हाम्रा छोरी ?'

## गरिमाको न्यायका लागि माइतीघरमा प्रदर्शन

**निमा योञ्जन** | *काठमाडौं*




तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या गरिएको घटनामा संलग्नलाई कडा कारबाहीको माग गर्दै काठमाडौंकेन्द्रित आन्दोलन सुरु भएको छ। माइतीघरमा बिहीबार गरिमाका लागि न्याय खोज्दै सडकमा आमाहरू नै उत्रिए।

काठमाडौंमा बस्दै आएकी जनकपुरकी नीलमकुमारी महतोले महिला तथा बालिकामाथि हुने यौन हिंसा र हत्याका घटनामा विद्यमान कानुनी व्यवस्थाप्रति असन्तुष्टि जनाएकी छन्। यस्ता जघन्य अपराधमा आजीवन कारावासमात्र पर्याप्त नहुने भन्दै उनले फाँसीको सजाय व्यवस्था गर्न माग गरिन्।

'धेरै भइसक्यो, हामीले भोगेको। अब हामीलाई ज्यानको बदला ज्यान नै चाहिन्छ। ज्यानको बदला १० लाख होइन, अब ज्यान नै चाहिन्छ,' उनले भनिन्, 'सरकारले फाँसी दिन सक्दैन भने बलात्कारका आरोपीलाई हाम्रो जिम्मा लगाइयोस्, हामी आफैं न्याय गर्छौं।'

कठोर सजायको व्यवस्था नभएसम्म यस्ता घटना दोहोरिइरहने उनको आक्रोश छ। गाउँघरमा हुने यौन हिंसा सामाजिक लाज र दबाबका कारण बाहिर आउन नसकेको उनले बताइन्। 'क, ख पनि राम्ररी नजान्ने तीन वर्षकी बालिकाले यस्तो पीडा भोग्नुपर्दा त्यो पीडा कसले सुनिदिने ?' उनले प्रश्न गरिन्। प्रदर्शनमा सहभागी यासमी बेगम सहेबले पनि कडा सजाय नहुँदा घटना दोहोरिएको बताइन्। 'जब देशको कानुन फितलो हुन्छ, यस्ता अपराधीहरूले हिंसाको माहोल सिर्जना गर्छन्,' उनले भनिन्। गरिमा घटनापछि आफू असुरक्षित महसुस गरेको उनले बताइन्। 'तीन वर्षकी बालिकाको हत्या भयो भने न म सुरक्षित छु, न मेरी छोरी सुरक्षित छिन्, न मेरो घरका आमा, दिदी, बहिनी सुरक्षित छन्, न हाम्रो हजुरआमा नै सुरक्षित हुनुहुन्छ,' उनले भनिन्।

निर्मला पन्तको घटनामा लामो समय बितिसक्दा पनि न्याय हुन नसकेको उल्लेख गर्दै उनले गरिमा चौधरीको घटनालाई न्यायका लागि निर्णायक मोड बनाउनुपर्ने बताइन्।

प्रदर्शनकारी नियन्ता पौडेलले बलात्कारजस्तो अपराधमा कठोर सजाय आवश्यक रहेको बताइन्। 'नेपाल सरकारले फाँसीकै सजाय दिनुपर्छ। यदि फाँसी दिएन भने दुई-तीन वर्ष जेल बसेर निस्किएपछि फेरि अरूलाई पनि त्यस्तै गर्न सक्छ,' उनले भनिन्। प्रदर्शनमा सहभागी सोहन भुजेलले कडा सजायले भविष्यमा यस्ता अपराध गर्ने सोच राख्नेहरूलाई निरुत्साहित गर्ने बताए। निर्मला पन्तको घटना भएको आठ वर्ष भइसक्दा पनि पीडितले न्याय नपाएको उनले बताए।

जेन–जी प्रतिनिधिको रूपमा गृहमन्त्री सुधन गुरुङतर्फ प्रश्न गर्दै उनले भने, 'अझै हाम्रा देशका महिलाहरूले कति भोग्नुपर्ने हो ? के हाम्रो देशमा महिला र बालबालिका सुरक्षित छन् ?'

### न्यायको माग गर्दै पाल्पामा पनि प्रदर्शन

**कृष्ण पोखरेल** | *तानसेन*

जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १ दसधुरेकी ३ वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा न्यायको माग गर्दै पाल्पामा विरोध प्रदर्शन भएको छ। स्थानीय महिला, अधिकारकर्मी, नागरिक समाज, विभिन्न राजनीतिक दलका नेताहरू तथा जनप्रतिनिधिहरूको सहभागितामा उक्त विरोध कार्यक्रम सम्पन्न भएको हो। प्रदर्शनकारीहरूले 'छिटो न्याय चाहियो' लगायतका नारा लेखिएका प्लेकार्डसहित जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका थिए।

धर्ना कार्यक्रमका सहभागीहरूले न्याय ढिलो होइन, छिटो र प्रभावकारी रूपमा उपलब्ध गराइओस् ,अपराधीमाथि कानुन कठोर बनोस् र कमजोर कानुन संशोधन गर, बालिका तथा महिलाको सुरक्षाको ग्यारेन्टी गर, पीडितलाई न्याय र दोषीलाई कडा सजाय देउ , हत्या र बलात्कार जस्ता जघन्य अपराधको शीघ्र अनुसन्धान गरी कडा कारबाही होस्, दबाब, प्रभाव वा पहुँचका आधारमा अनुसन्धानलाई प्रभावित पार्न खोज्ने व्यक्तिमाथि पनि कानुनी कारबाही चलाउनु पर्ने लगायतका मागहरू उनीहरूले अघि सारेका छन् ।

महिला तथा बालिकामाथि हिंसा, बलात्कार र हत्याका घटनाहरू बढ्दै गएकाले कडा कानुन र सजायबिना सुधार नहुने धारणा सहभागीहरूले व्यक्त गरे। राज्यका निकायहरूले सत्य र निष्पक्ष भई अनुसन्धान गर्दै पीडितलाई न्याय दिनुपर्नेमा उनीहरूले जोड दिए। धर्नामा सहभागीहरूले जिल्ला प्रशासन कार्यालयबाट मखनटोल, शीतलपाटी हुँदै पुन: जिल्ला प्रशासन कार्यालयसम्म विरोध र्‍याली निकालेका थिए।

प्रहरीले घटनामा संलग्न रहेको आरोपमा १६ र २४ वर्षका दुई जना युवालाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ। साउन ३१ गते बिहान साढे ११ बजेदेखि हराइरहेकी बालिका चौधरीको शव तीन दिनपछि घरनजिकै वीरबहादुर रोकाको घरमा दुर्गन्धित अवस्थामा भेटिएको थियो। प्रहरीको प्रारम्भिक अनुसन्धान र बयानका क्रममा पक्राउ परेका १६ वर्षीय किशोरले बलात्कारपछि हत्या गरेको स्वीकार गरिसकेको प्रहरीले जनाएको छ।



नेपाली भाषा खस भाषाको उद्गमस्थल जुम्लाको हाट सिँजा। सिँजामा पहिलोपटक नेपाल टेलिकमको फोर–जी सेवा सञ्चालनमा आएको छ। कनकासुन्दरी गाउँपालिकाअन्तर्गत गुठीज्युला बजार क्षेत्रमा शुक्रबारदेखि फोर–जी सेवा सुरु भएको हो। ● सूचना तथा सञ्चार मन्त्रालय

# प्रधानमन्त्री माछापुच्छ्रेमा






**पोखरा** (अन्नपूर्ण) : प्रधानमन्त्री बालेन शाह शुक्रबार स्थलमार्ग हुँदै कास्कीको माछापुच्छ्रे गाउँपालिका–६ अस्तामस्थित अन्नपूर्ण इको भिलेजमा आइपुगेका छन्। प्रधानमन्त्री शाह बस्ने इको भिलेज अरू पर्यटकका लागि बुकिङ नलिएका इको भिलेज स्रोतले बताएको छ।

ग्रामीण परिवेशमा रहेको अन्नपूर्ण इको भिलेजबाट मौसम खुल्दा अन्नपूर्ण हिमशृंखला र पोखराको हेम्जा बजारको दृश्य देखिन्छ। प्रधानमन्त्री शाह अस्तामस्थित अन्नपूर्ण इको भिलेज पुगिसकेको सुरक्षा निकालयले पुष्टि गरेका छन्। निजी भ्रमणमा पोखरा आएका शाह शनिबार मुस्ताङ जाने कार्यक्रम रहेको बताइएको छ। सडक मार्ग हुँदै पोखरा आएका शाह पोखराबाट हेलिकप्टरमा मुस्ताङ जाने गरी तयारी भएको बताइएको छ।

प्रधानमन्त्रीको निजी भ्रमण भएकोले सुरक्षा निकायले समेत भ्रमणका बारेमा जानकारी नभएको बताएका थिए। पोखरा आइपुगेपछि भने सुरक्षा निकायले प्रधानमन्त्री आएको जानकारी गराएका बताएका थिए।

# सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्दै सरकार

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्ने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा भदौ ३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३ अनुसार यस्तो केन्द्र स्थापना गर्न लागिएको हो।

सार्वजनिक निकायमा प्रयोग हुने सफ्टवेयरको विकास, स्तरोन्नति तथा आवश्यक मर्मत सम्भार गरी सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन केन्द्र स्थापनाको तयारी भइरहेको छ।

समितिले केन्द्रको नीति तथा कार्यक्रम निर्धारण, आवश्यक मार्गदर्शन तथा समन्वय गर्नेछ। साथै केन्द्रबाट सञ्चालन हुने सफ्टवेयर विकास, स्तरोन्नति तथा मर्मतसम्भारसम्बन्धी कामको सुपररिवेक्षण गर्ने जिम्मेवारी पनि समितिको हुनेछ।

यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका शासकीय मामिला हेर्ने सचिवको अध्यक्षतामा ६ सदस्यीय समिति गठन गरिएको छ। केन्द्रको प्रशासकीय प्रमुखका रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था गरिएको छ। केन्द्रमा विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीसहित कूल ३० जना कर्मचारी रहनेछन्।

केन्द्रको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। केन्द्रले सार्वजनिक निकायबाट माग भएबमोजिम सफ्टवेयर विकास, स्तरोन्नति र मर्मत सम्भारसम्बन्धी काम गर्ने, केन्द्र आफैंले निर्माण गरेका सफ्टवेयर प्रणाली वा सार्वजनिक निकायबाट माग भइ आएका विभिन्न लिगेसी सफ्टवेयर प्रणालीको स्तरोन्नति र मर्मत सम्भारसम्बन्धी काम गर्ने व्यवस्था आदेशमा उल्लेख छ।

त्यसैगरी, केन्द्रबाट विकास गरिएका विभिन्न सफ्टवेयर प्रणालीहरूका लागि चौबिसै घण्टा प्राविधिक सहायता उपलब्ध गराउने, सूचना प्रविधि प्रणालीको सफ्टवेयर रिक्वायरमेन्ट स्पेसिफिकेसन (एसआरएस) तथा डिजिटल पूर्वाधारको प्राविधिक स्पेसिफिकेसन तयार गर्न सेवा उपलब्ध गराउने, सफ्टवेयर विकासको क्रममा आवश्यक सुरक्षा मापदण्डलगायत असल अभ्यासको अनुसरण गर्ने काम केन्द्रले गर्नेछ।

त्यस्तै, केन्द्रले सफ्टवेयर विकास, मर्मत सम्भार र स्तरोन्नतिको क्रममा डाटाको सुरक्षित होस्टिङ, प्रशोधन, ब्याकअप, पहुँच नियन्त्रण तथा प्राविधिक संरक्षणको उचित व्यवस्थापन गर्नुपर्ने आदेशमा उल्लेख छ।

GORKHA BREWERY

**सार्वजनिक सूचना**

मिति २०८३/०५/०६ गतेदेखि नेपाल भरी लागू हुने गरी यस कम्पनीको देहाय बमोजिमको उत्पादनको निम्नानुसार मूल्य निर्धारण गरेको व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ।

| विवरण | गोर्खा Extra स्ट्रङ्ग बोटल (२४X३३० मि.लि.) |
|---|---|
| डिलर मूल्य (प्रति कार्टुन) | ४,२००.६५ |
| डिलर कमिसन (प्रति कार्टुन) | १३२.७४ |
| थोक बिक्रेता मूल्य (प्रति कार्टुन) | ४,३३३.३९ |
| थोक बिक्रेता कमिसन (प्रति कार्टुन) | १३०.०० |
| खुद्रा बिक्रेता मूल्य (प्रति कार्टुन) | ४,४६३.३९ |
| खुद्रा बिक्रेता कमिसन (प्रति कार्टुन) | ४५६.६१ |
| अधिकतम उपभोक्ता मूल्य (प्रति कार्टुन) | ४,९२०.०० |
| अधिकतम उपभोक्ता मूल्य (प्रति बोटल) | २०५.०० |

नोटः उपरोक्त निर्धारित बिक्री मूल्यहरुमा डिलर मूल्यदेखि खुद्रा बिक्रेता मूल्यसम्म मूल्य अभिवृद्धि करको दायित्व समेत समावेश गरिएको छ।

**गोर्खा ब्रुअरी प्रा. लि.**
पो.ब.नं.: ४१४०, हात्तिसार, काठमाडौं।

# वर्षौंदेखिको प्यास मेटिएपछि स्थानीय हर्षित

**अन्नपूर्ण** | *अर्घाखाँची*

अर्घाखाँचीको शीतगंगा नगरपालिका-८ लाहापेका ३ सय घरधुरीमा खानेपानीका धारा जडान भएपछि स्थानीयवासी हर्षित भएका छन्। लामो समयदेखि खानेपानीको समस्या भोल्दै आएका स्थानीयका घरघरमै धारा पुगेपछि दैनिक जीवनयापन सहज हुने भएको हो।

लाहापे क्षेत्रमा खानेपानीको सहज पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको लाहापे डिप बोरिङ खानेपानी आयोजनाअन्तर्गत ३ सय घरधुरीमा खानेपानीका धारा जडान गरिएको हो। घरमै धारा आएपछि पानीका लागि टाढाटाढा धाउनुपर्ने बाध्यता अन्त्य हुने भन्दै स्थानीयले खुसी व्यक्त गरेका छन्।



लाहापेका ३ सय घरधुरीमा खानेपानीका धारा जडान

यसअघि लाहापे क्षेत्रका बासिन्दाले खानेपानीका लागि प्राकृतिक मुहान, कुवा तथा अन्य परम्परागत स्रोतमा निर्भर हुनुपर्ने अवस्था थियो। विशेषगरी सुक्खा मौसममा पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई खानेपानीको जोहो गर्न निकै कठिन हुने गरेको थियो। घरायसी प्रयोजनदेखि पशुचौपाया तथा सरसफाइका लागि समेत पर्याप्त पानी नहुँदा स्थानीयले समस्या भोग्दै आएका थिए।

खानेपानी आयोजना सञ्चालन भएपछि भने स्थानीयको वर्षौंदेखिको समस्या समाधान हुने अपेक्षा गरिएको छ। घरघरमा धारा जडान भएपछि पानी लिनका लागि घण्टौं समय खर्च गर्नुपर्ने अवस्था हट्ने र बचत भएको समय अन्य उत्पादनमूलक काममा लगाउन सकिने स्थानीयको भनाइ छ।

लुम्बिनी प्रदेश सरकारअन्तर्गत रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय अर्घाखाँचीको १ करोड ६३ लाख रुपैयाँ लागतमा लाहापे क्षेत्रमा खानेपानी आयोजना सञ्चालन गरिएको कार्यालयका प्रमुख राम भरोस यादवले जानकारी दिए। उनका अनुसार लाहापे क्षेत्रका बासिन्दालाई स्वच्छ तथा सुरक्षित खानेपानीमा सहज पहुँच पुर्‍याउने उद्देश्यले आयोजना निर्माण गरिएको हो। खानेपानीको पहुँच विस्तारसँगै स्थानीयको जीवनस्तर सुधार गर्न आयोजनाले महत्त्वपूर्ण योगदान पुर्‍याउने उनको भनाइ छ।

'लाहापे क्षेत्रका स्थानीयलाई खानेपानीको सहज पहुँच पुर्‍याउने उद्देश्यले आयोजना सञ्चालन गरिएको हो। अहिले ३ सय घरधुरीमा धारा जडान भएको छ,' कार्यालय प्रमुख यादवले भने।

ANNAPURNA MEDIA NETWORK
समस्यामा राहत
यहाँहरुको पारिवारिक तथा व्यक्तिगत जीवनमा आइपर्ने समस्या जसमा सूचना प्रकाशन/प्रसारण गर्नुपर्ने अवस्थामा अन्नपूर्ण मिडिया नेटवर्कको राहत सहित विशेष छुट योजना
राहत सहित विशेष छुट योजना
विशेष योजनाका सेवाहरू
मानिस हराएको
कागजात हराएको
सवारी साधन हराएको
समवेदना/श्रद्धाञ्जली
थप जानकारीका लागि :
९८०११११२६६/९८५१०४१७३९/९८०१०४७९३५

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : बालकृष्ण बस्नेत